# चम्पादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

ओखलढुंगा, कोशी प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०८२/८३-२०८४/८५)

# अन्तिम प्रतिवेदन
# २०८२

# विषयसूची


परिच्छेद - १: परिचय १

१.१ पृष्ठभूमि १

१.२ अवधारणा तथा उद्देश्य १

१.३ कानूनी तथा संस्थागत व्यवस्था २

१.३.१ संस्थागत व्यवस्था ३

१.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ३

१.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल ३

१.३.४ विषयगत योजना तर्जुमा समितिहरू ३

१.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति ४

१.४ तर्जुमा प्रक्रिया ४

१.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण ४

परिच्छेद - २: मध्यमकालीन खर्च संरचना ६

२.१ पृष्ठभूमि ६

२.२ सोच, उद्देश्य तथा रणनीति ६

२.३ मध्यमकालीन आर्थिक खाका ७

२.४ मध्यमकालीन नतिजा खाका ७

२.५ मध्यमकालीन बजेट खाका १०

२.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट १२

२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण १२

२.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १३

२.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १३

२.६.४ लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५

२.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५

२.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६

परिच्छेद - ३: आर्थिक क्षेत्र १७

३.१ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी १७

३.१.१ पृष्ठभूमि १७

३.१.२ समस्या तथा चुनौती १७

३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १७

३.१.४ रणनीति १८

३.२ पशुपंक्षी विकास तथा मत्स्यपालन १८

३.२.१ पृष्ठभूमि १८

३.३.२ समस्या तथा चुनौती १८

३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १८

३.३.४ रणनीति १९

३.३.५ कार्यक्रमको संक्षिप्त विवरण १९

३.३.६ जोखिम पक्ष तथा अनुमान २०

**३.२ उद्योग, वाणिज्य, खानी, खनिज, तथा आपूर्ति** **२०**
३.२.१ पृष्ठभूमि २०
३.२.२ समस्या तथा चुनौती २१
३.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य २१
३.२.४ रणनीति २१
३.२.५ कार्यक्रमको संक्षिप्त विवरण २१
३.२.६ जोखिम पक्ष तथा अनुमान २२
**३.३ पर्यटन तथा संस्कृति** **२३**
३.३.१ पृष्ठभूमि २३
३.३.२ समस्या तथा चुनौती २३
३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य २३
३.३.४ रणनीति २४
३.३.५ कार्यक्रमको संक्षिप्त विवरण २४
३.३.६ जोखिम पक्ष तथा अनुमान २५
**३.४ सहकारी** **२५**
३.४.१ पृष्ठभूमि २५
३.४.२ समस्या तथा चुनौती २५
३.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य २५
३.४.४ रणनीति २६
३.४.५ कार्यक्रमको संक्षिप्त विवरण २६
३.४.६ जोखिम पक्ष तथा अनुमान २७
**३.५ गरिबी निवारण** **२७**
३.५.१ पृष्ठभूमि २७
३.५.२ समस्या तथा चुनौती २७
३.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य २७
३.५.४ रणनीति २७
३.५.५ कार्यक्रमको संक्षिप्त विवरण २८
३.५.६ जोखिम पक्ष तथा अनुमान २८
**परिच्छेद - ४: सामाजिक क्षेत्र** **३४**
**४.१ शिक्षा, विज्ञान तथा प्रविधि** **३४**
४.१.१ पृष्ठभूमि ३४
४.१.२ समस्या तथा चुनौती ३४
४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३४
४.१.४ रणनीति ३४
४.१.५ कार्यक्रमको संक्षिप्त विवरण ३५
४.१.६ जोखिम पक्ष तथा अनुमान ३६
**४.२ स्वास्थ्य** **३६**
४.२.१ पृष्ठभूमी ३६
४.२.२ समस्या तथा चुनौती ३७
४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ३७

४.२.४ रणनीति ३७
४.२.५ कार्यक्रमको संक्षिप्त विवरण ३७
४.२.६ जोखिम पक्ष तथा अनुमान ३८
**४.३ संस्कृति, भाषा, कला तथा साहित्य ३९**
४.३.१ पृष्ठभूमि ३९
४.३.२ समस्या तथा चुनौती ३९
४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ३९
४.३.४ रणनीति ४०
४.३.५ कार्यक्रमको संक्षिप्त विवरण ४०
४.३.६ जोखिम पक्ष तथा अनुमान ४०
**४.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण ४१**
४.४.१ पृष्ठभूमि ४१
४.४.२ समस्या तथा चुनौती ४१
४.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४१
४.४.४ रणनीति ४२
४.४.५ कार्यक्रमको संक्षिप्त विवरण ४२
४.४.६ जोखिम पक्ष तथा अनुमान ४३
**४.५ बालबालिका ४३**
४.५.१ पृष्ठभूमि ४३
४.५.२ समस्या तथा चुनौती ४३
४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४४
४.५.४ रणनीति ४४
४.५.५ कार्यक्रमको संक्षिप्त विवरण ४४
४.५.६ जोखिम पक्ष तथा अनुमान ४५
**४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार ४५**
४.६.१ पृष्ठभूमि ४५
४.६.२ समस्या तथा चुनौती ४५
४.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४५
४.६.४ रणनीति ४६
४.६.५ कार्यक्रमको संक्षिप्त विवरण ४६
४.६.६ जोखिम पक्ष तथा अुनमान ४७
**४.७ खेलकुद तथा मनोरञ्जन ४७**
४.७.१ पृष्ठभूमि ४७
४.७.२ समस्या तथा चुनौती ४७
४.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४७
४.७.४ रणनीति ४८
४.७.५ कार्यक्रमको संक्षिप्त विवरण ४८
४.७.६ जोखिम पक्ष तथा अनुमान ४८
**४.८ सामाजिक सुरक्षा ४८**
४.८.१ पृष्ठभूमि ४८

४.८.२ समस्या तथा चुनौती ४९
४.८.३ दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य ४९
४.८.४ रणनीति ४९
४.८.५ कार्यक्रमको संक्षिप्त विवरण ४९
४.८.६ जोखिम पक्ष तथा अनुमान ५०
परिच्छेद - ५: पूर्वाधार विकास ५५
**५.१ खानेपानी तथा सरसफाई ५५**
५.१.१ पृष्ठभूमि ५५
५.१.२ समस्या तथा चुनौती ५५
५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५५
५.१.४ रणनीति ५६
५.१.५ कार्यक्रमको संक्षिप्त विवरण ५६
५.१.६ जोखिम पक्ष तथा अनुमान ५७
**५.२ सिँचाई ५७**
५.२.१ पृष्ठभूमि ५७
५.२.२ समस्या तथा चुनौती ५७
५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५७
५.२.४ रणनीति ५८
५.२.५ कार्यक्रमको संक्षिप्त विवरण ५८
५.२.६ जोखिम पक्ष तथा अनुमान ५९
**५.३ ऊर्जा ५९**
५.३.१ पृष्ठभूमि ५९
५.३.२ समस्या तथा चुनौती ५९
५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ५९
५.३.४ रणनीति ६०
५.३.५ कार्यक्रमको संक्षिप्त विवरण ६०
५.३.६ जोखिम पक्ष तथा अनुमान ६१
**५.४ सडक तथा यातायात ६१**
५.४.१ पृष्ठभूमि ६१
५.४.२ समस्या तथा चुनौती ६१
५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६१
५.४.४ रणनीति ६२
५.४.५ कार्यक्रमको संक्षिप्त विवरण ६२
५.४.६ जोखिम पक्ष तथा अनुमान ६३
**५.५ आवास, भवन तथा बस्ती विकास ६३**
५.५.१ पृष्ठभूमी ६३
५.५.२ समस्या तथा चुनौती ६३
५.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६३
५.५.४ रणनीति ६४
५.५.५ कार्यक्रमको संक्षिप्त विवरण ६४

५.५.६ जोखिम पक्ष तथा अनुमान ६५
**५.६ सूचना तथा सञ्चार** **६५**
५.६.१ पृष्ठभूमी ६५
५.६.२ समस्या तथा चुनौती ६५
५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६५
५.६.४ रणनीति ६६
५.६.५ कार्यक्रमको संक्षिप्त विवरण ६६
५.६.६ जोखिम पक्ष तथा अनुमान ६६
**परिच्छेद - ६ : वातावरण तथा विपद् व्यवस्थापन** **६९**
**६.१ व्न तथा भू-संरक्षण** **६९**
६.१.१ पृष्ठभूमी ६९
६.१.२ समस्या तथा चुनौती ६९
६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ६९
६.१.४ रणनीति ६९
६.१.५ कार्यक्रमको संक्षिप्त विवरण ७०
६.१.६ जोखिम पक्ष तथा अनुमान ७०
**६.२ जलाधार व्यवस्थापन** **७१**
६.२.१ प्ष्ठभूमी ७१
६.२.२ समस्या तथा चुनौती ७१
६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७१
६.२.४ रणनीति ७१
६.२.५ कार्यक्रमको संक्षिप्त विवरण ७२
६.२.६ जोखिम पक्ष तथा अनुमान ७२
**६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** **७३**
६.३.१ प्ष्ठभूमी ७३
६.३.२ समस्या तथा चुनौती ७३
६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ७३
६.३.४ रणनीति ७३
६.३.५ कार्यक्रमको विस्तृत विवरण ७४
६.३.६ जोखिम पक्ष तथा अनुमान ७५
**६.४ वातावरण संरक्षण** **७५**
६.४.१ प्ष्ठभूमी ७५
६.४.२ समस्या तथा चुनौती ७५
६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ७५
६.४.४ रणनीति ७६
६.४.५ कार्यक्रमको विस्तृत विवरण ७६
६.४.६ जोखिम पक्ष तथा अनुमान ७६
**परिच्छेद - ७ : संस्थागत विकास सेवा प्रवाह तथा सुशासन** **७९**
**७.१ सुशासन तथा सेवा प्रवाह** **७९**

| | | | |
|---|---|---|---|
| | ७.१.१ | पृष्ठभूमि | ७९ |
| | ७.१.२ | समस्या तथा चुनौती | ७९ |
| | ७.१.३ | दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ७९ |
| | ७.१.४ | रणनीति | ८० |
| | ७.१.५ | कार्यक्रमको संक्षिप्त विवरण | ८० |
| | ७.१.६ | जोखिम पक्ष तथा अनुमान | ८१ |
| **७.२** | **मानव अधिकार तथा सामाजिक न्याय** | | **८१** |
| | ७.२.१ | पृष्ठभूमि | ८१ |
| | ७.२.२ | समस्या तथा चुनौती | ८१ |
| | ७.२.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ८१ |
| | ७.२.४ | रणनीति | ८१ |
| | ७.२.५ | कार्यक्रमको संक्षिप्त विवरण | ८२ |
| | ७.२.६ | जोखिम पक्ष तथा अनुमान | ८२ |
| **७.३** | **तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन** | | **८२** |
| | ७.३.१ | पृष्ठभूमि | ८२ |
| | ७.३.२ | समस्या तथा चुनौती | ८३ |
| | ७.३.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ८३ |
| | ७.३.४ | रणनीति | ८३ |
| | ७.३.५ | कार्यक्रमको संक्षिप्त विवरण | ८३ |
| | ७.३.६ | जोखिम पक्ष तथा अनुमान | ८४ |

# तालिम सूची


**तालिका नं. १:** स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका ७

**तालिका नं. २:** समष्टिगत मध्यमकालीन नतिजा खाका ८

**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण १०

**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण १२

**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १३

**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १३

**तालिका नं. ७:** लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५

**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५

# परिच्छेद - १: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना आवधिक योजना र सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो। मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबिच तादाम्यता कायम गराउने हुँदा यसलाई योजना र बजेटबिचको सेतुको रुपमा समेत परिभाषित गरिन्छ। यसले प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनमा स्रोत विनियोजनको सुनिश्चितता गर्दछ। कार्यान्वयन ईकाइलाई जिम्मेवार र जवाफदेही बनाउने हुँदा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ। सीमित स्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण हुन्छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पूँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ। उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा चम्पादेवी गाउँपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो।

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा चम्पादेवी गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना समेतलाई मध्यनजर गरिएको छ। गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्ग निर्देशक दस्तावेजको रुपमा लिइएको छ।

## १.२ अवधारणा तथा उद्देश्य

सीमित स्रोत र साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना तर्जुमा अत्यन्तै महत्वपूर्ण हुन्छ। यसले स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गर्न मद्दत गर्छ। मध्यमकालीन खर्च संरचना तयार गर्दा स्रोत अनुमानतर्फ आन्तरिक राजश्व, संघीय र प्रादेशिक सरकारबाट विभिन्न शिर्षकमा प्राप्त हुने राजश्व बाँडफाँट र अनुदानको आँकलन गरिएको छ। समष्टिगत स्रोतको आँकलन गरी विषय क्षेत्रगत नीति, कार्यक्रम र प्राथमिकताको आधारमा खर्चको अनुमान सहितको त्रिवर्षीय बजेट खाका समेत निर्माण गरिएको छ। कार्यक्रम/आयोजनालाई नतिजा तथा प्रतिफलमा आधारित बनाउनका लागि मध्यमकालीन नतिजा खाका समेत समावेश गरिएको छ। समष्टिगत आर्थिक स्थायित्व, वित्तीय सुशासन र नतिजामूलक विकास व्यवस्थापन मार्फत विकासको प्रतिफल सबै गाउँपालिकाबासीलाई समतामूलक

तवरले वितरण गर्न सार्वजनिक स्रोतको अनुमान, विनियोजन र कार्यान्वयनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ । यसमा चालु आर्थिक वर्षको यथार्थ विनियोजन र आगामी दुई आर्थिक वर्षको स्रोत अनुमान समावेश गरिएको छ ।

### उद्देश्यहरू

मध्यमकालीन खर्च संरचना तर्जुमाको उद्देश्य आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबिच तादाम्यता कायम गरी सीमित स्रोत साधनको महत्तम उपयोग गर्नु, स्थानीय सरकारको विनियोजन कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन प्रभावकारी बनाउँदै आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम गर्नु हो । यसका अन्य उद्देश्य देहाय अनुसार रहेका छन्:-

१. गाउँपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण आदिको वास्तविक अनुमान सहित यथार्थमा आधारित बजेट खाका तर्जुमा गर्नु ।
२. प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत सुनिश्चित गर्नु ।
३. मध्यावधि मुल्याङ्कनद्वारा कार्यान्वयन कुशलता र नतिजा प्राप्ति उन्मुखताको विश्लेषण गर्नु ।
४. तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्ने सबै निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु ।

## १.३ कानूनी तथा संस्थागत व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । दफा १७ को उपदफा (२) मा मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय अनुसारको विवरण खुलाउनुपर्ने व्यवस्था रहेको छ :

१. प्रस्तावित योजनाको उद्देश्य,
२. योजनाको लागि सम्भाव्यता अध्ययन गर्न र खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,
३. योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछि दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,
४. योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,
५. खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
६. प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँग तादाम्यता,
७. सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको,

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको समेत स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै नगरपालिका तथा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना बनाउनु आवश्यक छ ।

### १.३.१ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबिच तादाम्यता कायम गर्ने औजार भएकाले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ :-

### १.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :-

(क) पालिकाको आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्न,

(ख) प्रक्षेपण गरिएको कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको बजेट सीमा निर्धारण गर्न,

(ग) कार्यक्रम तथा आयोजनाहरु छनौट गरी प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्न,

(घ) बजेट सीमा स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्न,

(ङ) गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्न ।

### १.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल

गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तयारीका लागि देहाय बमोजिमको एक कार्यदल रहन्छ । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाईगत लागत आँकलन, शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयारी तथा समन्वय र सहजीकरण गर्दछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषयगत शाखा प्रमुखहरू - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य सचिव

मध्यमकालीन खर्च संरचना तयारी गर्दा कार्यदलले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

### १.३.४ विषयगत योजना तर्जुमा समितिहरू

गाउँ कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शन भित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुन : प्राथमिकिकरण गरी पेश गर्ने कार्य विषयगत समितिले गर्दछन् । यसका अलावा मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिले देहाय बमोजिमका कार्यहरू सम्पादन गरी मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ ।

१. गाउँपालिकाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्न ।

२. कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरणको आधार तयार गर्न ।

३. प्राथिमकता निर्धारण गरिएका कार्यक्रम तथा आयोजनाहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न ।

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम् प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट, कार्यक्रम तथा आयोजना प्रस्ताव भए नभएको यकिन गर्न ।

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्न ।

(ग) विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रुप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न ।

### १.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालिन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ ।

(क) मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकिन गर्न,

(ख) पालिकाको आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्न,

(ग) गत वर्षहरुको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी पालिकाको आर्थिक खाका तयार गर्न,

(घ) आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिका लगायतका आधारमा तय भएको त्रिवर्षिय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्न,

(ङ) आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्न,

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्न ।

## १.४ तर्जुमा प्रक्रिया

### १.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण

वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिकाको अवलम्बन गरिएको छ :

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमूखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवम् स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५गते भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ ५ गते भित्र | कार्यदल/विषयगत समिति |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेटमा प्रविष्टि | असार मसान्तभित्र | योजना शाखा |

यसैबिच देहायका चरणहरु पुरा गरी चम्पादेवी गाउँपालिका ओखलढुंगाको मध्यमकालिन खर्च संरचना तयारी गरिएको छ ।

**चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा**

**त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आँकलन**

**बजेट सीमा निर्धारण तथा बाँडफाँट**

**बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण**

**विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी**

**विषयगत समितिमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल**

**मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

**मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

# परिच्छेद - २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

स्थानीय सरकारले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिकस्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउँछ। सोह्रौं आवधिक योजना (२०८१/८२-२०८५/८६) तथा तथा **कोशी प्रदेशको आवधिक योजना (२०८१/८२-२०८५/८६)** ले तय गरेका सोचहरु क्रमशः "समृद्ध नेपाल सुखी नेपाली","*स्वच्छ सुखी र समुन्नत प्रदेश* " को सोचलाई यथार्थमा परिणत गराउन चम्पादेवी गाउँपालिकाले **"श्री चम्पादेवी हाम्रो शान "समृद्धिका लागि पूर्वाधार, पर्यटन र कृषि विकास हाम्रो अभियान"** को सोच सहित आवधिक योजना तर्जुमा गरेको छ। त्यसैगरी उपलब्ध स्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) तयार गरिएको छ।

यस गाउँपालिकाले चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्य तथा चम्पादेवी गाउँपालिकाले तर्जुमा गरेको प्रथम आवधिक योजनाको समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धि सूचक निर्माण गरिएको छ। यसैगरी आन्तरिक र बाह्य स्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ। आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकताक्रम, दिगो विकासको लक्ष्य, लैङ्गिक तथा जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

| दीर्घकालीन सोच |
|---|
| श्री चम्पादेवी हाम्रो शान "समृद्धिका लागि पूर्वाधार, पर्यटन र कृषि विकास हाम्रो अभियान" |
| **लक्ष्य** |
| पूर्वाधार, पर्यटन र कृषि विकास मार्फत समृद्ध गाउँपालिका हुने |
| **उद्देश्यहरू** |
| ✓ व्यवसायिक कृषि विकास तथा यथोचित बजारीकरण मार्फत आत्मनिर्भरता र रोजगारी प्रवर्द्धन गर्नु।<br>✓ पूर्वाधार, धार्मिक पर्यटन, र प्राकृतिक एवं सांस्कृतिक विविधताको संरक्षण गरी दिगो विकास गर्नु।<br>✓ गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गर्दै सवल र सक्षम नागरिक तयार गर्नु। |

| प्रमुख रणनीतिहरु |
|---|
| ▪ कृषि विकासमा व्यवसायिकरण तथा बजारीकरण गर्ने। |
| ▪ पूर्वाधार विकास गर्ने। |

| प्रमुख रणनीतिहरु |
|---|
| ▪ सांस्कृतिक तथा जैविक विविधताको संरक्षण गरी दिगो विकास गर्ने । |
| ▪ सवल र सक्षम नागरिक तयार गर्ने । |
| ▪ सुशासनको प्रत्याभूत गर्ने । |
| ▪ गाउँपालिकाले अङगिकार गरेको दीर्घकालीन सोच, आवधिक विकास योजनाले निर्धारण गरेको लक्ष्य र बृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिने ।<br>✓ व्यवसायिक कृषि तथा पशुपंछीपालन<br>✓ उद्यम विकास<br>✓ स्वास्थ्य, शिक्षा<br>✓ समावेशी दिगो पूर्वाधार |

## २.३ मध्यमकालीन आर्थिक खाका

गाउँपालिका क्षेत्रभित्र उपलब्ध मानवीय, प्राकृतिक, आर्थिक, साँस्कृतिक स्रोतको उच्चतम सदुपयोग मार्फत उत्पादनमूखी व्यवसायिक कृषि, उद्योग र पर्यटनको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने तथा सोको न्यायोचित र समतामूलक वितरण गरी समन्यायिक समाजको निर्माण सहितको आवधिक योजना कार्यान्वयन गर्न आगामी तीन आर्थिक वर्ष निम्नानुसारको स्रोत संकलनको लक्ष्य सहित तयार गरिएका आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १:** स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १. | वार्षिक उत्पादन | रू. लाखमा | | | | | |
| १.१ | कृषि | रू. लाखमा | | | | | |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | | | | | |
| २. | औषत पारिवारिक आय | रू. लाखमा | | | | | |
| ३. | उद्योग, व्यापार र व्यवसाय | संख्या | | | | | |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | | | |

## २.४ मध्यमकालीन नतिजा खाका

संघीय सरकारको सोह्रौं आवधिक योजना, कोशी प्रदेशको पञ्चवर्षीय योजना, गाउँपालिकाको पार्श्वचित्र तथा चम्पादेवी गाउँपालिकाको आवधिक योजना जस्ता आधारभूत र मार्ग निर्देशक दस्तावेजलाई आधार

मानी गाउँपालिकाको मध्यमकालीन नतिजा सूचक तयार गरिएको छ। यस अन्तर्गत गत वर्षको वास्तविक उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ।

**तालिका नं. २:** समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | गत आ.व.को वास्तविक उपलब्धी | चालु चा.व.को अनुमानित उपलब्धि | आ.व. २०८२/८३ को लक्ष्य | आ.व. २०८३/८४ को लक्ष्य | आ.व. २०८४/८५ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ३.५* | ३.७ | ३.९ | ४.२ | ४.५ |
| २ | प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १४५६* | १४७६* | १४५८६* | १४९६* | १५०० |
| ३ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३* | १८.३* | १७.५* | १६.०* | १५ |
| ४ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५* | ३९.५* | ४०.५* | ४२.५* | ४३ |
| ५ | बेरोजगारी दर | प्रतिशत | | | | | |
| ६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५* | ३७.५* | ३८.५* | ३९.५* | ४० |
| ७ | विद्युतमा पहुँचप्राप्त परिवार | प्रतिशत | ९६.७* | ९६.९* | ९७.३* | ९७.७* | ९८ |
| ९ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८५* | ८६* | ८७* | ८८* | ८९ |
| १० | इन्टरनेट प्रयोगकर्ता कुल परिवार | प्रतिशत | | | | | |
| ११ | अपेक्षित आयु ( जन्महुँदाको) | वर्ष | ७०.५* | ७०.५* | ७०.७* | ७०.९* | ७१ |
| १२ | मातृ मृत्युदर (प्रतिहजार जीवितजन्ममा) | संख्या | १५०* | १४५* | १४०* | १३५* | १३० |
| १३ | पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिलाख जीवितजन्ममा) | संख्या | ३३* | ३१* | २९* | २७* | २६ |
| १४ | ४ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | | | | | |
| १५ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.३* | ७७.३* | ७८६.३* | ७९.३* | ८० |
| १६ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | | | | | |
| १७ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | | | | | |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | गत आ.व.को वास्तविक उपलब्धी | चालु चा.व.को अनुमानित उपलब्धि | आ.व. २०८२/८३ को लक्ष्य | आ.व. २०८३/८४ को लक्ष्य | आ.व. २०८४/८५ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १८ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको घरधुरी | प्रतिशत | २५.८* | २५.९* | २६.८* | २५.९* | २७ |
| १९ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | ३२* | ३३* | ३५* | ३७* | ४० |
| २० | लैङ्गिक विकास सूचकांक | सूचकांक | ०.८८५* | ०.८८५* | ०.८८६* | ०.८८७* | ०.८८७ |
| २१ | मनव विकास सूचकांक | सूचकांक | ०.६०१* | ०.६०२* | ०.६०३* | ०.६०४* | ०.६०७ |
| २२ | आधारभूतखाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | | | | | |
| २३ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पिडित महिला | प्रतिशत | | | | | |
| २४ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | | | | | |
| २५ | सिंचित क्षेत्रफल | प्रतिशत | | | | | |
| २६ | पक्की सडकमा पहुँच भएको घरपरिवार | प्रतिशत | | | | | |
| २७ | लैङ्गिक असमानता सूचक | सूचकांक | | | | | |

सोह्रौं योजना

## २.५ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको आन्तरिक स्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका स्रोत समेटी गाउँपालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने बजेटलाई तलको तालिका नं ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण

| विवरण | आ.व. २०८०/८१ को यथार्थ | चालुआ.व. २०८१/८२ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ को प्रक्षेपण | ०८३/८४ को प्रक्षेपण | ०८४/८५ को प्रक्षेपण |
| **बजेट अनुमान** | ४६४,८४५,००० | ४५७,२३०,००० | ४९३८०८४०० | ५४३१८९२४० | ५९७५०८१६४ |
| **चालु खर्च** | | | | | |
| **पुँजीगत खर्च** | | | | | |
| **आय अनुमान** | ४६४,८४५,००० | ४५७,२३०,००० | ४९३८०८४०० | ५४३१८९२४० | ५९७५०८१६४ |
| **आन्तरिक आय** | ७०००००० | ५,०००,००० | ५४००००० | ५९४०००० | ६५३४००० |
| **राजस्व बाँडफाँट बाट प्राप्त रकम** | ८४५९०१०० | ८९,६३६,००० | ९६८०६८८० | १०६४८७५६८ | ११७१३६३२४.८ |
| क. नेपाल सरकार | ८१६६५१०० | ८६,७००,००० | ९३६३६००० | १०२९९९६०० | ११३२९९५६० |
| ख. प्रदेश सरकार | २९२५००० | २,९३६,००० | ३१७०८८० | ३४८७९६८ | ३८३६७६४.८ |
| **रोयल्टी बाँडफाँट** | | | ० | ० | ० |
| क. वन रोयल्टी | | | ० | ० | ० |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | २६३,६४८,९०० | ३३९,३३२,००० | ३६६४७८५६० | ४०३१२६४१६ | ४४३४३९०५७.६ |
| क. वित्तीय समानीकरण अनुदान | ८०,३००,००० | ८०,७००,००० | ८७१५६००० | ९५८७१६०० | १०५४५८७६० |
| ख. सशर्त अनुदान | १८३,३४८,९०० | २५८,६३२,००० | २७९३२२५६० | ३०७२५४८१६ | ३३७९८०२९७.६ |
| ग. सशर्त अनुदान | | | ० | ० | ० |

| विवरण | आ.व. २०८०/८१ को यथार्थ | चालुआ.व. २०८१/८२ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ को प्रक्षेपण | ०८३/८४ को प्रक्षेपण | ०८४/८५ को प्रक्षेपण |
| घ. विशेष अनुदान (पुँजीगत) | | | ० | ० | ० |
| ङ. समपुरक अनुदान (पुँजीगत) | | | ० | ० | ० |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | २४,१०६,००० | २३,२६२,००० | २५१२२९६० | २७६३५२५६ | ३०३९८७८१.६ |
| क. वित्तीय समानीकरण अनुदान | ४,८०३,००० | ४,७८९,००० | ५१७२१२० | ५६८९३३२ | ६२५८२६५.२ |
| ख. सशर्त अनुदान (चालु) | | ८,४७३,००० | ९१५०८४० | १००६५९२४ | ११०७२५१६.४ |
| ग. सशर्त अनुदान (पुँजीगत) | ९,३०३,००० | | ० | ० | ० |
| घ. विशेष अनुदान (चालु) | | | ० | ० | ० |
| ङ. समपुरक अनुदान (पुँजीगत) | १०,०००,००० | १०,०००,००० | १०८००००० | ११८८०००० | १३०६८००० |
| च. समपुरक अनुदान (चालु) | | | ० | ० | ० |
| **आन्तरिक ऋण** | | | ० | ० | ० |
| **अन्य अनुदान** | | | ० | ० | ० |
| **सामाजिक सुरक्षा** | ८२००००० | | ० | ० | ० |
| **अन्तर स्थानीय तह साझेदारी रकम** | | | ० | ० | ० |
| **मौज्दात रकम** | ३५००००० | | ० | ० | ० |
| **कुल** | | | ० | ० | ० |
| **बचत (-) न्यून ()** | | | ० | ० | ० |

## २.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | चालु आ.व. २०८०/८१ को यथार्थ | | आगामी आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | | | ६०००००० | ३.३५ | ६४८०००० | ७.३९ | ६९९८४०० | ७.३९ | ७५५८२७२ | ७.३९ |
| २ | सामाजिक विकास | | | १६५८९००० | ९.२६ | १७९१६१२० | २१.३१ | १९३४९४१० | २१.३१ | २०८९७३६२ | २१.३१ |
| ३ | पूर्वाधार विकास | | | ५२९००००० | २९.५३ | ५७१३२००० | ६४.२६ | ६१७०२५६० | ६४.२६ | ६६६३८७६५ | ६४.२६ |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | | | ११५००००० | ६.४२ | १२४२०००० | ३.४६ | १३४१३६०० | ३.४६ | १४४८६६८८ | ३.४६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | | | ९२१३६००० | ५१.४४ | ९९५०६८८० | ३.५८ | १०७४६७४३० | ३.५८ | ११६०६४८२५ | ३.५८ |
| कुल जम्मा | | | | १७९१२५००० | १०० | १९३४५५००० | १००.०० | २०८९३१४०० | १००.०० | २२५६४५९१२ | १००.०० |

नोटः यस खण्डमा संघीय शसर्त अनुदान, प्रदेश शसर्त अनुदान, समपुरक योजना खर्च र सामाजिक सुरक्षा खर्च शिर्षको बजेट समावेश नगरिएको

## २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकिकरण तथा सांकेतिकरणको आधारमा गाउँपालिकाले छनौट गरेका आयोजनाको प्राथकिताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | आयोजना संख्या | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को विनियोजन | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो | | | | | | | | | | | |
| दोस्रो | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | दिगो विकास लक्ष्य | चालु आ.व.२०८०/८१ को यथार्थ | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४७०८१४ | ०.१५ | ५०८४७९ | ०.१५ | ५४९१५७ | ०.१५ | ५९३०९० | ०.१५ | ६४०५३७ | ०.१५ |
| २ | शून्य भोकमरी | ३८८२१ | ०.०१ | ४१९२६ | ०.०१ | ४५२८० | ०.०१ | ४८९०३ | ०.०१ | ५२८१५ | ०.०१ |
| ३ | स्वस्थ जीवन | ३६०२१००० | ११.५६ | ३८९०२६८० | ११.५६ | ४२०१४८९४ | ११.५६ | ४५३७६०८६ | ११.५६ | ४९००६१७३ | ११.५६ |
| ४ | गुणस्तरीय शिक्षा | ६१७६६८०० | १९.८२ | ६६७०८१४४ | १९.८२ | ७२०४४७९६ | १९.८२ | ७७८०८३७९ | १९.८२ | ८४०३३०४९ | १९.८२ |

| संकेत नं. | दिगो विकास लक्ष्य | चालु आ.व.२०८०/८१ को यथार्थ | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ५ | लैङ्गिक समानता | ४४००००० | १.४१ | ४७५२००० | १.४१ | ५१३२१६० | १.४१ | ५५४२७३३ | १.४१ | ५९८६१५१ | १.४१ |
| ६ | स्वच्छ पानी र सरसफाई | ६८७०००० | २.२० | ७४१९६०० | २.२० | ८०१३१६८ | २.२० | ८६५४२२१ | २.२० | ९३४६५५९ | २.२० |
| ७ | दिगो र आधुनिक उर्जामा पहुँच | ९०५०००० | २.९० | ९७७४००० | २.९० | १०५५५९२० | २.९० | ११४००३९४ | २.९० | १२३१२४२५ | २.९० |
| ८ | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | ६०५३३२ | ०.१९ | ६५३७५९ | ०.१९ | ७०६०५९ | ०.१९ | ७६२५४४ | ०.१९ | ८२३५४८ | ०.१९ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ९२६५०२०० | २९.७३ | १०००६२२१६ | २९.७३ | १०८०६७१९३ | २९.७३ | ११६७१२५६९ | २९.७३ | १२६०४९५७४ | २९.७३ |
| १० | असमानता न्यूनीकरण | ३३६२९५५ | १.०८ | ३६३१९९१ | १.०८ | ३९२२५५१ | १.०८ | ४२३६३५५ | १.०८ | ४५७५२६३ | १.०८ |
| ११ | दिगो शहर र बस्तीहरु | १४५५०००० | ४.६७ | १५७१४००० | ४.६७ | १६९७११२० | ४.६७ | १८३२८८१० | ४.६७ | १९७९५११४ | ४.६७ |
| १२ | दिगो उपभोग र उत्पादन | ७४७१२५४३ | २३.९७ | ८०६८९५४६ | २३.९७ | ८७१४४७१० | २३.९७ | ९४११६२८७ | २३.९७ | १०१६४५५९० | २३.९७ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ११५०००० | ०.३७ | १२४२००० | ०.३७ | १३४१३६० | ०.३७ | १४४८६६९ | ०.३७ | १५६४५६२ | ०.३७ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६ | शान्ति, न्याय र सबल संस्था | २९५९४० | ०.०९ | ३१९६१५ | ०.०९ | ३४५१८४ | ०.०९ | ३७२७९९ | ०.०९ | ४०२६२३ | ०.०९ |
| १७ | दिगो विकासका लागि साझेदारी | ५७१७०२४ | १.८३ | ६१७४३८६ | १.८३ | ६६६८३३७ | १.८३ | ७२०१८०४ | १.८३ | ७७७७९४८ | १.८३ |
| | **कुल जम्मा** | ३११६६१४२८ | १०० | ३३६५९४३४३ | १०० | ३६३५२१८९० | १०० | ३९२६०३६४१ | १०० | ४२४०११९३२ | १०० |

## २.६.४ लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट लैङ्गिक समानता कायम गर्न पुऱ्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७:** लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | लैंगिक संकेत | चालु आ.व.२०८०/८१ को यथार्थ | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ५५७८१४०० | १२ | ६०२४३९१२ | १३.१८ | ६५०६३४२५ | १३.१८ | ७०२६८४९९ | १३.१८ | ७५८८९९७९ | १०.१६ |
| २ | अप्रत्यक्ष लाभ | ७९०२३६५० | १७ | ८५३४५५४२ | १८.६७ | ९२१७३१८५ | १८.६७ | ९९५४७०४० | १८.६७ | १०७५१०८०३ | १४.३९ |
| ३ | तटस्थ | ३३००३९९५० | ७१ | ३११६४०५४६ | ६८.१६ | ३३६५७१७९० | ६८.१६ | ३६३४९७५३३ | ६८.१६ | ३९२५७७३३५ | ६०.१० |
| | जम्मा | ४६४८४५००० | १०० | ४५७२३०००० | १००.०० | ४९३८०८४०० | १०० | ५३३३१३०७२ | १०० | ५७५९७८११८ | १००.०० |

## २.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनमा सघाउने विशेषतायुक्त आयोजना/कार्यकमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | जलवायु परिवर्तन संकेत | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ७७७२९१०० | १७ | ८३९४७४२८ | १७ | ९०६६३२२२.२ | १७ | ९७९१६२८० | १७ |
| २ | अप्रत्यक्ष लाभ | २६४५९९००१ | ५७.८७ | २८५७६६९२१ | ५७.८७ | ३०८६२८२७५ | ५७.८७ | ३३३३१८५३७ | ५७.८७ |
| ३ | तटस्थ | ११४९०१८९९ | २५.१३ | १२४०९४०५१ | २५.१३ | १३४०२१५७५ | २५.१३ | १४४७४३३०१ | २५.१३ |
| | जम्मा | ४५७२३०००० | १०० | ४९३८०८४०० | १०० | ५३३३१३०७२ | १०० | ५७५९७८११८ | १०० |

## २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| क.सं. | उपक्षेत्र | कार्यक्रम तथा आयोजना | गत आ.व.को यथार्थ | चालु आ.व.को सशोधित अनुमान | आगामी आ.व.को विनियोजन | आ.व. २०..../.... को खर्च प्रक्षेपण | आ.व. २०..../.... को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# परिच्छेद - ३: आर्थिक क्षेत्र

## ३.१ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी

### ३.१.१ पृष्ठभूमि

पहाडी भू-भाग रहेको यो गाउँपालिकामा भिरालो जमिनको प्रधानता रहेता पनि यहाँको समृद्धिको प्रमुख संवाहक नै वन र कृषि क्षेत्र हुन् । हाम्रो कृषि अहिले पनि निर्वाहमूखी रहिआएको छ। गाउँपालिकाको आवधिक योजनाको तथ्याङ्क अनुसार यहाँका लगभग ८० प्रतिशत जनसंख्या कृषि पेशमामा सम्लग्न रहेका छन् । यहाँ उत्पादन हुने प्रमुख खाद्यान्न बालीहरूमा धान, मकै, फापर, कोदो, हुन् भने फलफूल बालीहरूमा आँप, मेवा, कटहर, कागती, सुन्तला, निवुवा, जुनार, केरा, नास्पाती, अम्बक, आलुबखडा, आरु, किवि आदि पर्दछन् । त्यसैगरी दलहन बालीहरूमा मस्याङ, मास, सिमी, केराउ, भटमास, बोडी, लगायत उत्पादन हुने गर्दछ भने यहाँ उत्पादन हुने मसला बालीहरु बेसार, अदुवा, लसुन, प्याज, खुर्सानी, अलैचीँ, लगायत सबै प्रकारका तरकारी बालीहरूको यहाँ प्रचुर मात्रामा उत्पादन हुने गरेको छ । गाउँपालिकाको हावापानी तथा भौगोलिक अवस्थितिका कारणले जडिबुटी खेती, पुष्प व्यवसाय, मौरी पालन, माछापालन, फलफुल खेतीको प्रचुर सम्भावना रहेको छ । त्यसैले यहाँ औद्योगिक ग्रामको स्थापना गरी स्थानीयस्तरमा रोजगारीको प्रर्वद्धन गर्न तथा साना तथा मझौला घरेलु उद्योगहरुका विस्तार गरी प्रशस्त आर्थिक लाभ लिन सकिने स्थिति रहेको छ ।

### ३.१.२ समस्या तथा चुनौती

परम्परागत तथा निर्वाहमूखी कृषि प्रणाली, पर्याप्त सिँचाईको अभाव, समयमा कृषि मल, उन्नतजातको बीउ विजन, मल खाद्य र आधुनिक कृषि सामाग्रीको उपलब्ध नहुनु, कृषिको व्यवसायिकरण र कृषि उपजको बजारीकरण, उत्पादनका आधारमा कृषि पकेट क्षेत्रको प्रभावकारिता नहुनु, फलफुल खेती व्यवसायिक नहुनु, तरकारी तथा अन्य उत्पादनमा प्रयोग हुने अत्याधिक रसायनिक पदार्थको न्यूनीकरण गर्न नसक्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| उच्च र फराकिलो आर्थिक विकास र गरिबीको तिव्र न्यूनीकरण तथा अन्त्य |
| **लक्ष्य** |
| कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण गर्दै कुल गार्हस्थ्य उत्पादनमा बृद्धि गर्ने । |
| **उद्देश्यहरू** |
| • कृषि तथा पशुपालनको उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषि उपजमा आत्मनिर्भर गर्नु ।<br>• निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गरी रोजगारीका नयाँ अवसर सृजना गर्नु । |

### ३.१.४ रणनीति

१. कृषि तथा पशुपालन क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।

२. तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा आत्मनिर्भरता हाँसिल गर्ने ।

३. दक्ष जनशक्तिको व्यवस्थापन मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने ।

## ३.२ पशुपंक्षी विकास तथा मत्स्यपालन

### ३.२.१ पृष्ठभूमि

नेपालका अन्य स्थानहरुमा जस्तै यस गाउँपालिकाका अधिकांश घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । पालिकाको आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार जम्मा जनसंख्याको ७३ प्रतिशत घरपरिवार पशुपालन कार्यमा संलग्न रहेका छन् । समशितोष्ण जलवायुमा उपयुक्त हुने जातका खसी, बोका, बाखा, सुँगुर/बंगुर, कुखुरा, हाँस लगायतका पशुपंक्षीहरुको यहाँ व्यवसायिक उत्पादनको राम्रो सम्भावना रहेको छ । उपयुक्त जातका पशुपंक्षीहरूको व्यावसायिक उत्पादनको राम्रो सम्भावना रहेको हुनाले कृषि तथा पशु फर्महरू मार्फत पशुपंक्षीहरूको व्यवसायिक उत्पादन समेत हुँदै आएको छ । व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी खसी, कुखुरा, बाखा, बुंगुर पाल्ने र बिक्री गर्ने गर्दछन् ।

### ३.३.२ समस्या तथा चुनौती

उन्नत जातको पशुपालन नहुनु, आधुनिक किसिमको गोठ तथा खोरको व्यवस्थामा कमी, उन्नत घाँसको व्यवस्था नहुनु, पशुपंक्षीपालन कार्यलाई व्यवसायिक बनाउन नसकिनु, बजारको माग अनुसारको उत्पादन र आपूर्ति संयन्त्रको व्यवस्था नहुनु, पशुपंक्षी, मत्स्यपालन सेवा केन्द्र तथा दक्ष प्राविधिकहरूको पर्याप्त व्यवस्था र तालिम नहुनु, कृषि उपज भण्डारण तथा उचित बजारको सुनिश्चितता हुन नसक्नु, सरल कर्जा र बीमाको व्यवस्था नहुनु जस्ता समस्या र चुनौतीको विद्यमानता रहेको छ ।

### ३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| व्यवसायिक पशुपंक्षी तथा मत्स्यपालन मार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| व्यवसायिक रुपमा पशुपंक्षी उत्पादनको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ वडास्तरमा पशुपंक्षी सेवा केन्द्रको रुपमा विकास गर्नु ।<br>✓ पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्नु । |

## ३.३.४ रणनीति

१. वडास्तरमा पशुपंक्षी सेवा केन्द्रको रुपमा विकास गर्ने ।
२. युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने ।
३. पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने ।
४. पशुपंक्षीजन्य उत्पादनको निर्यात गर्ने ।

## ३.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगदे बालीको पकेट विकास कार्यक्रम | बाली विशेष पकेट क्षेत्र निर्माण | ०८२/८३-०८२/८३ | १५०० | नगदे बालीको पकेट विकास कार्यक्रम सञ्चालन भएको हुने |
| २ | बहुउद्देश्यीय कृषि नर्सरी स्थापना | बीरुवा तथा विजनको सहज उपलब्धता | ०८२/८३-०८३/८४ | १००० | बहुउद्देश्यीय कृषि नर्सरी स्थापना भएको हुने |
| ३ | शितभण्डार गृह निर्माण | संकलन र भण्डारण व्यवस्थापन | ०८२/८३-०८४/८४ | १००० | शितभण्डार गृह निर्माण भएको हुने |
| ४ | कृषि प्रविधि तथा यान्त्रिकीकरण अनुदान | कृषिमा अनुदान | ०८२/८३ ०८२/८३ | ७०० | कृषि प्रविधि तथा यान्त्रिकीकरण अनुदान प्राप्त भएको हुने |
| ५ | फलफुल, मसलाबाली व्यवसाय तथा औषधीजन्य, जडिबुटी, पुष्प वा फलफुल खेती विस्तार | व्यवसायिक खेती प्रवर्द्धन | ०८२/८३ ०८२/८३ | ८०० | फलफुल, मसलाबाली व्यवसाय तथा औषधीजन्य, जडिबुटी, पुष्प वा फलफुल खेती विस्तार भएको हुने |
| ६ | धान पकेट क्षेत्र विस्तार कार्यक्रम | कृषि उत्पादन प्रर्वद्धन | ०८३/८४-०८३/८४ | १००० | धान पकेट क्षेत्र विस्तार कार्यक्रम संचालन भएको हुने |
| ७ | खाद्यान्न तथा बीउ भण्डारण गृह निर्माण | बीउ विजनको सहज उपलब्धता | ०८३/८४ ०८३/८४ | १००० | खाद्यान्न तथा बीउ भण्डारण गृह निर्माण भएको हुने |
| ८ | अलैची खेती प्रर्वद्धन | कृषि प्रवर्द्धनमा जोड | ०८२/८३ ०८२/८३ | ५०० | अलैची खेती प्रर्वद्धन भएको हुने |
| ९ | कृषि सम्बन्धी कार्यक्रम | कृषि क्षेत्रको विस्तार | साल बसाली | ४०० | कृषि सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने |
| १० | कृषि तथा पशुजन्य उपज बजारीकरण | कृषि तथा पशुजन्य उपजको बजारीकरण | ०८२/८३ ०८३/८४ | ७०० | कृषि तथा पशुजन्य उपज बजारीकरण भएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ११ | व्यवसायीक टमाटर खेतिको लागि प्लास्टिक घर निर्माण | उत्पादनलाई प्रोत्साहन | ०८२/८३<br>०८३/८४ | ५०० | व्यवसायीक टमाटर खेतिको लागि प्लास्टिक घर निर्माणमा अनुदान प्रदान गरिएको हुने |
| १२ | दन्ते ओखर, स्याउ खेती तथा कागती खेती विस्तार | व्यवसायिक उत्पादन मा जोड | ०८२/८३<br>०८४/८५ | १६०० | दन्ते ओखर, स्याउ खेती तथा कागती खेती विस्तार भएको हुने |
| १३ | व्यवसायिक पशुपंक्षीपालन कार्यक्रम | पशुपालनमा प्रोत्साहन | साल बसाली | २५० | व्यवसायिक पशुपंक्षीपालन कार्यक्रम सञ्चालन भएको हुने |
| १४ | उन्नत जातको बाखा तथा बंगुर नश्ल सुधार केन्द्र स्थापना | उन्नत जातका नश्ल विस्तार | ०८२/८३-<br>०८३/८४ | १००० | उन्नत जातको बाखा नश्ल स्रोत केन्द्र स्थापना भएको हुने |
| १५ | कुखुरा पालनको लागि संरचना निर्माणमा अनुदान | कृषकलाई प्रोत्साहन | ०८२/८३-<br>०८३/८४ | १००० | कुखुरा पालनको लागि संरचना निर्माणमा अनुदान प्रदान भएको हुने |
| १६ | पशुसेवा कार्यक्रम | पशु सेवा विस्तार | साल बसाली | १०५० | पशुसेवा कार्यक्रम सञ्चालन भएको हुने |

### ३.३.६ जोखिम पक्ष तथा अनुमान

विभिन्न कृषि पेशामा संलग्न कृषकको खण्डिकृत तथ्याङ्क उपलब्ध हुने, व्यवसायिक कृषिका लागि आवश्यक प्राविधिक सेवामा सहज पहुँच सुनिश्चित हुने, उच्च मुल्यका बालीनालीबारे कृषकलाई जानकारी हुने, उद्यमी सोचयुक्त नव युवा कृषिमा आर्कषित हुने, उचित भण्डारणका लागि शितघर, बिक्री वितरण केन्द्र/कक्षको स्थापना, उत्पादन सम्भावनाका आधारमा जोनिङ्ग हुने, जडीबुटी सम्बन्धी प्रोफाइलिङ्ग हुने, सार्वजनिक खरिद प्रक्रिया सरल हुने, पशुपंक्षी तथा माछा पालक कृषकको तथ्याङ्क उपलब्ध, कृषि सामाग्रीमा अनुदान, उपयुक्त लगानी, कृषक अभिमूखीकरण, बजारको पहिचान, माग र आपूर्तिबिच सम्बन्ध कायम गराउन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ। गाउँपालिका क्षेत्रमा पशुपंक्षी तथा माछापालक कृषकको तथ्याङ्क उपलब्ध, प्राविधिक सेवाको विस्तार र सहज पहुँच स्थापना, संकलन तथा बिक्री वितरण केन्द्रको स्थापना पशुपंक्षी तथा माछापालक कृषकलाई सहुलियत दरको ऋण तथा अनुदान उपलब्ध भएमा व्यवसायिक उत्पादन फस्टाउने सम्भावना रहन्छ।

## ३.२ उद्योग, वाणिज्य, खानी, खनिज, तथा आपूर्ति

### ३.२.१ पृष्ठभूमि

गाउँपालिकाको आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार यहाँ १३४ वटा व्यापार तथा व्यवसायहरु दर्ता भई सञ्चालन रहेका छन्। यस्ता व्यवसायहरुमा फर्निचर उद्योग, मिल कुटनी पिसनी, साना तथा घरेलु उद्योग, सिलाईबुनाई, होटेल, किराना पसल, कपडा पसल, फर्निचर, सर्भिस सेन्टर, तथा खाजाघरहरु रहेका

छन् । यद्यपी यस्ता व्यवसायहरुले न्यून दरमा रोजगारी सृजना गरेका छन । गाउँपालिकामा वैदेशिक रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै वैदेशिक रोजगारीबाट भित्रिएका दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी सञ्चालन गर्न सकिने थप सम्भावना रहेको देखिन्छ ।

### ३.२.२ समस्या तथा चुनौती

व्यवसायको सोच र संस्कारको अभाव, पूर्वाधारमा (व्यवसायिक सडक, कृषि सडकको) अभाव, तालिम तथा प्रशिक्षण केन्द्रको अभाव, व्यवसायिक प्रविधिको अभाव, व्यवसायिक सेवा प्रदायक संस्थाको अभाव, बैङ्क तथा वित्तीय संस्थाको अभाव, महिला, दलित, पिछडिएका वर्गहरुलाई उद्योग व्यवसायमा आकर्षण गर्न नसकेको, स्थानीय श्रोत, साधन, सिप, जनशक्तिको परिचालन गरी विकासको लागि नीति तथा रणनीतिको कमी तथा प्राविधिक तथा व्यवसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ । यसका अलावा उत्पादनमूखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सूचना केन्द्रको कमी जस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्या तथा चुनौतीको रुपमा रहेको छ ।

### ३.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

गाउँपालिकामा उद्योग घरघरमा उत्पादन, जनसहभागितामूलक रोजगारी र आयआर्जन

**लक्ष्य**

उद्योग व्यवसायको विकास र विस्तारद्वारा रोजगारीमा बृद्धि तथा आयआर्जनमा टेवा पुर्‍याउने ।

**उद्देश्यहरू**

- स्थानीय कच्चा पदार्थमा आधारित गुणस्तरीय तथा प्रतिस्पर्धात्मक वस्तुको उत्पादन गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्नु ।
- स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रुपमा स्थापित गर्नु ।

### ३.२.४ रणनीति

१. आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीतिनिर्माण र कार्यान्वयनमा जोड दिने ।
२. स्थानीय पहिचानमा आधारित उद्योग विस्तारमा जोड दिने ।

### ३.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग तथा व्यवसाय लक्षित नीति तर्जुमा | कानूनी दस्तावेज तय | ०८२/८३<br>०८२/८३ | ३०० | उद्योग तथा व्यवसाय लक्षित नीति तर्जुमा भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | उद्योग तथा व्यापार व्यवसायको अध्ययन, नियमन तथा निरीक्षण गर्ने संयन्त्र निर्माण | संयन्त्र निर्माण | ०८२/८३ ०८२/८३ | २०० | उद्योग तथा व्यापार व्यवसायको अध्ययन, नियमन तथा निरीक्षण गर्ने संयन्त्रको निर्माण भएको हुने |
| ३ | कृषि, जडिबुटी र पशुपंक्षीजन्य उपजको प्रशोधन उद्योग स्थापना | कृषिमा आधारित उद्योग प्रवर्द्धन | ०८२/८३ ०८३/८४ | ११००० | कृषि, जडिबुटी र पशुपंक्षीजन्य उपजको प्रशोधन उद्योग स्थापना भएको हुने |
| ४ | धागो उत्पादन कार्यक्रम | सीपको विकास | ०८२/८३ ०८२/८३ | ५०० | धागो उत्पादन कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | ढाका सिलाइ बुनाइ उद्योग स्थापना | उद्यमीलाई प्रोत्साहन | ०८२/८३ ०८२/८३ | १७०० | ढाका सिलाइ बुनाइ उद्योग स्थापना भएको हुने |
| ६ | औद्योगिक क्षेत्र विद्युतीकरण, सडक निर्माण र स्तरोन्नति | औद्योगिक पूर्वाधार निर्माण | ०८२/८३ ०८४/८५ | ९००० | औद्योगिक क्षेत्र विद्युतीकरण, सडक निर्माण र स्तरोन्नति भएको हुने |
| ७ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | कच्चा पदार्थ उत्पादन गर्न कृषकलाई प्रोत्साहन | साल बसाली | ६०० | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया भएको हुने |
| ८ | स्थानिय औधोगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेबलिङ, गुणस्तर तथा ब्राण्डिङ सम्बन्धी तालिम | औद्योगिक सीप विकास | ०८२/८३ ०८३/८४ | ९०० | स्थानिय औधोगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेबलिङ, गुणस्तर तथा ब्राण्डिङ सम्बन्धी तालिम सञ्चालन भएको हुने |
| ९ | बाँस, अल्लो, केरा जस्ता वनस्पती जन्य उत्पादनको प्रर्वद्धन | स्थानीय उत्पादन प्रर्वद्धन | ०८३/८४ ०८४/८५ | ८०० | बाँस, अल्लो, केरा जस्ता वनस्पती जन्य उत्पादनको प्रर्वद्धन भएको हुने |

### ३.२.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा उपलब्ध खानी, खनिजको उपलब्धता सम्बन्धी अध्ययन-अनुसन्धान, आधारभूत आर्थिक पूर्वाधारको निर्माण, उद्योग स्थापनाका सम्भाव्य क्षेत्रको पहिचान, उद्योग र श्रममैत्री कानूनको तर्जुमा, गाउँक्षेत्रको योजनाबद्ध विकास गरी विकसित र सुविधा सम्पन्न शहर, बढ्दो बसाइँसराईमा कमी, युवा पलायनलाई दुरुत्साहन, उद्यमशीलताको विकास, विशेष कर छुट, अनुदान, सहुलियपूर्ण ऋण मार्फत लगानी आर्कषण, उपभोक्ता हित कार्यक्रम, बजार अनुगमन जस्ता क्रियाकलाप सञ्चालन गर्न सकेमा गाउँ क्षेत्रमा खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको पर्याप्त विकास हुन सक्छ । भौतिक, आर्थिक, वित्तीय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ३.३ पर्यटन तथा संस्कृति

### ३.३.१ पृष्ठभूमि

यो गाउँपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक तथा सांस्कृतिक विविधता एवं ऐतिहासिक महत्वका विभिन्न स्थानहरुले भरिपूर्ण रहेको छ । हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको पर्याप्त विकास हुन नसकेता पनि यस गाउँपालिकामा पर्यटनको सम्भावना अत्याधिक रहेको छ । विशेष गरी यो गाउँपालिकालाई अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, धार्मिक तथा साँस्कृतिक पर्यटन, कृषि पर्यटन, हरियाली पहाडी मनोरम दृश्यका हिसाबले विकास गर्न सकिन्छ। यहाँको आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार यस गाउँपालिकामा श्री चम्पादेवी, गोलमादेवी मन्दिर, कोजुं कालिका देवीथान, सितापोखरी, सातकन्या गुफा, मालिङगे, चाम डाँडा, कालीका देवी थान, सिंहदेवी मन्दिर, कलेस्वर महादेब, बनढाडी दुलो, चमेरो गुफा, तामाखानी, गुम्वा, माने, ककनी मन्दिर, जम्वु चउर, लामीडाँडा लगायतका धार्मिक ऐतिहासिक तथा पर्यटकीय महत्व बोकेका स्थलहरु रहेका छन् । जातजातिगत विविधता रहेको यस पालिकामा होमस्टे र साँस्कृतिक पर्यटनको समेत उत्तिकै सम्भावना रहेको छ भने कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ । ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकाले तिनीहरूको संरक्षण गर्नु जरुरी छ ।

### ३.३.२ समस्या तथा चुनौती

गाउँपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नगरिनु, पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्शाङ्कन, संरक्षण र व्यवस्थापन हुन नसक्नु, पर्यटकीय हिसाबले सहज यातायात पहुँच नहुनु, पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त मात्रामा आर्कषण गर्न नसकिनु, गुणस्तरीय आधारभूत भौतिक पूर्वाधारको अभाव, सुरक्षा र आपतकालिन उद्धारको भरपर्दो व्यवस्थाको कमी, मनोरञ्जनात्मक सुविधाको कमी, आतिथ्यता सत्कार सम्बन्धी ज्ञान र सीपको कमी लगायतका समस्या र चुनौती यो गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

### ३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सेवा तथा क्षेत्रको विस्तार, विविधिकरण, स्वरोजगारी-रोजगारी श्रृजना, आयमा वृद्धि |
| **लक्ष्य** |
| पर्यटन, सँस्कृति तथा सम्पदाको प्रवर्द्धन गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ पर्यटकीयस्थल, सँस्कृति तथा सम्पदाको प्रचार प्रसार गर्नु ।<br>✓ आन्तरिक तथा बाहृय पर्यटकको पूर्वाधार तयारी गरि बसाई दरमा बृद्धि गर्नु । |

## ३.३.४ रणनीति

१. सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने ।
२. पर्यटकीय पूर्वाधारको आधार तयार पार्ने
३. पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गर्ने ।
४. स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकता तर्फ आकर्षित गर्ने ।

## ३.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | दमाहा ढुंगा गुफा संरक्षण तथा व्यवस्थापन | पर्यटन विकास | ०८२/८३ ०८२/८३ | १००० | दमाहा ढुंगा गुफा संरक्षण तथा व्यवस्थापन भएको हुने |
| २ | रुद्राक्षेश्वर महादेव मन्दिर पुर्ननिर्माण र गेटमा सेतो बाघको २ वटा मूर्ति निर्माण | पर्यटन प्रवर्द्धन | ०८४/८५ ०८४/८५ | २८०० | रुद्राक्षेश्वर महादेव मन्दिर पुर्ननिर्माण र गेटमा सेतो बाघको २ वटा मूर्ति निर्माण भएको हुने |
| ३ | सौरेनी डाकघर खरानी डाँडा ककनी पदमार्ग निर्माण | टुरिजम सर्किट निर्माण | ०८३/८४ ०८३/८४ | ११००० | सौरेनी डाकघर खरानी डाँडा ककनी पदमार्ग निर्माण तथा सञ्चालन भएको हुने |
| ४ | सिद्ध पोखरी वरिपरि गाउँमा होमस्टे सञ्चालन र पूर्वाधार निर्माण | पर्यटन प्रवर्द्धन | ०८२/८३ ०८२/८३ | १००० | सिद्ध पोखरी वरिपरि गाउँमा होमस्टे सञ्चालन र पूर्वाधार निर्माण भएको हुने |
| ५ | मालिङ्गे पार्क, सहिद पार्क, सोनाम गुम्बा निर्माण | पर्यटन विकास | ०८२/८३ ०८४/८५ | १७०० | मालिङ्गे पार्क, सहिद पार्क, सोनाम गुम्बा निर्माण भएको हुने |
| ६ | गायत्रादेवी पार्क निर्माण | पर्यटक आवागमनमा वृद्धि | ०८२/८३ ०८३/८४ | १००० | गायत्रादेवी पार्क निर्माण भएको हुने |
| ७ | बनभाँक्री गुफा, चमेरे गुफा, भिमलदुलो संरक्षण तथा पूर्वाधार विकास | पर्यटकलाई प्रोत्साहन | ०८२/८३ ०८४/८५ | ३५०० | बनभाँक्री गुफा, चमेरे गुफा, भिमलदुलो संरक्षण तथा पूर्वाधार विकास भएको हुने |
| ८ | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार | जिर्णोद्धार तथा निर्माण | ०८२/८३- ०८४/८५ | ९००० | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार तथा निर्माण भएको हुने |
| ९ | पर्यटन रोजगार प्रबर्द्धन कार्यक्रम निर्माण | रोजगारीको सिर्जना | ०८२/८३- ०८३/८४ | १००० | पर्यटन रोजगार प्रबर्द्धन कार्यक्रम निर्माण भएको हुने |

### ३.३.६ जोखिम पक्ष तथा अनुमान

बृहत पर्यटन विकास गुरुयोजना निर्माण, पर्यटकीय दृष्टिकोणले सम्भाव्य क्षेत्र र वस्तुको पहिचान, पूर्वाधारको विकास, सहज वित्तीय सेवा, आवास, स्वास्थ्य, सुरक्षा तथा सूचना सेवाको सुनिश्चितता, स्थानीय मौलिक कला, संस्कृति, खाद्यान्नको संरक्षण, पर्यावरणीय संरक्षण, आतिथ्य सत्कार जस्ता आधारभूत पक्षमा गाउँपालिका र समग्र पालिकाबासी प्रतिबद्ध भएर लागेमा पर्यटनको क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल हुने देखिन्छ। आधारभूत मानवीय सीप र कौशल तथा भौतिक पूर्वाधारको अभावमा पर्यटकीय क्षेत्रले विकासको गति नलिने जोखिम रहन्छ।

## ३.४ सहकारी

### ३.४.१ पृष्ठभूमि

पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ। राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ। यस गाउँपालिका अन्तर्गत सहकारी संस्थाहरु कम मात्रामा स्थापना भएका छन्। सहकारी संघसंस्थाहरुको दर्ता तथा नियमनको लागि भने सहकारी ऐन तयार गरिएको छ।

### ३.४.२ समस्या तथा चुनौती

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमताको कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायकको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु, नियामक निकायको प्रभावकारितामा कमी लगायतका समस्या तथा चुनौतीको विद्यमानता यो गाउँपालिकामा समेत रहेको छ।

### ३.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

उच्च र फराकिलो आर्थिक विकास र गरिबीको तिव्र न्यूनीकरण तथा अन्त्य

**लक्ष्य**

उत्पादन, रोजगारी र आयमा दिगो बृद्धि गर्ने।

**उद्देश्यहरू**

- ✓ व्यवसायिक कृषि तथा पशुपंक्षीजन्य उत्पादनको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु।
- ✓ स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवं विस्तार तथा औद्योगिकीकरणको आधार तयार गर्नु।
- ✓ बैङ्क तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्नु।
- ✓ स्थानीय युवा रोजगारी अभिवृद्धि गर्नु।

## ३.४.४ रणनीति

१. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने ।

२. बैङ्किङ कारोबारमा गाउँपालिकाबासीको सहज पहुँच कायम गर्ने ।

## ३.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जैविक उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम | सहकारी प्रवर्द्धन | ०८२/८३-०८४/८५ | ७०० | जैविक उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम सञ्चालन भएको हुने |
| २ | कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय बेरोजगार उद्यमशिलता विकास कार्यक्रम | रोजगारीमा वृद्धि | ०८२/८३ ०८२/८३ | २५०० | कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय बेरोजगार उद्यमशिलता विकास कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | कृषि सघन क्षेत्रस्तरिय कृषि सहकारी संस्था विस्तारका लागि कृषक अन्तरक्रिया कार्यक्रम | अन्तरक्रिया कार्यक्रम | साल बसाली | ५०० | कृषि सघन क्षेत्रस्तरिय कृषि सहकारी संस्था विस्तारका लागि कृषक अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन | ०८२/८३-०८२/८३- | ६०० | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन भएको हुने |
| ५ | अति विपन्न नागरिक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण | सहकारीमा सबै वर्गका नागरिकको पहुँच वृद्धि | ०८२/८३-०८४/८५ | १२०० | अति विपन्न नागरिक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण भएको हुने |
| ६ | उत्कृष्ट सहकारी पुरस्कार | प्रोत्साहनमूलक कार्यक्रम | साल बसाली | ११०० | उत्कृष्ट सहकारी पुरस्कार प्रदान भएको हुने |
| ७ | सहकारी खेती, सहकारी उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न चाहने उद्यमीलाई विशेष तालिम | क्षमता विकास | ०८२/८३-०८४/८५ | २००० | सहकारी खेती, सहकारी उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न चाहने उद्यमीलाई विशेष तालिम सञ्चालन भएको हुने |
| ८ | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको प्रवर्द्धन | ०८३/८४ ०८३/८४ | ५०० | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन भएको हुने |

### ३.४.६ जोखिम पक्ष तथा अनुमान

सहकारीको मूल मर्म र भावना अनुसार सहकारीका सदस्य र सञ्चालकलाई अभिमूखीकरण, सहकारीको माध्यमबाट सामाजिक सद्भावको निर्माण, रचनात्मक र प्रतिस्पर्धात्मक भावनाको विकास, सहकारी मार्फत औद्योगिकरण, गरिबी निवारण, लक्षित वर्गको स्तरोन्नतिमा टेवा पुऱ्याउने कार्यक्रममा विस्तार गर्न सकेमा अपेक्षित उपलब्धि हासिल हुन सक्छ। पर्याप्त लगानी, सतही ज्ञान र सूचनाको सम्प्रेषण गर्न नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ३.५ गरिबी निवारण

### ३.५.१ पृष्ठभूमि

वि.सं. २०१३ को प्रथम आवधिक योजना देखि हालको पन्ध्रौ योजना सम्मका हरेक विकास योजनाहरूमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्दाको रुपमा गरिबी निवारण रहेको छ। जति विकासका योजनाहरू बने पनि गरिबी निवारण गर्न भने सकिएको छैन्। दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारका गरिबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए पनि कुल जनसंख्याको ५ प्रतिशतमा सीमित गर्ने रहेको छ। नेपाल सरकारले गरिबी निवारण गर्न लिएको लक्ष्य तथा उद्देश्य अनुरुप गाउँपालिकाले बेरोजगार तथा युवाहरुको वास्तविक बस्तु स्थिति अद्यावधिक गरी कार्ययोजना बनाएर बेरोजगार तथा युवाहरुलाई रोजगारमूलक कार्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता देखिन्छ।

### ३.५.२ समस्या तथा चुनौती

वास्तविक गरिबीको पहिचानमा कमी, वितरणमूखी कार्यक्रम, निर्वाहमूखी कृषि पेशा, सीप र रोजगारमूलक शिक्षाको कमी, श्रमको सम्मान गर्ने संस्कृतिको अभाव, शिक्षा र जनचेतनामा कमी रहेकाले गरिबी घटाउन कठिन लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

### ३.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| ज्ञान, सिप र उद्यमशिलताको विकास गरी शुन्यमा झार्ने गरिबी |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा हालको गरिबीलाई पचास प्रतिशत कम गर्ने। |
| **उद्देश्यहरू** |
| निरपेक्ष र बहुआयमिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने। |

### ३.५.४ रणनीति

१. गरिबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने।

२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने।

३. विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने।

### ३.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरीब परिवार पहिचान सूचना संकलन | कारण सहित अद्यावधिक तथ्याङ्कको उपलब्धता | ०८२/८३ ०८२/८३ | ५०० | गरीब परिवार पहिचान सूचना संकलन भएको हुने |
| २ | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | सूचना तथा तथ्याङ्क संकलन | ०८२/८३ ०८२/८३ | ३०० | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन भएको हुने |
| ३ | गरीब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम | पोषण तथा खाद्य सुरक्षा | साल बसाली | १००० | गरीब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम | स्वास्थ्यमा सुलभ पहुँच | साल बसाली | ५०० | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | विपन्न नागरिक आवास कार्यक्रम | आवासको सुनिश्चितता | साल बसाली | १०००० | विपन्न नागरिक आवास कार्यक्रम सञ्चालन भएको हुने |
| ६ | बेसहारा आश्रयस्थान निर्माण | आश्रयस्थान निर्माण | ०८२/८३ ०८३/८४ | २००० | बेसहारा आश्रयस्थान निर्माण भएको हुने |
| ७ | दक्ष कृषि श्रमिक श्रोत केन्द्र स्थापना | कृषि श्रमिक श्रोतकेन्द्र स्थापना | ०८२/८३-०८४/८५ | १००० | दक्ष कृषि श्रमिक श्रोतकेन्द्र स्थापना भएको हुने |
| ९ | आवश्यकतामा आधारित तालिम सञ्चालन | सीप र स्वरोजगारीलाई प्रोत्साहन | ०८२/८३-०८२/८३ | ५०० | आवश्यकतामा आधारित तालिम सञ्चालन भएको हुने |
| १० | रोजगार सूचना प्रणाली स्थापना | रोजगारदाता र रोजगारको सहज सर्म्पक | ०८२/८३ ०८३/८४ | ५०० | रोजगार सूचना प्रणाली स्थापना भएको हुने |
| ११ | अति विपन्न परिवार लक्षित उद्यमी अनुदान | उद्यमी अनुदान | ०८२/८३-०८३/८४ | ७०० | अति विपन्न परिवार लक्षित उद्यमी अनुदानको व्यवस्था भएको हुने |

### ३.५.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा बसोबास गर्ने गरीब, घरपरिवार विहिन, बेरोजगारको लगत संकलन, गरिबीको कारण र सम्बोधनका उपायको पहिचान, लक्षित वर्ग कार्यक्रम सञ्चालन, जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरण, विभिन्न तहका सरकार र क्षेत्रले सञ्चालन गर्ने कार्यक्रमबिच समन्वय, सीप विकास, उद्यमशिलता विकास, मनोसामाजिक रुपान्तरणका कार्यक्रम प्राथमिकता र पर्याप्त स्रोत विनियोजका साथ कार्यान्वयन गरिएमा गरिबी निवारणको उद्देश्य प्राप्ति हुन्छ भने कोभिड-१९ जस्ता महामारी, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तीले गरिबीको सघनतालाई झन बढाउने जोखिम हुन्छ ।

## नतिजा सूचकहरू

| क.सं. | सूचकहरु | इकाइ | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| १ | **कृषि** | | | |
| | कृषि क्षेत्रको रोजगारीको दर | प्रतिशत | १.१५ | २.५ |
| | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | ३००० | ४५०० |
| | सुचारु सामुदायिक खेती तथा करार खेतीले ओगटेको भूमि | हेक्टर | ५०० | ५५० |
| | अगुवा वा व्यवसायिक कृषक | संख्या | ३००० | ४५०० |
| | सक्रिय व्यवसायिक कृषक समूह | संख्या | १०४ | १५० |
| | क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | २० | ५० |
| | विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषिक | संख्या | १५० | ३५० |
| | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ५० | २५० |
| | कम्पोष्ट र जैविक मल उत्पादन | मे.टन | २०००० | ३०००० |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | ५ | १५ |
| | व्यवसायिक कृषिबाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | ५० | ३५० |
| | कृषि उपज संकलन केन्द्र, बजारप्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | १ | ५ |
| | कृषि सहकारी संस्था | संख्या | ३ | १० |
| | कृषि सहकारीमा आवद्ध कृषक | संख्या | १५०० | ३००० |
| | कोल्ड स्टोर तथा रष्टिक स्टोर क्षमता | मे.टन | | |
| | उन्नत बिउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | संख्या | २४०० | ४५०० |
| | कृषिबालीमा लाग्ने किराबाट भएको क्षति | रु. | १०००००० | ५०००० |
| | जलवायु परिवर्तन, अतिवृष्टी, अनावृष्टि वाढी पहिरोबाट कृषिबालीमा भएको क्षति | रु. | २५००००० | १०००००० |
| | किसान क्रेडिट कार्डबाट लाभान्वित कृषकहरु | संख्या | - | ५० |
| | कृषि वीमा सेवाबाट लाभान्वित कृषक | संख्या | ५०० | ४५०० |
| | आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषकहरु ( आधुनिक औजारहरुः पावर टिलर, मिनि टिलर, ड्रम सिडर, रिपर, हाते ट्याक्टर, थ्रेसर, सिड ड्रिल आदि) | | ५०० | १५०० |
| | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाबाट लाभान्वित किसान | संख्या | ६०० | १२०० |
| | कृषि व्यवसायमा सहुलियत ऋण, कृषि | संख्या | ५०० | ८०० |

| क्र.सं. | सूचकहरु | इकाइ | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| | सामानमा अुदान तथा यान्त्रिकीकरणमा पुँजीगत अनुदानबाट लाभान्वित कृषिक | | | |
| | वित्तिय संस्थाहरुबाट परियोजना धितोमा सहुलियतपूर्ण कृषि कर्जा प्रवाह रकम | रु. | ५ करोड | १० करोड |
| | संचालनमा रहेको कृषिबजार, हाटबजार तथा कृषि थोकबजार | संख्या | ५ | १० |
| | कृषि सूचना तथा बजारमूल्य जानकारीका लागि वनाइएको मोवाइल एप्सबाट लाभान्वित कृषक | संख्या | ० | ३०० |
| | संचालनमा रहेको कृषि ब्लक, पकेट, | संख्या | ४ | १० |
| | कृषि उपजहरु विक्रीका लागि नजिकको बजारक्षेत्रमा पुग्न लाग्ने समयावधि | मिनेट | ६० | ३० |
| | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | ५ | २० |
| | | | | |
| २ | **पशु** | | | |
| | पशुपंक्षी वीमा सेवाबाट लाभान्वित कृषक | संख्या | ३०० | १५०० |
| | व्यवसायिक पशुपंक्षीपालनमा संलग्न घरपरिवार | संख्या | ५१ | ३०० |
| | सुचारु व्यवसायिक पशुपंक्षीजन्य फर्म | संख्या | ५१ | ३०० |
| | भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | २ | १५ |
| | सक्रिय पशुपंक्षीजन्य समूह | संख्या | ५१ | ८० |
| | व्यवस्थित चरन क्षेत्र | संख्या | १ | ७ |
| | नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र | संख्या | ६ | १२ |
| | पशुपंक्षी वीमा सेवाबाट लाभान्वित कृषक | संख्या | ३०० | १५०० |
| | क्रियाशील ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ८ | |
| | पशुपंक्षीपालन सम्बन्धि उपलब्ध प्रविधि ( खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने कृषक | प्रतिशत | ९० | ९५ |
| | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | | १ |
| | दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | | २ |
| | पशुपंक्षीजन्यबाट प्रदान भएको प्रत्यक्ष रोजगारी | संख्या | १०२ | २०० |
| | पशुपंक्षी जन्य वस्तु विक्रीका लागि नजिकको बजारक्षेत्रमा पुग्न लाग्ने औषत समयावधि | मिनेट | ६० | ३० |
| | दुध तथा दुधजन्य उत्पादन | मे.टन | ०.७ | ०.९ |

| क्र.सं. | सूचकहरु | इकाइ | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| | दुध तथा दुधजन्य उत्पादनको वार्षिक विक्री | रु. | ५ लाख | २० लाख |
| | खसी बोकाको मासु वार्षिक उत्पादन | मे.टन . | ४ | १० |
| | खसी बोकाको मासु वार्षिक विक्री | रु. | ३ करोड | ४ करोड |
| | | | | |
| ३ | **सिँचाई** | | | |
| | खेतीयोग्य जमिन मध्ये सिंचित भूमि | हेक्टर | १२०० | २००० |
| | वर्षाको आकाशे पानीमा निर्भर सिँचाइ भूमि | हेक्टर | २५०० | ३००० |
| | खोला तथा मुहानहरुबाट सिंचित भूमि | हेक्टर | १२०० | १८०० |
| | प्रयोगमा आएका सिँचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी संकलन, प्लाष्टिक पोखरी) | संख्या | ८० | ४५० |
| | सिँचाइका आधुनिक पूर्वाधार निर्माणबाट सिँचाइ क्षेत्र विस्तार | हेक्टर | ० | २०० |
| | परम्परागत कूलो तथा पोखरीबाट भएको सिँचाइ भूमि | हेक्टर | १००० | १२०० |
| | विद्यमान सिँचाइ पूर्वाधारको स्तरोन्नती तथा पुनर्स्थापना भएको हुने । | | | |
| | सिँचाइ पूर्वाधार क्षेत्रमा लगानीमा समतामूलक पहुँच पुगेको हुने । | | | |
| | | | | |
| ४ | **पर्यटन** | | | |
| | पर्यटकीय गन्तव्यको पहिचान र प्रर्वद्धन | संख्या | ० | ५ |
| | व्यवस्थित, सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य | संख्या | ३ | ८ |
| | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल (सुरक्षा, होटेल, यातायात) | संख्या | १ | २० |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | ० | ३ |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संस्था | १ | ९ |
| | संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | कि.म. | ० | २० |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | ० | २ |
| | धार्मिक पर्यटन संचालन स्थान | संख्या | २ | ९ |
| | व्यवस्थित वनभोज तथा पार्क | संख्या | १ | ५ |
| | तालिम प्राप्त टुर गाइड | संख्या | ० | १०० |
| | तालिम प्राप्त कुक तथा वेटर | संख्या | १० | २०० |

| क.सं. | सूचकहरु | इकाइ | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्या | संख्या | १ लाख | ५ लाख |
| | सालभरी भ्रमण गर्ने वाह्य पर्यटकको | संख्या | १० | १००० |
| | | | | |
| ५ | **उद्योग** | | | |
| | उद्योग क्षेत्रको रोजगारी दर | प्रतिशत | १ | ४ |
| | औपचारिक र अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | ० | १० |
| | औपचारिक र अनौपचारिक क्षेत्रका चालु मझौला उद्योग (रु.१५ करोड सम्मको) | संख्या | ० | २ |
| | कानून अनुसार सम्वन्धित निकायमा कर चुक्ता गर्ने उद्योगहरु | संख्या | १ | २० |
| | सुचारु व्यापार व्यवसाय | संख्या | १०३ | १००० |
| | स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय | संख्या | २५ | ३०० |
| | वाँस, अल्लो, केरा जस्ता वनस्पतिजन्य रेशामा आधारित उद्योग व्यवसाय | संख्या | २५ | ३०० |
| | निकासीजन्य कच्चा पदार्थको उपलव्धता | क्विन्टल | ५० | १५० |
| | जडिवुटीमा आधारित उद्योग व्यवसाय | संख्या | ० | ३ |
| | स्थानीय हस्तकलामा आधारित उद्योग | संख्या | ० | १० |
| | उद्यम सिर्जना, व्यवसायिक विकास सम्बन्धि तालिम प्राप्त उद्यमीहरु | संख्या | ३०० | ८०० |
| | सीपमूलक व्यवसायिक तालिम आर्जन गरेका व्यक्तिहरु | संख्या | ३५०० | १०५०० |
| | महिला द्वारा संचालित उद्योग व्यवसाय | संख्या | २० | १०० |
| | | | | |
| ६ | **श्रम तथा रोजगारी, सहकारी** | | | |
| | वैकिङ पहुँच | प्रतिशत | ४० | ५५ |
| | सुचारु बैंक तथा वित्तिय संस्था | संख्या | १० | ५० |
| | बैंक तथा वित्तिय संस्थाहरुमा संकलित निक्षेप रकम | रु. | ३० करोड | ६६ करोड |
| | बैंक तथा वित्तिय संस्थाहरुबाट भएको कूल कर्जा प्रवाह | रु. | ५ करोड | १५ करोड |
| | आर्थिक रुपमा सक्रिय जनसंख्याको (१५-६४) बैंक खाता | संख्या | २००० | ३५०० |

| क्र.सं. | सूचकहरु | इकाइ | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| | बचत तथा ऋण समेतको कूल सहकारी संस्था | संख्या | ५ | १४ |
| | महिलाद्वारा संचालिन सहकारी संख्या | संख्या | २ | २५ |
| | कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | ३ | १२ |
| | सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | ३०० | १००० |
| | सहकारी संस्थाको ऋणकर्जाबाट उद्योग, व्यापार व्यवसाय संचालन गर्नेहरु | संख्या | १२० | २२० |
| | सामाजिक सुरक्षा कार्यक्रममा सहभागी | प्रतिशत | १०० | १०० |

# परिच्छेद - ४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

सभ्य र सु-संस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ। विज्ञान तथा प्रविधिमैत्री शिक्षा प्रदान गर्न सकेमात्र सक्षम मानव संसाधन तयार हुन्छ। आधुनिक समाज निर्माण गर्न शिक्षामा बृहत्तर लगानी गर्नुपर्ने हुन्छ। विश्वभर विकसित मुलुकहरूको समग्र विकासको कारण भनेकै ती मुलुकहरूको शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो। ग्रामीण परिवेश रहेको यस गाउँपालिकाको शैक्षिक अवस्थाका बारेमा अध्ययन गर्दा देशका अन्य स्थानीय तहको तुलनामा साक्षरता दर मध्यम अर्थात ६८.३% कूल साक्षरता दर छ भने पुरुष साक्षरता ७७% र महिलाको साक्षरता तर ६०.२% छ। आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार यहाँ हाल ४१ वटा सामुदायिक विद्यालय तथा २ वटा निजी विद्यालयहरु संचालनमा रहेका छन्।

### ४.१.२ समस्या तथा चुनौती

माध्यमिक तहसम्मको शिक्षामा पहुँच विस्तार हुँदै गएता पनि गुणस्तरीय शिक्षामा आशातित सुधार हुन सकेको छैन्। निजी तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा समानता नहुनु, गरिबी, बालमैत्री शैक्षिक पूर्वाधारको कमी र अपर्याप्त शैक्षिक गतिविधि विद्यमान रहेको छ। व्यवहारिक तथा जीवन उपयोगी शिक्षाको कमीका कारण शैक्षिक बेरोजगारी तथा प्रतिभा पलायनको अवस्था लगायतका समस्या र चुनौती अन्य स्थानका अतिरिक्त यस गाउँपालिकामा समेत रहेका छन्।

### ४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण |
| **लक्ष्य** |
| गुणस्तरीय अनिवार्य शिक्षा पूर्वाधारमा लगानी सवल र सक्षम नागरिक उत्पादन गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ विद्यालयहरुमा सुलभ र गुणस्तरीय शिक्षाका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नु।<br>✓ प्राविधिक र व्यवसायिक शिक्षा विस्तार गरी स्वरोजगारीको अवसर सृजना गर्नु। |

### ४.१.४ रणनीति

१. शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रको नीतिगत तथांरचनात्मक आधार तयार गर्ने।
२. शैक्षिक कृयाकलापलाई गुणस्तरीय, व्यवहारिक तथा आकर्षक बनाउने।
३. विद्यालयको न्यूनतम पूर्वाधार विकास तथा व्यवस्था गर्ने।

## ४.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बालमैत्री तथा अपाङ्गमैत्री विद्यालय भवनहरु निर्माण | सबै प्रकारका विद्यार्थीमैत्री विद्यालय | ०८२/८३-०८४/८५ | ४००० | बालमैत्री तथा अपाङ्गमैत्री विद्यालय भवन निर्माण भएको हुने |
| २ | विद्यालय पूर्वाधार सुधार कार्यक्रम | शैक्षिक गुणस्तरमा सुधार | ०८२/८३-०८३/८४ | १८०० | विद्यालय पूर्वाधार सुधार कार्यक्रम सञ्चान भएको हुने |
| ३ | विद्यालयमा छात्राबास स्थापना | टाढाका विद्यार्थीलाई सहजता | ०८२/८३-०८३/८४ | १००० | आवासिय विद्यालय स्थापना भएको हुने |
| ४ | प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन कार्यक्रम | शैक्षिक गुणस्तरमा सुधार | ०८२/८३-०८३/८४ | १००० | प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | विभिन्न पत्र पत्रिकामा लेख, रचना, अनुसन्धनात्मक कार्यपत्र प्रकाशन गर्ने शिक्षक शिक्षिकालाई पुरस्कारको व्यवस्था | शिक्षक प्रोत्साहन | ०८२/८३-०८३/८४ | ४०० | विभिन्न पत्र पत्रिकामा लेख, रचना, अनुसन्धनात्मक कार्यपत्र प्रकाशन गर्ने शिक्षक शिक्षिकालाई पुरस्कृत गरिएको हुने |
| ६ | सूचना प्रविधि विस्तार कार्यक्रम | प्राविधिक शिक्षालाई जोड | ०८३/८४-०८४/८५ | १५०० | सूचना प्रविधि विस्तार कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | नमुना विद्यालय कार्यक्रम | शैक्षिक गुणस्तर वृद्धि | ०८२/८३-०८२/८३ | ३०० | नमुना विद्यालय कार्यक्रम सञ्चालन भएको हुने |
| ८ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम | साक्षरता वृद्धि | ०८२/८३-०८३/८४ | ५०० | शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन भएको हुने |
| ९ | विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | गुणस्तरीय शिक्षा | ०८२/८३-०८२/८३ | ११५० | विद्यालय जनशत्ति व्यवस्थापन कार्यक्रम सञ्चालन भएको हुने |
| १० | व्यवहारिक, व्यावसायिक र जीवनउपयोगी शिक्षा कार्यक्रम | नैतिक शिक्षामा जोड | ०८२/८३ ०८२/८३ | ५०० | व्यवहारिक, व्यावसायिक र जीवनउपयोगी शिक्षा कार्यक्रम सञ्चालन भएको हुने |
| ११ | प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | प्राविधिक शिक्षा विस्तार | ०८२/८३-०८३/८४ | ३३०० | प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको हुने |
| १२ | विद्यार्थी प्रोत्साहन कार्यक्रम | विद्यार्थी प्रोत्साहन | ०८२/८३-०८४/८५ | ५५० | विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १३ | उच्च शिक्षा प्रवर्द्धन | शिक्षाको गुणस्तर वृद्धि | ०८२/८३-०८३/८४ | २५०० | उच्च शिक्षा प्रवर्द्धन भएको हुने |
| १४ | शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | शिक्षाको गुणस्तर वृद्धि | ०८२/८३-०८४/८५ | १३०० | शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन भएको हुने |
| १५ | सृजनात्मक कला प्रवर्द्धन कार्यक्रम | सीपमा अभिवृद्धि | ०८२/८३-०८२/८३ | ८०० | सृजनात्मक कला प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको हुने |
| १६ | श्रम तथा साहित्य समुह गठन तथा प्रोत्साहन | साहित्य तथा कलालाई सम्मान | ०८३/८४-०८४/८५ | १२०० | श्रम तथा साहित्य समुह गठन तथा प्रोत्साहन कार्यक्रम संचालन भएको हुने |

### ४.१.६ जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि अध्यापन गर्ने शिक्षक-शिक्षिकामा परिवर्तित ज्ञान तथा सीप अद्यावधिक गर्ने, शिक्षामा समान लैङ्गिक अवसर बढाउने चेतनामूलक कार्यक्रम सञ्चालन, समय समयमा शिक्षक-विद्यार्थी-अभिभावक अन्तरक्रियाबाट सबै पक्षले रचानात्मक सुधार गर्ने, अध्ययनमा अभिरुची जगाउन स्थापित व्यक्तित्वसँग साक्षात्कार कार्यक्रम गर्ने, स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा पाठ्यक्रम निर्माण गर्ने, नवीनतम सूचना प्रविधिको प्रयोग बढाउने, पाठ्य सामाग्री समयमै उपलब्ध गराउने जस्ता कार्य गराइएमा गाउँपालिकाको शैक्षिकस्तरमा सुधार हुन्छ । उल्लिखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.२ स्वास्थ्य

### ४.२.१ पृष्ठभूमी

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । स्वास्थ्य सम्बन्धी आधारभूत सुविधा प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको भएकाले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरुको प्रबन्ध हुन अपरिहार्य छ ।

यस गाउँपालिकामा हाल सामान्यस्तरको स्वास्थ्य सेवाहरू यहाँ रहेका विभिन्न स्वास्थ्य संस्थाहरू मार्फत प्रदान भइरहेको छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ । यहाँ स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ, आधारभूत स्वास्थ्य सेवा केन्द्र, खोप केन्द्र, गाउँघर क्लिनिक बाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ भने वडागत रुपमा महिला स्वयंसेविका परिचालित रहेका छन् ।

### ४.२.२ समस्या तथा चुनौती

सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा सबै वर्ग र समूहको पहुँच र उपलब्धताको कमी, सुविधा सम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव, आकस्मिक र विशिष्टिकृत स्वास्थ्य सेवाका लागि राजधानीमा जानु पर्ने अवस्थाको विद्यमानता, २४ सै घण्टा आकस्मिक सेवाको अभाव, स्वास्थ्य सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा बिरामीको अकालमै मृत्यु हुनु, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु, चेतनाको स्तरको न्यूनता लगायतका समस्या र चुनौतीको विद्यमानता यस गाउँपालिकामा समेत रहेका छन् ।

### ४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| घरदैलो मै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता |
| **लक्ष्य** |
| हरेक नागरिकको स्वस्थ तथा पोषणयुक्त जीवनशैली सुनिश्चित गर्दै मानव पुँजीको निर्माण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓स्वास्थ्य तथा पोषण सेवाको सहज पुहँचको लागि पूर्वाधारको निर्माण तथा विस्तार गर्नु ।<br>✓स्वास्थ्य संस्थाको क्षमता अभिबृद्धि गरी सेवा प्रवाह प्रभावकारी गर्नु । |

### ४.२.४ रणनीति

१. स्वास्थ्य क्षेत्रको संरचनात्मक तथा नीतिगत सुधार गर्ने
२. स्वास्थ्य सेवा विस्तार तथा व्यवस्थापन गरी गाउँपालिकाबासीको सहज पहूँज स्थापित गर्ने ।
३. पोषण तथा स्वस्थ जीवनशैलीको प्रवर्द्धनका लागि जनस्वास्थ्यलाई सुदृढ गर्ने ।
४. जनस्वास्थ्य प्रवर्द्धनका लागि सामुदायस्तर सम्मको संरचनालाई प्रभावकारी गर्ने ।
५. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने ।

### ४.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य पूर्वाधार निर्माण | स्वास्थ्य सेवा प्रवाहमा सहजता | ०८२/८३–०८४/८५ | ५००० | स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन भएको हुने |
| २ | स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम | गुणस्तरीय स्वास्थ्य सेवा | साल बसाली | ५०० | स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | घरदैलो स्वास्थ्य सेवा | स्वास्थ्यमा सबैको पहुँच | ०८२/८३ ०८४/८५ | १६०० | घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | आकस्मिक स्वास्थ्य सेवा विस्तार | स्वास्थ्य सेवामा सहजता | ०८२/८३ ०८३/८४ | २४०० | आकस्मिक स्वास्थ्य सेवा सुधार भएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | पालिका स्तरीय अस्पताल निर्माण | स्वास्थ्य सेवामा सहजता | ०८२/८३-०८४/८५ | ५२०० | अस्पताल निर्माण भएको हुने |
| ६ | पोषण सुधार कार्यक्रम | पोषण सुविधा विस्तार | साल बसाली | १४०० | पोषण सुधार कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | स्वास्थ्य संरचना सुदृढिकरण कार्यक्रम | स्वास्थ्य सेवाको सहज उपलब्धता | ०८२/८३ ०८२/८३ | ५०० | स्वास्थ्य संरचना सुदृढिकरण कार्यक्रम सञ्चालन भएको हुने |
| ८ | जनशक्ति व्यवस्थापन | स्वास्थ्य सेवामा सहजता | ०८२/८३ ०८३/८४ | ८०० | जनशक्ति व्यवस्थापन कार्यक्रम सञ्चालन भएको हुने |
| ९ | जनस्वास्थ्य सुधार कार्यक्रम | स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि | साल बसाली | १३०० | जनस्वास्थ्य सुधार कार्यक्रम सञ्चालन भएको हुने |
| १० | स्वास्थ्य तथा पोषण सम्बन्धी नीति निर्माण | कानूनी दस्तावेज तयार | ०८३/८४ ०८३/८४ | ५०० | स्वास्थ्य तथा पोषण सम्बन्धी नीति तर्जुमा भएको हुने |
| ११ | विपन्न, जटिल रोगी, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम | स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित | ०८२/८३ ०८४/८५ | १५०० | विपन्न, जटिल रोगी, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन भएको हुने |
| १२ | मातृशिशु तथा गर्भवती स्याहार कार्यक्रम | मातृ स्वास्थ्यमा सुधार | ०८२/८३ ०८४/८५ | १२५० | मातृशिशु तथा गर्भवती स्याहार कार्यक्रम सञ्चालन भएको हुने |
| १३ | स्वास्थ्य सेवा घरदैलो कार्यक्रम | सर्वसुलभ स्वास्थ्य सेवा | ०८२/८३ ०८४/८५ | ३५० | स्वास्थ्य सेवा घरदैलो कार्यक्रम सञ्चालन भएको हुने |
| १४ | स्वास्थ्य बीमा प्रवर्द्धन | स्वास्थ्यमा सबैको पहुँच | ०८२/८३ ०८३/८४ | ७०० | स्वास्थ्य बीमा प्रवर्द्धन भएको हुने |

### ४.२.६ जोखिम पक्ष तथा अनुमान

आधारभूत, विशेषज्ञ तथा आकस्मिक सेवा सम्बन्धी पूर्वाधारको विकास, प्राचिन र आधुनिक चिकित्सा प्रणालीको प्रयोग र संरक्षण, सरकारका नीति र नागरिकको सचेतना विस्तार, प्रजनन स्वास्थ-सुरक्षित गर्भपतन सम्बन्धी सेवाको विस्तार, नाक, कान, घाँटी तथा मुटु मृगौला लगायतका संवेदनशील अङ्गको सहज उपलब्धता, महिला तथा किशोरी शिक्षाको प्रचार-प्रसार, पोषण तथा खाद्य सुरक्षा लगायतका कार्यक्रममा विशेष ध्यान पुऱ्याउन सकिएमा गुणस्तरीय स्वास्थ सेवा सुनिश्चित गर्न सकिन्छ। अपर्याप्त साधन श्रोत र जनशक्तिको अभावमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ४.३ संस्कृति, भाषा, कला तथा साहित्य

### ४.३.१ पृष्ठभूमि

यो गाउँपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक तथा सांस्कृतिक विविधता एवं ऐतिहासिक महत्वका विभिन्न स्थानहरुले भरिपूर्ण रहेको छ। कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ। सदियौं देखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ। अर्कोतर्फ समुदायपिच्छे आ-आफ्ना धर्म, सँस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन्। ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकाले तिनीहरूको संरक्षण गर्नु जरुरी छ। यो गाउँपालिका पनि यस्ता मौलिक तथा साँस्कृतिक विविधतामा धनी गाउँपालिका हो। यहाँ श्री चम्पादेवी, गोलमादेवी मन्दिर, कोजुं कालिका देवीथान, सितापोखरी, सातकन्या गुफा, मालिङगे, चाम डाँडा, कालीका देवी थान, सिंहदेवी मन्दिर, कलेस्वर महादेब, बनढाडी दुलो, चमेरो गुफा, तामाखानी, गुम्वा, माने, ककनी मन्दिर, जम्वु चउर, लामीडाँडा लगायतका २० वटा भन्दा बढी धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरु रहेका छन्। राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार यहाँको कुल जनसंख्यामध्ये हिन्दु धर्म मान्ने सबैभन्दा बढी ८७.४ प्रतिशत रहेका छन्। यसैगरी दोस्रोमा बौद्ध धर्मावलम्बीहरु ९.१ प्रतिशत रहेका छन् भने जातजातिगत हिसाबले हेर्दा यहाँ सबैभन्दा बढी क्षेत्री, दोस्रोमा मगर र तेस्रोमा तामाङ जातिहरुको बसोबास रहेको छ। यसका साथै यहाँ , नेवार, सुनुवार, ब्राम्हण, परियार, विश्वकर्मा, गुरुङ लगायतका समुदायका व्यक्तिहरु बसोबास गर्दछन्। यहाँ बसोबास गर्ने विभिन्न जातजाति र सम्प्रदायका आ-आफ्नै किसिमको धर्म, सँस्कृति र चालचलनहरु छन्। यहाँ दशैं, तिहार, पर्व, माघे संक्रान्ति, होली, शिवरात्री, कृष्ण जन्माष्टमी, ल्होसार, उधौली, उभौली, बुद्ध पूर्णिमा तिज जस्ता विभिन्न चाडपर्व एवं साँस्कृतिक उत्सवहरु मनाउने गरिन्छ।

### ४.३.२ समस्या तथा चुनौती

स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणमा ठोस योजनाको कमी, युवा पुस्ताको उदासिनता, प्राचिनता र मौलिकता संरक्षण गर्ने तर्फ पर्याप्त अध्ययन अनुसन्धान, विभिन्न धार्मिक स्थलहरू मर्मत सम्भार नहुँदा जिर्ण अवस्थामा पुग्नु, विभिन्न जातिको भेषभुषा तथा भाषाको संरक्षण गर्नु, आर्थिक प्रलोभनमा पारी धर्म परिवर्तन गराउने परिपाटी रोक्नु, लगानी तथा अग्रसरताको कमी, स्थानीय पाठ्यक्रममा स्थानीय कला साहित्य संरक्षण सम्बन्धी विषय वस्तुको विकास र समावेश लगायतका विविध समस्या र चुनौती रहेका छन्।

### ४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सेवा तथा क्षेत्रको विस्तार, विविधिकरण, स्वरोजगारी-रोजगारी सिर्जना, आयमा वृद्धि |
| **लक्ष्य** |
| लोपोन्मुख हुँदै गएका कला, भाषा र संस्कृति संरक्षण गर्नु। |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय कला, भाषा, साहित्य तथा संस्कृतिमा पहिचान र प्रर्वद्धन गर्ने। |

## ४.३.४ रणनीति

१. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने ।
२. पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गर्ने ।
३. स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकता तर्फ आकर्षित गर्ने ।

## ४.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पार्क तथा भाषा संग्रहालय निर्माण | स्थानीय भाषाको संरक्षण | ०८२/८३ ०८३/८४ | १००० | पार्क तथा भाषा संग्रहालय निर्माण भएको हुने |
| २ | सम्पदा अध्ययन तथा वृत्तचित्र निर्माण | मौलिक सम्पदाको खोज अनुसन्धान तथा संरक्षण | ०८२/८३ ०८३/८४ | २५०० | सम्पदा अध्ययन तथा वृत्तचित्र निर्माण भएको हुने |
| ३ | स्थानीय सम्पदा संरक्षण | पर्यटन प्रवर्द्धन | ०८२/८३ ०८३/८४ | ४०० | स्थानीय सम्पदाको संरक्षण भएको हुने |
| ४ | साँस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | पर्यटन प्रवर्द्धन | ०८२/८३ ०८३/८४ | २०० | साँस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन भएको हुने |
| ५ | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम | परम्परा, मौलिकता र सँस्कृतिको संरक्षण | ०८२/८३ ०८३/८४ | १३०० | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम सञ्चालन भएको हुने |
| ६ | कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान | सर्जकको सम्मान | साल बसाली | ३०० | कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान भएका हुने |
| ७ | नियमित साँस्कृतिक गतिविधि, उत्सव आयोजना | मनोरञ्जन र सँस्कृतिको संरक्षण | ०८२/८३- ०८४/८५ | १५०० | नियमित सांस्कृतिक गतिविधि, उत्सव आयोजना भएको हुने |

## ४.३.६ जोखिम पक्ष तथा अनुमान

योजनाबद्ध साँस्कृतिक प्रदर्शनी, महोत्सव, मेलाको आयोजना, सर्जकलाई प्रोत्साहन, साँस्कृतिक समूहलाई प्रतिस्पर्धा, प्रदर्शनीमा भाग लिन प्रोत्साहन, कला संग्रहालयको निर्माण तथा स्थानीयबासीलाई मौलिकताको संरक्षणमा प्रोत्साहित गर्न सकिएमा कला सँस्कृतिको संरक्षणमा अपेक्षाकृत नतिजा हासिल गर्न सकिन्छ । बहुसरोकारवाला निकायको सहभागिता नभएमा क्षयिकरण हुँदै जाने जोखिम रहन्छ ।

## ४.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

सामाजिक जागरणको पर्याप्तता नभएको, राजनीतिक चेतनाको परिपक्वता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गीय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भैनसकेकाले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाईहरूको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन् । यसर्थ यस गाउँपालिकामा समेत यी सवालहरूको व्यापक सार्न्दभिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नुपर्ने देखिन्छ । नेपालको संविधानमा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार कुल जनसंख्या १६,३११ मध्ये ५१.८ प्रतिशत महिलाको जनसंख्या रहेको छ भने यहाँ ४८.२ प्रतिशत पुरुषहरु रहेका छन् । राज्यको मूलप्रवाहमा आउन नसकेको जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जिवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिश्चित नगरुञ्जेलसम्म सभ्य र सौहार्दपूर्ण समाजको परिकल्पना गर्न सकिदैन । त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड्न सहज हुन जान्छ ।

### ४.४.२ समस्या तथा चुनौती

जातिय तथा लैङ्गिक विभेदको अन्त्य नहुनु, लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरणमा गरिएको लगानी, कार्यक्रम र प्रयासले प्रभावकारी नतिजा ल्याउन नसक्नु, बाल हिंसा, महिला हिंसा, जेष्ठ नागरिक हिंसा, बाल विवाह तथा बहु विवाहको अन्त्य नहुनु, हिंसाका घटना लुकाउनु, सामाजिक रुपमा पिछडिको क्षेत्रमा अन्धविश्वास तथा गलत सामाजिक अभ्यासको बानी व्यवहार कायम रहनु, बालमैत्री गाउँपालिका घोषणा नहुनु, सामाजिक सुरक्षा र संरक्षणका दिगो र स्थायी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने तथा समता र समानतामा आधारित समाजको निमार्ण गर्नुपर्ने लगायतका समस्या र चुनौतीको विद्यमानता यस गाउँपालिकामा समेत रहेका छन् ।

### ४.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाको सभ्यता न्यायपूर्ण समाज र सामाजिक सौहार्दता |
| **लक्ष्य** |
| महिला, बालबालिका दलित, अपांग, पिछडिएका समूदाय, अल्पसंख्यक समूदायको सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने । |
| **उद्देश्यहरू** |
| • महिला र लक्षित वर्गका समूदायहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै मुलभूत अधिकार सुनिश्चित गर्नु ।<br>• बालबालिकाको सर्वाङ्गिण विकास गर्नु । |

### ४.४.४ रणनीति

१. आर्थिक तथा सामाजिक रुपमा पिछडिएको वर्गको क्षमता र आत्मनिर्भरता अभिवृद्धि गर्ने ।
२. स्थानीय संरचना, नीति तथा निर्णय प्रक्रियामा लक्षित वर्गको संलग्नता सुनिश्चित गर्ने ।
३. विभेद, हिंसा तथा कु-प्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यवहारिक प्रयत्न प्रभावकारी गराउने ।
४. किशोर किशोरीको व्यवसायीक क्षमता अभिवृद्धि गर्ने ।

### ४.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनर्स्थापना केन्द्रको स्थापना | पूर्नस्थापना केन्द्रको स्थापना | ०८२/८३ ०८३/८४ | १५०० | हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनर्स्थापना केन्द्रको स्थापना भएको हुने |
| २ | अपाङ्ग स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम | अपाङ्गता भएका व्यक्तिलाई रोजगारीको अवसर | ०८२/८३ ०८४/८५ | ११०० | अपाङ्ग स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनीकरण कार्यक्रम | जनचेतना अभिवृद्धि | साल बसाली | ६०० | लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनीकरण कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | सामाजिक विभेद तथा कु-प्रथा निरुपण कार्यक्रम | जनचेतना अभिवृद्धि | साल बसाली | ६५० | सामाजिक विभेद तथा कु-प्रथा निरुपण कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | अपाङगता सुरक्षाकोषको स्थापना | आश्रय र सुरक्षा | ०८२/८३-०८३/८४ | १५०० | अपाङगता सुरक्षाकोषको स्थापना भएको हुने |
| ६ | जेष्ठ नागरिक मिलन केन्द्रको स्तरोन्नती तथा वडागत रुपमा सेवा केन्द्र सञ्चालन | जेष्ठ नागरिकलाई सहजता | ०८२/८३ ०८३/८४ | १३०० | जेष्ठ नागरिक मिलन केन्द्रको स्तरोन्नती तथा वडागत रुपमा सेवा केन्द्र सञ्चालन भएको हुने |
| ७ | लक्षित वर्ग सञ्जाल सशक्तिकरण तथा परिचालन | लक्षित वर्गको क्षमता विकास | ०८२/८३ ०८४/८५ | ११०० | लक्षित वर्ग सञ्जाल सशक्तिकरण तथा परिचालन भएको हुने |
| ८ | महिला सशक्तिकरण तथा संस्थागत विकास | क्षमता विकास | ०८२/८३ ०८२/८३ | ११०० | महिला सशक्तिकरण तथा संस्थागत विकास आयोजना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ९ | एक वडा एक सहजकर्ता कार्यक्रम | उद्यमशीलतालाई प्रोत्साहन | ०८२/८३ ०८२/८३ | २१७० | एक वडा एक सहजकर्ता कार्यक्रम सञ्चालन भएको हुने |

### ४.४.६ जोखिम पक्ष तथा अनुमान

महिला, जेष्ठ नागरिक, दलित, लैङ्गिक रुपमा अल्पसंख्यक आदिको आवश्यकताको सहि पहिचान गरी सम्बोधनका कार्यक्रम प्रभावकारी रुपमा तयार भएमा मात्र मनो-सामाजिक सोच र व्यवहारमा परिवर्तन हुन्छ। घरेलु तथा यौनजन्य हिंसा विरुद्ध शुन्य सहशीलता, बालिका शिक्षामा लगानी, विकासका आयोजना/कार्यक्रम छनौट, निर्णय निर्माणमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिएमा महिला सशक्तिकरण, सामाजिक-आर्थिक नेतृत्व विकास हुने सम्भावना रहन्छ। प्राथमिकता र आवश्यकता अनुसारको स्रोत विनियोजन, बहु-सरोकारवाला पक्षको समन्वय हुन नसकेमा अपेक्षित उपलब्धि हुन नसक्ने जोखिम रहन्छ।

## ४.५ बालबालिका

### ४.५.१ पृष्ठभूमि

बालबालिकाको समग्र वर्तमान अवस्थाले भोलीको राष्ट्र तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संसाधन कस्तो हुनेछ भन्ने निर्धारण गर्दछ। तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरु नागरिकको दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्। त्यसकारण नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी बालअधिकार संरक्षणलाई राज्यको अनिवार्य दायित्व भित्र राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा दिगो विकास लक्ष्य समेत बालबालिका तथा किशोरकिशोरी माथि हुने सबै प्रकारका विभेद अन्त्य गर्ने तर्फ लक्षित रहेको छ। तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरू बाल अधिकारका अर्थात् नागरिक दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्, यी विषय आज हामीले भोलिको समाज र राष्ट्र निर्माणमा गरिने बृहत लगानीसँग गाँसिएका विषयहरू हुन्।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा कुल जनसंख्या मध्ये १४ वर्ष उमेरसम्मका बालबालिकाको संख्या ४४०२ अर्थात २६.९८ प्रतिशत रहेको छ। यो जनसांख्यिक हिसाबले जनसंख्याको ठूलो हिस्सा मानिन्छ। गाउँपालिकामा बालबालिकाको संख्या धेरै हुनुले राज्यले ठूलो रकम यी बालबालिकाको हेरचाह, स्वास्थ्य, शिक्षा र पोषणमा खर्च गनुपर्ने हुन्छ। बालबालिकाहरू स्वास्थ्य तथा पोषणका हिसाबले समेत पूर्ण सुरक्षित राख्नु गाउँपालिकाको दायित्वभित्र पर्दछ।

### ४.५.२ समस्या तथा चुनौती

सबै प्रकारका बालश्रम, बाल यौन शोषण, बालविवाह तथा बालहिंसाको अन्त्य गरी बालमैत्री शासनको स्थापना, बालमैत्री गाउँपालिका घोषणा नहुनु, बालबालिकाको शिक्षा, दिक्षा, पोषण र स्याहार सुसार सम्बन्धी चेतनाको विस्तार तथा उचित विकास र संरक्षणको लागि गाउँपालिकाले उचित नीति, बजेट र कार्यक्रम तर्जुमा गर्नुपर्ने दीर्घकालीन समस्या र चुनौती रहेका छन्।

## ४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| नैसर्गिक अधिकार पूर्ण बालमैत्री समाज |
| **लक्ष्य** |
| बालबालिकाको अधिकार अन्तर्गत स्वास्थ्य, पोषण, उचित स्याहार र शिक्षाका आधारभूत आवश्यकता पूरा गर्ने । |
| **उद्देश्यहरू** |
| बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु । |

## ४.५.४ रणनीति

१. बालअधिकार सम्बन्धी जनचेतना जागरण गर्ने ।
२. अति विपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।
३. बालअधिकार सम्बन्धी नीतिगत सुधार तथा व्यवस्था गर्ने ।

## ४.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | बाल अधिकार सम्बन्धी सचेतना अभिवृद्धि | साल बसाली | ५०० | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन भएको हुने |
| २ | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | शिक्षा स्वास्थ्य र पोषणमा सबै बालबालिकाको पहुँच सुनिश्चित | ०८२/८३ ०८२/८३ | २०० | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध भएको हुने |
| ३ | वडा स्तरीय बाल संजाल, बाल क्लब तथा समूहहरु गठन तथा परिचालन | बालबालिका परिचालन | ०८२/८३-०८२/८३ | २००० | वडा स्तरीय बाल संजाल, बाल क्लब तथा समूहहरु गठन तथा परिचालन भएको हुने |
| ४ | बालश्रम र बालविवाह मुक्त गाउँपालिका घोषणा | बालमैत्री गाउँपालिका | ०८२/८३ ०८३/८४ | ५०० | बालश्रम र बालविवाह मुक्त गाउँपालिका घोषणा भएको हुने |
| ५ | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभिवृद्धि | ०८२/८३-०८४/८५ | ७०० | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान सञ्चालन भएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम | बालबालिकाको नेतृत्व विकास | ०८२/८३-०८४/८५ | ३०० | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम सञ्चालन भएको हुने |
| ७ | बाल हेल्पलाईन सञ्चालन | समस्यामा परेका बालबालिकालाई सहयोग | ०८२/८३ ०८३/८४ | २०० | बाल हेल्पलाईन सञ्चालन भएको हुने |

### ४.५.६ जोखिम पक्ष तथा अनुमान

बालमनोविज्ञान, बाल आवश्यकता, रुची र चाहना तथा समयको माग अनुकुलका तहगत सरकारका नीति, विधी र कार्यक्रम तथा शिक्षा प्रणालीको विकास गरिएमा भविष्यको लागि आवश्यक जनशक्ति र प्रतिस्पर्धी कर्णधारको विकास गर्न सम्भव हुन्छ। नैतिकता, सामाजिक मुल्य, मान्यता, अनुशासन जस्ता विषयमा बालबालिकालाई मूलप्रवाहिकरण गर्न नसकिएमा समग्र देशको भविष्य नै अन्यौलग्रस्त हुन सक्छ।

## ४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार

### ४.६.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरु हुन्। युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन्। राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकाभित्र १५ देखि ५९ वर्ष सम्मका सक्रिय युवाको संख्या ९४७३ अर्थात ५८.०७७ प्रतिशत रहेको छ। काम गर्न सक्ने उच्च उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांश हो। यो सक्रिय जनसंख्याको उपस्थिति मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ हो।

### ४.६.२ समस्या तथा चुनौती

श्रमको सम्मान गर्ने भावना, सीप, स्वरोजगार र उद्यमशिलता विकास गर्ने शिक्षा प्रणालीको विकास, सकारात्मकता, सामाजिक सद्भाव र सामुदायिक विकासमा योगदान सम्बन्धी चेतनाको विस्तार, विदेश गएकाहरूलाई स्वदेशमै रोजगार सिर्जना, युवा जनशक्तिलाई यथोचित अभिमूखीकरण तथा तालिमको व्यवस्था हुन नसक्नु, अनुशासन र सामाजिक कु-संस्कार उन्मुलन योगदानमा युवाको संलग्नता वृद्धि कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्ने चुनौती रहेका छन्। युवा पलायनलाई रोक्न ठोस योजनाको कमी जस्ता समस्या समेत विद्यमान रहेका छन्।

### ४.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वस्थ, सु-शिक्षित तथा समावेशी गाउँपालिका |

| लक्ष्य |
|---|
| युवालाई आर्थिक, सामाजिक तथा खेलकुदमा संलग्न गराई उद्यमशीलता र रोजगारी सिर्जना गर्ने |

| उद्देश्यहरू |
|---|
| ✓ युवाहरुको सर्वाङ्गिण विकासका लागि उद्यमशीलता र रोजगार प्रवर्द्धन गर्नु । <br> ✓ युवाहरुलाई खेलकुद क्षेत्रमा संलग्न गरी सिर्जनशीलता र प्रचारप्रसार गर्नु । |

## ४.६.४ रणनीति

१. युवा परिचालन रणनीति तयार गर्ने ।
२. युवा वर्गमा अग्रसरता, नवप्रर्वतन तथा उद्यमशिल संस्कृतिको विकास गर्ने ।
३. युवा रोजगारीलाई व्यवस्थित र पूँजी निर्माणयुक्त बनाउने ।
४. खेलकुद विकासको आधार तयार गर्ने ।

## ४.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा रोजगारी प्रवर्द्धन कार्यक्रम | रोजगारीका लागि बाहिरिने युवाहरूको बारेमा जानकारी | ०८२/८३ ०८२/८३ | ३०० | युवा रोजगारी प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको हुने |
| २ | युवा उत्प्रेरणा कार्यक्रम | युवामा नेतृत्व क्षमताको अभिवृद्धि | साल बसाली | ५०० | युवा उत्प्रेरणा कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | विप्रेशणको उत्पादनशील प्रयोगका लागि युवा वर्गलाई प्रशिक्षण कार्यक्रम | युवालाई प्रोत्साहन | साल बसाली | १२५० | विप्रेशणको उत्पादनशील प्रयोगका लागि युवा वर्गलाई प्रशिक्षण कार्यक्रम व्यवस्था भएको हुने |
| ४ | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी नेतृत्व विकास तथा उद्यमशिलता विकास तालिम | नेतृत्व विकास | ०८२/८३ ०८२/८३ | १५०० | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी नेतृत्व विकास तथा उद्यमशिलता विकास तालिम प्रदान भएको हुने |
| ५ | बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई माथि उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन | क्षमता विकास | ०८२/८३ ०८२/८३ | १३०० | बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई माथि उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन भएको हुने |

### ४.६.६ जोखिम पक्ष तथा अनुमान

पालिका क्षेत्रमा बसोबास गर्ने युवाको अवस्था पहिचान गरी आवश्यकता सम्बोधन गर्ने विशिष्ट र सामान्य प्रकृतिका कार्यक्रम तर्जुमा, नवप्रवर्तनकारी सोच, व्यवसायिक खोजकर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक-प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन् । युवा लक्षित नीति/कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भावमा खलल, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन पुगी समाज अवन्नतिको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.७ खेलकुद तथा मनोरञ्जन

### ४.७.१ पृष्ठभूमि

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल, फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धन मार्फत विश्व परिचित मात्र नभई खबौं डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारत समेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आबद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ । यस गाउँपालिकाले पनि आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ ।

### ४.७.२ समस्या तथा चुनौती

खेलकुद क्षेत्रको विकासका लागि दीर्घकालिन सोचको अभाव, खेलाडीमा व्यवसायिकताको कमी, आधुनिक र सुविधा सम्पन्न खेल र मनोरञ्जनात्मक पूर्वाधारको अभाव, स्थानीयस्तरमा खेलकुद प्रशिक्षकको अभाव, खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु, समयसापेक्ष क्षेत्रीय र राष्ट्रियस्तरका प्रतिस्पर्धाको आयोजना नहुनु लगायतका समस्या र चुनौती यस गाउँपालिकामा विद्यमान रहेका छन् ।

### ४.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शारीरिक र मानसिक रुपमा स्वस्थ नागरिक निर्माण |
| **लक्ष्य** |
| शारीरिक स्वास्थ्य र मानसिक सन्तुलनका लागि आधारभूत खेलकुद र मनोरञ्जनका पूर्वाधार विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु ।<br>✓ युवा वर्गको सृजनशिलता तथा उद्यमशिलताको अवसरमा अभिवृद्धि गर्नु । |

### ४.७.४ रणनीति

१. खेल पूर्वाधार निर्माण, खेलाडीलाई उचित अवसर र प्रोत्साहन मार्फत युवाको सृजनशिलता विकास गर्ने ।

### ४.७.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकास्तरीय कवर्डहल निर्माण तथा सञ्चालन | खेलकुदको विकासमा जोड | ०८२/८३-०८४/८५ | २२०० | गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण तथा सञ्चालन भएको हुने |
| २ | खेलकुद पूर्वाधार विकास कार्यक्रम | पूर्वाधार विकास | ०८२/८३-०८२/८३ | ७०० | खेलकुद पूर्वाधार विकास कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | नियमित रुपमा खेलकुद आयोजना | खेलाडी प्रोत्साहन | साल बसाली | १००० | खेलकुदको आयोजना भएको हुने |
| ४ | एक विद्यालय एक खेल शिक्षकको व्यवस्था | खेलाडी प्रोत्साहन | ०८२/८३ ०८४/८५ | ९०० | एक विद्यालय एक खेल शिक्षकको व्यवस्था भएको हुने |
| ५ | विद्यालयमा खेल मैत्री वातावरण निर्माण | स्वास्थ्य र मनोरञ्जनमा जोड | ०८२/८३-०८४/८५ | १००० | विद्यालयमा खेल मैत्री वातावरण निर्माण भएको हुने |
| ६ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता संचालन | स्वस्थ प्रतिस्पर्धा र अनुशासनको विकास | साल बसाली | २२०० | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन भएको हुने |

### ४.७.६ जोखिम पक्ष तथा अनुमान

पर्यावरण र मनोरञ्जनात्मक गतिविधिबिच सन्तुलन कायम, वडा, गाउँ, प्रदेश र राष्ट्रियस्तरका खेलमा गाउँपालिकाबाट प्रतिनिधित्व, परम्परागत मनोरञ्जनका माध्यमको संस्थागत संरक्षण भई स्वस्थ र समुन्नत गाउँको विकास भएको हुनेछ । स्वास्थ्य, अनुशासन, मनोरञ्जनात्मक गतिविधि सञ्चालनमा पर्याप्त स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन गर्न नसकिएमा समाज पहिचानविहिन र यान्त्रिक हुने जोखिम रहन्छ ।

## ४.८ सामाजिक सुरक्षा

### ४.८.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । जस अनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएको छ । अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन

गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकाले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ ।

## ४.८.२ समस्या तथा चुनौती

लक्षित समुहको सहि पहिचान र अभिलेख व्यवस्थापन, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात गर्नु, सामाजिक सुरक्षा सम्बन्धी जनचेतनामा वृद्धि गर्नु, दीर्घकालीन र जीवनस्तर सुधार गर्ने सामाजिक सुरक्षाका कार्यक्रम तर्जुमा र तीनै तहका सरकारबाट प्रदान गरिने कार्यक्रमबिच सामञ्जस्यता कायम गर्नुपर्ने जस्ता समस्या र चुनौती विद्यमान रहेका छन् ।

## ४.८.३ दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| अशक्त अवस्थामा निश्चिन्तता सामाजिक सुरक्षा |
| **लक्ष्य** |
| असक्षम र अशक्त भई जीवन निर्वाह गर्न नसक्ने अवस्थाका सबैलाई राज्यद्वारा अभिभाकत्व दिने । |
| **उद्देश्यहरू** |
| ✓ सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र अशक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु । |

## ४.८.४ रणनीति

१. सामाजिक सुरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने ।

## ४.८.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | सामाजिक सुरक्षा तथ्याङ्क प्रणाली निर्माण | ०८२/८३ ०८२/८३ | ७०० | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण भएको हुने |
| २ | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निर्क्यौल र दायरा वृद्धि गर्न अध्ययन | एकीकृत सामाजिक सुरक्षा प्रणालीको विकास | ०८३/८४ ०८३/८४ | ३०० | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निर्क्यौल र दायरा वृद्धि गर्न अध्ययन भएको हुने |
| ३ | योगदानमा आधारित सामाजिक सुरक्षा | योगदानमा आधारित सामाजिक सुरक्षा | साल बसाली | १५०० | योगदानमा आधारित सामाजिक सुरक्षा प्रदान भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | जनचेतनामूलक कार्यक्रम सञ्चालन | जनचेतना अभिवृद्धि | साल बसाली | ३०० | जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ४.८.६ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षाका वास्तविक लाभग्राहीको पहिचान, योगदानमा आधारित र दिगो सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, तहगत सरकारको समन्वयात्मक पहल हुन सकेमा सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी हुन्छन् । गाउँपालिकाको आय, वित्तीय हस्तान्तरण लगायतका पक्षलाई ध्यान नदिई वितरणमूखी कार्यक्रम सञ्चालन गर्न नसकिएमा सामाजिक सुरक्षाका कार्यक्रमको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

**नतिजा सूचकहरू**

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| १ | **स्वास्थ्य** | | | |
| | औसत आयु | आयु | ७० | ७१ |
| | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या | प्रतिशत | १०० | १०० |
| | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल) पुग्न लाग्ने औषत समय | मिनेट | ३० | १५ |
| | २५०० ग्राम भन्दा कम जन्मतौल भएका शिशुहरु | प्रतिशत | | <५ |
| | कुपोषणका कारण ५ वर्षमुनीमा पुड्कोपन | प्रतिशत | ३३ | २० |
| | कुपोषणका कारण ५ वर्ष मुनीका बालबालिकामा उचाई अनुसारको कम तौल भएकाहरु | | १३ | १३ |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | ९० | १०० |
| | दक्ष प्रसुती कर्मीबाट प्रसूति सेवा प्राप्त गर्ने महिला | प्रतिशत | ८० | ९५ |
| | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु | प्रतिशत | ९ | १५ |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ४३ | ६० |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ८० | १०० |
| | स्वास्थ्य वीमा गर्ने नागरिक | प्रतिशत | ४० | ८० |
| | स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | संख्या | ५५ | ९० |
| | घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | ५ | १५ |
| | नागरिक आरोग्य कार्यक्रम संचालन | संख्या | २ | १० |
| | आधारभूत स्वास्थ्य सेवाहरु उपलब्ध भएका वडाहरु | संख्या | १० | १० |

| क.सं. | सूचक | इकाइ | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था | संख्या | ६ | २० |
| | क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ७७ | ७७ |
| | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति संचालन गर्ने संस्था | संख्या | ० | १० |
| | सामुदायिक संस्थाको सहभागितामा संचालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | संख्या | ० | १० |
| | गाउँघर /शहरी स्वास्थ्य क्लिनिकको संख्या | संख्या | ३० | ६० |
| | संचालनमा रहेको पालिका स्तरीय अस्पतालमा उपलव्ध शैया संख्या | संख्या | १ | २ |
| | महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारको अभावमा मृत्यु हुने | संख्या | ० | ० |
| | महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारका लागि उपकरण एवं जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रयस्थल | संख्या | १ | १० |
| | | | | |
| २ | **शिक्षा** | | | |
| | साक्षरता दर | प्रतिशत | ६८.३ | ८५ |
| | विद्यालय वाहिर रहेका ५-१५ वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | २ | ० |
| | आधारभूत तह सम्मको उत्तिर्ण दर | प्रतिशत | १०० | १०० |
| | माध्यामकि तह (९-१२) को खुद भर्नादर | प्रतिशत | ८२ | १०० |
| | कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ६० | १०० |
| | कक्षा ८ सिकाई उपलब्धि दर | प्रतिशत | ८५ | १०० |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९० | १०० |
| | बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | १०० | १०० |
| | बालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | ३२ | ४१ |
| | बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना भएको विद्यालय | संख्या | ३८ | ४१ |
| | आइसिटि सेवा उपलव्ध भएको विद्यालय | संख्या | ८ | ४१ |
| | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ९ | १० |
| | छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | ३३० | ५०० |
| | बालक्लव गठन भएका विद्यालय | संख्या | ८ | ४१ |
| | महिला शिक्षकको अनुपात (शिक्षकसंग) | संख्या | ३७ | ५० |
| | महिलामैत्री विद्यालय | संख्या | ९ | ४० |

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| | अपाङ्ग मैत्री विद्यालय | संख्या | ९ | ४० |
| | बालमैत्री विद्यालय | संख्या | ९ | ४० |
| | विषयगत तालिम प्राप्त शिक्षकहरु | संख्या | | |
| | दिवा खाजा प्रदान गर्ने विद्यालयहरु | संख्या | ४० | ४० |
| | सेनेटरी प्याड र नर्स सेवा उपलब्ध भएको विद्यालय | संख्या | ९ | ९ |
| | विपद् , महामारी लगायत विविध कारणबाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमबाट अध्यापन गर्ने विद्यालय | संख्या | ० | ९ |
| | उच्च शिक्षा अध्यापन गर्ने (क्याम्पस) शिक्षण संस्था | संख्या | १ | ३ |
| | सिटिइभिटिबाट सम्वर्द्धनमा संचालित प्राविधिक विद्यालय | संख्या | १ | ३ |
| | सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन गराउने विद्यालय | संख्या | १ | ३ |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | ० | ५ |
| | नियमित अध्ययन गर्न नसक्ने विद्यार्थीका लागि माध्यामिक तहसम्मको खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय | संख्या | ० | १ |
| | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट लाभान्वित विद्यालय | संख्या | ३ | ४० |
| | जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण भएका विद्यालय | संख्या | २ | ० |
| | | | | |
| ३ | **लै स सा स** | | | |
| | महिलाको औषत आयु | प्रतिशत | ७१ | ७४ |
| | महिलाको औषत आयु | प्रतिशत | ७१ | ७४ |
| | रोजगारी, पेशाा, व्यवसायमा महिलाको उपस्थिति | प्रतिशत | | |
| | महिला साक्षरता दर | प्रतिशत | ६०.२ | ८० |
| | राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट लाभान्वित महिला | प्रतिशत | ० | १५ |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | १५० | ५०० |
| | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि बजेट व्यवस्था | रु. | ५ लाख | १६ लाख |
| | सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | १२.२ | ६० |
| | घरव्यवहार तथा कारोबार सम्बन्धि निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | १२.२ | ५० |
| | महिला संजाल तथा आमा समूहहरु | संख्या | ६९ | १२० |
| | अन्तरपाटी महिला संजाल | संख्या | ० | १ |
| | बहुविवाह दर | प्रतिशत | ० | ० |
| | एकल महिला सुरक्षा कोषमा जम्मा भएको रकम | रु. | - | १० |

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| | | | | लाख |
| | कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक | संख्या | २ | १५ |
| | हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनर्स्थापना केन्द्र | संख्या | ० | ६ |
| | बाल विवाह (कूल जनसंख्याको) | प्रतिशत | ० | |
| | बालवालिका विरुद्ध हुने हिंसा, बेचबिखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटना | संख्या | ० | ० |
| | वडास्तरीय बालसंजाल, समूह, क्लव गठन | संख्या | ० | १९ |
| | बालश्रम तथा शोषण रहेका बालवालिका | संख्या | ० | ० |
| | असहाय, वेसहारा तथा आश्रयहीन बालवालिका | संख्या | १५ | ० |
| | बाल सहभागिता भएका समितिहरुको संख्या (विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, आदि) | सख्या | १७ | ५९ |
| | क्रियाशील अपाङ्गत क्लव | संख्या | ० | २ |
| | अपाङ्गतको शिक्षा, स्वास्थ्य, सीप तथा क्षमता विकास र रोजगारी वृद्धिका लागि संचालित कार्यक्रमहरु | रु. | १ | १० |
| | व्यवसायिक सीप तथा क्षमता विकास भएका अपाङ्गता | संख्या | ५ | ५० |
| | असहाय, अशक्त, बेवारिसे ज्येष्ठ नागरिकको संख्या | संख्या | ० | ० |
| | स्थानीय संस्थाबाट संचालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लवबाट लाभान्वित ज्येष्ठ नागरिक | संख्या | ० | ० |
| | सामाजिक सुरक्षाबाट लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० |
| | गरिवसंग विश्वेश्वर कार्यक्रमबाट लाभान्वित समूह | संख्या | ० | ० |
| | परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी समिति, संयन्त्र तथा संजालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३३ | ५० |
| | | | | |
| ४ | **युवा तथा खेलकुद** | | | |
| | युवाहरुको रोजगारीको अवस्था | प्रतिशत | ४० | ७० |
| | युवाहरुको कूल वेरोजगारीता | प्रतिशत | ६० | ३० |
| | शिक्षित युवा वेरोजगारी (एइइ वा सो भन्दा माथिको शिक्षा आर्जन) | संख्या | २० | ५ |
| | आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हाँसिल गरेको युवा | संख्या | १७०० | ५७०० |
| | आयमूलक व्यवसायिक सीप विकास तालिमबाट रोजगार तथा स्वरोजगार युवा | संख्या | ३७५ | १५०० |
| | उद्योग, व्यापार व्यवसायमा युवाहरुको आवद्धता | प्रतिशत | २ | २५ |

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|
| | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रबाट लाभान्वित युवाहरु | संख्या | ७६ | २१५ |
| | युवा स्वरोजगार कोष अन्तर्गत स्वरोजगार कर्जा कार्यक्रमबाट युवाहरु | संख्या | ० | ५० |
| | स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता | प्रतिशत | ७५ | ८० |
| | युवा क्लव, संजाल तथा संस्था | संख्या | १२ | २० |
| | युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र | संख्या | ० | ५ |
| | कवर्डहल तथा खेलकुद मैदान | संख्या | १२ | ३० |
| | पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | १ | १० |
| | | | | |
| **५** | **कला संस्कृति** | | | |
| | लोपोन्मुख कला, भाषा र संस्कृति संरक्षणमा अध्ययन अनुसन्धान | संख्या | ० | ३ |
| | कला, भाषा, संस्कृति र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | ० | १० |
| | संरक्षित कला, सँस्कृति र सम्पदा | संख्या | ५ | १० |
| | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व | संख्या | १ | ३ |
| | स्थानीय लोपन्मुख भाषाहरु | संख्या | ४ | ० |
| | वोलीचालीका स्थानीय भाषाहरु | संख्या | ७ | ७ |
| | स्थानीयभाषा, कला, संस्कृति झल्किने म्युजियम तथा कला केन्द्र | संख्या | ० | १ |
| | स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति | संख्या | ० | १० |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धि भएका अध्ययन तथा अनुसन्धान | संख्या | १ | १२ |
| | स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन | संख्या | ० | १३ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०८१*

# परिच्छेद - ५: पूर्वाधार विकास

## ५.१ खानेपानी तथा सरसफाई

### ५.१.१ पृष्ठभूमि

गाउँपालिकाको अधिकांश भू-भागहरु जंगल तथा पहाडी क्षेत्र भएकाले जलस्रोत पर्याप्त मात्रा रहेको छ। गाउँपालिकाको आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार प्रत्येक वडामा खानेपानीका योजना सञ्चालनमा छन्। यहाँको वडा नं १ मा पलापु वृहत लिफ्टिङ खानेपानी योजना, वडा नं २ मा लिफ्टिङ खानेपानी आयोजना, वडा नं ३ मा कमीलो चौर खानेपानी आयोजना, सिलखोला खानेपानी आयोजना, कालिका पम्पिङग खानेपानी आयोजना, वडा नं ४ मा वृहत खानेपानी योजना, ग्रामिण विकास खानेपानी आयोजना, वडा नं ५ मा भोटेखोला, गोपेखोला खानेपानी योजना, महावीर खानेपानी आयोजना, वडा नं ६ मा निगुरे खानेपानी आयोजना, काडोबारी खानेपानी आयोजना, चुच्चे खोला खानेपानी आयोजना, जल्किनी खानेपानी आयोजना, वडा नं ७ मा लने खोला खानेपानी आयोजना, धोक खोला खानेपानी आयोजना, गुँरासे खोला खानेपानी आयोजना, टाउके खोला खानेपानी आयोजना, असारे खोला खानेपानी आयोजना, कोलचौर खोला खानेपानी आयोजना, वडा नं ८ मा विलन्दु खानेपानी आयोजना, वडा नं ९ मा ढोढने खानेपानी आयोजना, भस्मे खानेपानी आयोजना र वडा नं १० मा खरीभित्ता खानेपानी आयोजना, लहनी खानेपानी आयोजना, जम्वु चौर खानेपानी आयोजना, ध्याङले् खानेपानी आयोजना रहेका छन्। खानेपानी आयोजनाले ७३ प्रतिशत गाउँवासीको माग सम्बोधन गरेको तथ्याङक रहेको छ।

### ५.१.२ समस्या तथा चुनौती

शुद्ध र स्वस्थ पिउने पानीको अभावमा टाइफाईड, झाडापखाला, आउँ जस्ता सरुवा रोगहरूको संक्रमण वर्षेनी फैलिन गई हुने मानवीय जीवनको क्षति नियन्त्रण गर्नु, सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसक्नु, पिउने पानी शुद्धिकरण सम्बन्धी उपायको अवलम्बन सम्बन्धी जनचेतनाको विस्तार गर्नु, वैज्ञानिक रुपमा फोहोरमैला व्यवस्थापन हुन नसक्नु, मानव तथा पशुजन्य विकारलाई पानीको मुहानभन्दा टाढा व्यवस्थापन गर्नु लगायतका समस्या र चुनौतीको विद्यमानता यस गाउँपालिकामा समेत रहेका छन्।

### ५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, स्वस्थ र सुन्दर गाउँपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई |
| **लक्ष्य** |
| खानेपानी तथा सरसफाइ सुविधामा पहुँच बृद्धि भएको हुने। |
| **उद्देश्यहरू** |
| ✓ आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु।<br>✓ मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्नु। |

## ५.१.४ रणनीति

१. स्वच्छ खानेपानीमा सबैको सहज पहुँच स्थापना गर्ने ।
२. खानेपानी व्यवस्थापनका लागि संरचनात्मक व्यवस्थाको विकास गर्ने ।
३. फोहोरमैला व्यवस्थापनका लागि साझेदारी तथा सहकार्य गर्ने ।

## ५.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एकीकृत खानेपानी व्यवस्थापन ऐन तयारी | नीतिगत दस्तावेज तय | ०८२/८३ ०८२/८३ | ५०० | एकीकृत खानेपानी व्यवस्थापन ऐन तयारी भएको हुने |
| २ | खानेपानी आयोजना मर्मत | खानेपानीको उचित व्यवस्थापन | ०८२/८३ ०८३/८४ | ८००० | खानेपानी आयोजनाको मर्मत तथा सम्भार भएको हुने |
| ३ | सार्वजनिक शौचालय निर्माण | शौचालय प्रयोगलाई प्रोत्साहन | ०८२/८३ ०८३/८४ | ९००० | सार्वजनिक शौचालय निर्माण भएको हुने |
| ४ | खानेपानीको गुणस्तर परीक्षण तथा सुधार | स्वस्थ खानेपानी आपूर्ति | ०८२/८३-०८२/८३ | ८०० | खानेपानीको गुणस्तर परीक्षण तथा सुधार भएको हुने |
| ५ | सरसफाई सम्बन्धी सचेतनामूलक कार्यक्रम | सहकार्य र साझेदारीमा आधारित फोहोरमैला व्यवस्थापन | साल बसाली | ३०० | सरसफाई सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |
| ६ | साधारण खाल्टे शौचालय घरधुरी प्रयोग गर्ने घरधुरीका लागि प्यान भएको शौचालय निर्माणमा अनुदान | फोहोरको उचित व्यवस्थापन | ०८३/८४ ०८४/८५ | १८०० | साधारण खाल्टे शौचालय घरधुरी प्रयोग गर्ने घरधुरीका लागि प्यान भएको शौचालय निर्माणमा अनुदान वितरण भएको हुने |
| ७ | फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण र सञ्चालन | फोहोरमैलाको उचित व्यवस्थापन | ०८३/८४ ०८४/८५ | १००० | फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण र सञ्चालन भएको हुने |
| ८ | सघन बस्ती क्षेत्रमा ढल निर्माण | व्यवस्थित बस्ती विकास | ०८२/८३-०८३/८४ | १००० | सघन बस्ती क्षेत्रमा ढल निर्माण भएको हुने |
| ९ | प्लास्टिकको प्रयोगलाई निरुत्साहित कार्यक्रम तय | स्वच्छ पालिका निमार्ण | सालबसाली | ५०० | प्लास्टिकको प्रयोगलाई निरुत्साहित कार्यक्रम तय भएको हुने |

### ५.१.६ जोखिम पक्ष तथा अनुमान

पिउनयोग्य खानेपानीको मुहान पहिचान हुने, स्वच्छ पिउने पानी वितरण प्रणाली स्थापना हुने, पिउने पानी शुद्धीकरणको विधिबारे गाउँपालिकाबासी सचेत भएका हुने, मानवजन्य र अन्य फोहोरमैलाको उचित व्यवस्थापन भई सफा र हराभरा गाउँ निर्माण हुने, खानेपानी र फोहोरमैला व्यवस्थापनमा सामुदायिक र निजी संस्थाको संलग्नतामा सुविधा सम्पन्न गाउँ विकास भएको हुने। उचित योजना, मुहान संरक्षणको अभाव, आयोजना निर्माणको अनुगमन तथा मुल्याङ्कन हुन नसकेको खण्डमा खानेपानी सम्बन्धी मौलिक हक तथा दिगो विकासका लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ।

## ५.२ सिँचाई

### ५.२.१ पृष्ठभूमि

पहाडी भू-भागमा अवस्थित यो गाउँपालिकामा भिरालो जमिनको प्रधानता रहेता पनि यहाँको समृद्धिको प्रमुख संवाहक नै वन र कृषि क्षेत्र हुन्। यहाँ धान, गहुँ, मकै जस्ता खाद्यान्न बाली साथै फलफूल बाली, तरकारी उत्पादनमा राम्रो सम्भावना रहेको छ। यहाँको सबै खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा विस्तार हुन सकेको छैन्। सिँचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिँचाई आयोजनाहरू निर्माण गरी सिँचाई कार्य गर्नु नितान्त जरुरी छ।

### ५.२.२ समस्या तथा चुनौती

परम्परागत सिँचाई प्रणालीलाई समयसापेक्ष परिवर्तन गर्नु, वातावरण अनुकुल र श्रोतको उपलब्धताको आधारमा सिँचाईका विभिन्न विकल्प विकास गर्नु, डिप बोरिङको उचित व्यवस्थापन नहुनु, परम्परागत प्रविधिमा आधारित कुलो तथा नहरहरुको मर्मत तथा सम्भार हुन नसक्नु, पोखरी र खोलानालाहरुमा मानविय क्रियाकलापका कारण अतिक्रमण बढ्नु, उपलब्ध जलाधार र जलस्रोतको उपयोग गर्न दिगो योजनाको विकास गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

### ५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| बाह्रै महिना पूर्ण सिँचाईयुक्त गाउँपालिका |
| **लक्ष्य** |
| कृषियोग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग गर्ने |
| **उद्देश्यहरू** |
| ✓ विकसित सिँचाइ प्रणालीमा व्यवस्थापन सुदृढीकरण गरी दीगोपन बढाउनु। <br> ✓ सिँचाइको आवश्यकता भएको स्थान र समयमा निर्वाध रूपमा पानीको उपलब्धता बढाउनु। |

## ५.२.४ रणनीति

१. सिँचाइ सम्बन्धि नीतिगत दस्तावेजहरु तय गर्ने तथा योजनाहरु पूर्ण रुपमा कार्यान्वयनमा लैजाने ।
२. उच्च प्रतिफलयुक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाई प्रणालीको विकास गर्ने ।
३. विद्यमान सिँचाइ पूर्वाधारको स्तरोन्नती तथा आवश्यकताको आधारमा पुर्नस्थापना गर्ने ।
४. जलाधारको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने ।

## ५.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिँचाई योजना निर्माण पुर्ननिर्माण | सिँचित क्षेत्रफमा वृद्धि | ०८२/८३ ०८४/८५ | १००० | सिँचाई योजना पुर्ननिर्माण भएको हुने |
| २ | सिँचाई कूलो निर्माण तथा विस्तार | सिँचाई सुविधा विस्तार | ०८२/८३- ०८३/८४ | ११००० | सिँचाई कूलो निर्माण भएको हुने |
| ३ | बैकल्पिक सिँचाई प्रवर्द्धन कार्यक्रम | सिँचाईको उचित व्यवस्थापन | ०८२/८३ ०८३/८४ | ८०० | बैकल्पिक सिँचाई प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | पानीको मुहान संरक्षण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | मुहान संरक्षण | सालबसाली | ५०० | पानीको मुहान संरक्षण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | ठूला कृषि उत्पादन क्षेत्रमा सिँचाईको विशेष व्यवस्था | कृषि पूर्वाधारको व्यवस्था | ०८२/८३- ०८४/८५ | ११००० | ठूला कृषि उत्पादन क्षेत्रमा सिँचाईको विशेष व्यवस्था भएको हुने |
| ६ | आकाशे पानी संकलनको व्यवस्था | सिँचाईको वैकल्पिक व्यवस्था | ०८२/८३ ०८३/८४ | १५०० | आकाशे पानी संकलनको व्यवस्था भएको हुने |
| ७ | सिँचाई उपभोक्ता समिति तालिम | जिम्मेवार उपभोक्ता समिति | ०८२/८३ ०८२/८३ | ५०० | सिँचाई उपभोक्ता समिति तालिम प्रदान भएको हुने |
| ८ | हरित क्षेत्र विकास कार्यक्रम सञ्चालन | हरित क्षेत्र विकास कार्यक्रम | ०८२/८३ ०८२/८३ | १००० | हरित क्षेत्र विकास कार्यक्रम सञ्चालन भएको हुने |
| ९ | जलवायु अनुकुलन तथा प्रभाव न्युनीकरण कार्यक्रम सञ्चालन | पर्यावरणमैत्री र जलवायु अनुकुल जीवनपद्धतिको निर्माण | साल बसाली | ५०० | जलवायु अनुकुलन तथा प्रभाव न्युनीकरण कार्यक्रम सञ्चालन भएको हुने |
| १० | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन | जलाधार व्यवस्थापन | ०८२/८३ ०८२/८३ | ५०० | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन भएको हुने |

### ५.२.६ जोखिम पक्ष तथा अनुमान

कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध भई उत्पादन वृद्धि हुने, जलाधार क्षेत्रको पहिचान, प्रयोग र संरक्षण भएको हुने, बहुउपयोगी जलाशय निर्माण भएको हुने, आलोपालो प्रणाली मार्फत सिँचाईको समानुपातिक सुविधा पुगेको हुने, जलवायु अनुकुल उत्पादन र सिँचाई प्रणाली प्रयोगमा आएको हुनेछ । उल्लिखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा पानीको प्राकृतिक स्रोतको संरक्षण नहुने, परम्परागत र आधुनिक नहरको नियमित मर्मत सम्भार नहुने र कृषियोग्य भूमि बाँझो रहने तथा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ५.३ ऊर्जा

### ५.३.१ पृष्ठभूमि

कुनै पनि स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आवधिक योजनाको तथ्याङ्क अनुसार वडा नं २ मा ५ प्रतिशत, वडा नं ३ मा २ प्रतिशतमा विद्युत पहुँच छ । अन्य वडामा ८० प्रतिशत भन्दा बढि पहुँच भने वडा नं ५ र ९ अझै पनि विद्युत पहुँच पुगेको छैन । विद्युत नपुगेको वडाहरुमा सोलार, बायो ग्याँस जस्ता वैकल्पिक उर्जाको प्रयोग भएको पाइन्छ । वडरे, सुतींबारी, दलाङ डाँडा, सिदपोखरी, सिडाँडा, याम डाँडा, डाँडा गाउँ, बतासे, चित्रे पाखा, पोखरी डाँडा, मोहोरी डाँडा, उकाला वेशीमा सौर्य उर्जा उत्पादन गर्न मिल्ने स्थानहरु रहेका छन् । यहाँका अधिकाशं स्थानीयले खाना बनाउनको लागी भने मुख्य इन्धनको रुपमा काठ दाउराको प्रयोग गर्ने गरेका छन् । काठ/दाउराको श्रोत सामुदायिक वन तथा निजी वन रहेका छन् । काठ/दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरूमध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन् ।

### ५.३.२ समस्या तथा चुनौती

बजार क्षेत्रमा विद्युत लाइनलाई भूमिगत रुपमा प्रसारण र वितरण नहुनु, विद्युत, बायोग्यास, सुधारिएको चुल्हो लगायत स्वस्थ उर्जा प्रयोगको अवस्था न्युन, आवश्यक पूर्वाधारको स्थापना, दिगो विद्युत प्रवाहको लागि ट्रान्सफर्मरको अभाव, घरायसी इन्धनको रूपमा अझै पनि मानव स्वास्थ्यमा प्रतिकूल हुने तथा वनजंगल विनाशको कारक तत्वको रूपमा रहेको काठ/दाउराको प्रयोग गरिनु, सार्वजनिक सडक बत्तिहरूको पर्याप्तता नहुनु, सुपथ मुल्यमा विद्युत सेवाको समन्यायिक वितरण लगायतका समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ऊर्जामा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका |
| **लक्ष्य** |
| जलविद्युत तथा ऊर्जाको विकासबाट विद्युत्मा आत्मनिर्भरता हाँसिल गरी आर्थिक तथा सामाजिक समुन्नतीमा योगदान पुर्‍याउने । |

| उद्देश्यहरू |
|---|
| विद्युतीय पहुँच विस्तार गरी कृषि, उद्योग, व्यवसाय लगायतका क्षेत्रमा हुने आर्थिक गतिविधि अभिबृद्धि गर्ने । |

## ५.३.४ रणनीति

१. विद्युत लाइन तथा क्षमता वृद्धि गर्ने ।
२. वैकल्पिक उर्जा विकास गर्ने विद्युतिय पूर्वाधारको व्यवस्थापनलाई दिगो बनाउने ।

## ५.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ढाडेखोला जलविद्युत मर्मत योजना | विद्युतीकरण | ०८२/८३-०८२/८३ | १७०० | ढाडेखोला जलविद्युत मर्मत योजना संचालन भएको हुने |
| २ | जिर्ण र काठे विद्युत पोल प्रतिस्थापन कार्यक्रम | ट्रान्सफर्मर जडान | साल बसाली | २४०० | जिर्ण र काठे विद्युत पोल प्रतिस्थापन कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | लघु विद्युत उत्पादन तथा सोलार प्रयोगमा प्रोत्साहन | वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि | ०८२/८३ ०८४/८५ | ५०० | लघु तथा सोलार विद्युत उत्पादन भएको हुने |
| ४ | सोलार, बायोग्याँस र सुधारिएको चुल्हो लगायत वैकल्पिक उर्जा प्रवर्द्धन | परम्परागत ऊर्जामा निर्भरता न्यूनीकरण | ०८२/८३ ०८२/८३ | ६०० | सोलार, बायोग्याँस र सुधारिएको चुल्हो लगायत बैकल्पिक उर्जा प्रवर्द्धन भएको हुने |
| ५ | चित्रेखोला जलविद्युत मर्मत योजना | सहज विद्युत सेवा विस्तार | ०८२/८३-०८३/८४ | ७०० | चित्रेखोला जलविद्युत मर्मत योजना संचालन भएको हुने |
| ६ | विपन्न बर्गका परिवारमा निशुल्क विद्युत मिटर वितरण | विद्युतीय सवारी प्रयोगलाई प्रोत्साहन | ०८२/८३-०८३/८४ | १५०० | विपन्न बर्गका परिवारमा निशुल्क विद्युत मिटर वितरण भएको हुने |
| ७ | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारण लाईन सुधार | सहज विद्युत सेवा विस्तार | ०८३/८४ ०८३/८४ | ३५०० | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारण लाईन सुधार भएको हुने |
| ८ | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि | साल बसाली | ३५० | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ५.३.६ जोखिम पक्ष तथा अनुमान

विद्युत प्रसारणको लागि जग्गा प्राप्ति, सहज साइट क्लिरेन्स, विद्युतीय उपकरण प्रयोगलाई प्रोत्साहन, विद्युतीय सवारी साधन र सामाग्रीको प्रयोगमा वृद्धि, निजी क्षेत्रको संलग्नतामा वैकल्पिक उर्जाको विकास र विस्तार, विद्युत चोरी नियन्त्रण, सार्वजनिक स्थलमा सौर्य उर्जाको प्रयोग गरी विद्युतीकरण गरिएको खण्डमामा अपेक्षित उपलब्धि हासिल हुन्छ। उल्लिखित क्रियाकलाप सञ्चालन गर्न नसकिएमा उद्देश्य हासिल नहुने जोखिम रहन्छ।

## ५.४ सडक तथा यातायात

### ५.४.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। आवधिक योजनाको तथ्याङ्क अनुसार यस गाउँपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा हाल सम्म यहाँ सडक कालोपत्रे छैनन। भने ६१ कि.मि ग्रावेल, ३१३ कि.मि कच्चि सडक रहेको छ। पलापु कालिका, पलापु पुनटार, पलापु जलकीनी (लागे भञ्याङ्ग, पलापु भञ्याङ्ग), नवलपुरदेखि पलापु, लिखु एकवार, नवलपुरदेखि फलाटे ओखलढुङा, चिपलिङग, सुन्दरपुर, हुलाकी राजमार्ग, फलाटेदेखि अरुण ढाडसम्म, रानीबन, धोराबारी, जलबनी, चिप्लेढुङगा, बतासे भदैरे, डदुवा सडक, साधुरे, घोराखोरी, काबेल भञ्ज्याङ्ग, घोराखोरी देखि ओखलढुङ्गा, बिलन्दुदेखि श्रीचउर, पात्ले खोला, डल्लिडाडा, साघुरेदेखि धोराखोरी मूख्य सडकहरुमा पर्दछन्। आगामी बर्ष गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सडकहरुको विस्तार र स्तरोन्नती गर्नुपर्ने देखिन्छ। यस्ता सडकको न्यूनतम चौडाई २.५ मिटर बढीमा ८ मिटरसम्मको रहेको छ। सडक विस्तारसँगै सडक छेउमा घर निर्माण गर्नेको संख्या पनि बढ्दै गएको पाईन्छ। तसर्थ यस गाउँपालिकामा सडक तथा यातायात गुरुयोजना निर्माण गरी व्यवस्थित तवरले सडक सञ्जालको विस्तार गर्नुपर्ने देखिन्छ।

### ५.४.२ समस्या तथा चुनौती

सडक पूर्वाधार सम्बन्धी एकीकृत गुरुयोजनाको अभाव हुनु, पर्यावरणमैत्री र बाह्रै महिना सञ्चालन हुने गरी सडकको स्तरोन्नति गर्नु, पर्याप्त पुल नहुनु र भएका पुलहरूको स्तरोन्नति गर्नु, सडकहरूमा ढल तथा नाली व्यवस्थापन गर्नु, राजमार्गमा पैदलयात्रु पार गर्न जेब्रा क्रसिङको व्यवस्था नहुनु, सडकको मापदण्ड लागू हुन नसक्दा क्षेत्र निर्धारण, नक्शाङ्कन, साघुरो बाटो लगायतका मापदण्ड नहुँदा सामाजिक र आर्थिक विकासका पूर्वाधारबिच अन्तर आबद्धता कायम गर्नु लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

### ५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता |
| **लक्ष्य** |
| गुणस्तरीय सडक सञ्जाल मार्फत स्थानीय उत्पादनको बजारप्रबर्द्धन गरी आर्थिक उपार्जन गर्ने। |

**उद्देश्यहरू**

- ✓ गाउँपालिकाको सबै वडा केन्द्र, बस्ती, बजारकेन्द्र, र धार्मिक तथा पर्यटक स्थलहरुमा सर्वयाम सडक पूर्वाधारको विकास गर्नु ।
- ✓ विद्यमान सडकलाई स्तरोन्नति गरी बाह्रैमास सञ्चालन हुने बनाउनु ।
- ✓ विद्यमान सडक पुल तथा झोलुङ्गे पुल सुरक्षित तथा विस्तार गर्नु ।

## ५.४.४ रणनीति

१. गाउँपालिका क्षेत्रभित्र यातायात तथा आवागमन भरपर्दो, सुरक्षित र बजार अनुकुल बनाउने ।
२. कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरण मैत्री उत्थानशील पूर्वाधारको विकास र विस्तार गर्ने ।
३. प्राथमिकताको आधारमा सडकहरुको स्तरोन्नती गर्ने

## ५.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिल्लु तोरीबारी हुँदै फेदिगुठ सडक विस्तार | गुणस्तरीय सडक पूर्वाधार | ०८२/८३–०८४/८५ | ११००० | थप सडक निर्माण भएको हुने |
| २ | सिल्खुवेसी रयलटार चिप्लिङ फेदीगुठ सडक | सडक सञ्जाल विस्तार | ०८२/८३–०८२/८३ | ७००० | सडक ग्राभेल तथा स्तरोन्नति भएको हुने |
| ३ | आवश्यकताका आधारमा पक्की पुल निर्माण | सहज र नियमित यातयात सेवाको उपलब्धता | ०८२/८३–०८४/८५ | ६००० | आवश्यकता का आधारमा पक्की पुल निर्माण भएको हुने |
| ४ | फेदीगुठ खोलामा कल्भट निर्माण | सहज यातायात सेवा | ०८२/८३–०८३/८४ | १८०० | कल्भट निर्माण भएको हुने |
| ५ | आवश्यकताको आधारमा झोलुङ्गे पुल | सहज आवागमन | ०८२/८३ ०८३/८४ | ३९०० | आवश्यकताको आधारमा झोलुङ्गे पुल निर्माण भएको हुने |
| ६ | वडाकेन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नति तथा कालोपत्रे | सबै वडामा सडक सञ्जालीकरण | ०८२/८३–०८४/८५ | ३७०० | वडाकेन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नति तथा कालोपत्रे भएको हुने |
| ७ | सिरुवानी देखि सौरीनी भञ्ज्याङसम्म सडक निर्माण | गुणस्तरीय सडक पूर्वाधार | ०८२/८३–०८४/८५ | ४००० | सिरुवानी देखि सौरीनी भञ्ज्याङसम्म सडक निर्माण निर्माण भएको हुने |
| ८ | भिमसेनथान लामीडाँडा मोटरबाटो मर्मत | सुलभ, सहज र नियमित यातायात सेवाको उपलब्धता | ०८२/८३ ०८२/८३ | २२०० | भिमसेनथान लामीडाँडा मोटरबाटो मर्मत भएको हुने |
| ९ | सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण | पूर्वाधारको निर्माण | ०८३/८३–०८३/८४ | ३३०० | सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण भएको हुने |

### ५.४.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रका विशेषता र आवश्यकताका आधारमा सडक र हवाई पूर्वाधारको निर्माण हुने, सार्वजनिक स्थलमा विद्युत, शौचालय र प्रतिक्षालय निर्माण हुने, सडक पूर्वाधार निर्माणमा जस्तै मर्मत सम्भारका लागि पनि वार्षिक बजेट विनियोजन भएमा यातयातका पूर्वाधार निर्माण र प्रभावकारी रुपमा सञ्चालनमा आउन सक्नेछन् । स्थानीयबासीको आवश्यकताका आधारमा रुटको निर्धारण, यातयात सञ्चालन, प्रभावकारी अनुगमन हुन नसकेमा यातायात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.५ आवास, भवन तथा बस्ती विकास

### ५.५.१ पृष्ठभूमी

मानव जीवनको आधारभूत आवश्यकताहरु मध्ये आवास पनि एक हो । नेपालको संविधानले पनि सुरक्षित तथा वातावरणमैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार १० वटा वडा मध्ये ५ वटा वडाको वडा कार्यालय, ९ वटा स्वास्थ्य चौकीको भवन, २६ वटा विद्यालयका भवन र एउटा सामुदायिक भवन रहेको छ । साथै गाउँपालिकामा १ वटा मनोरन्जन पार्क बाल उद्यान, ३ वटा सार्वजनिक शौचालय र १० वटा खेल मैदान तथा रंगशाला निर्माण भएको छ । सामुदायिक उद्दार केन्द्र छैन । साना शहर बस्ती विकासका लागि पलापु, नवलपुर धार, कमीले चौर, फलाटे, धोराखोरी, बिलन्दु गाउँ, चम्पादेबी ऐतिहासिक नमूना बस्ती र पोखरी भञ्ज्याङ्ग उपयुक्त बस्तीहरु हुन ।

### ५.५.२ समस्या तथा चुनौती

भू-उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसक्नु, भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको अभाव रहनु, सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माण सम्बन्धी ठोस नीति आवश्यक रहेको, भवन निर्माण सम्बन्धी मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको, छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको आवश्यकता लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### ५.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधा सम्पन्न आवासको प्रत्याभूति |
| **लक्ष्य** |
| वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु ।<br>✓ भूकम्प लगायत सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु । |

### ५.५.४ रणनीति

१. बस्तीहरुलाई व्यवस्थित तथा सुरक्षित बनाउने ।
२. आवास तथा बस्ती निर्माण प्रविधिको प्रयोग गर्ने ।
३. व्यवस्थित बजार तथा बस्तीको क्षेत्रको विकास गर्ने ।

### ५.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वस्तीहरुलाई व्यवस्थित तथा सुरक्षित गर्न आवश्यक कानूनी दस्तावेजहरु तय | कानूनी दस्तावेजहरु तयार | ०८२/८३ ०८४/८५ | ५०० | स्तीहरुलाई व्यवस्थित तथा सुरक्षित गर्न आवश्यक कानूनी दस्तावेजहरु तय भएको हुने |
| २ | आवास क्षेत्र तथा बस्तीहरुको नक्शांकन तथा अभिलेखीकरण | बस्तीहरुको नक्शांकन तथा अभिलेखीकरण | ०८२/८३ ०८३/८४ | १००० | आवास क्षेत्र तथा बस्तीहरुको नक्शांकन तथा अभिलेखीकरण भएको हुने |
| ३ | जोखिमयुक्त बस्तीहरुको लगत संकलन | लगत संकलन | ०८२/८३ ०८३/८४ | ६०० | जोखिमयुक्त बस्तीहरुको लगत संकलन भएको हुने |
| ४ | वडा कार्यालय भवन निर्माण | सेवा प्रवाहमा सहजता | साल बसाली | ९०००० | वडा कार्यालय भवन निर्माण भएको हुने |
| ५ | आधारभूत पूर्वाधार सहित बजार विकास र व्यवस्थापन | पूर्वाधार निर्माण तथा विकास | ०८२/८३ ०८२/८३ | ५०० | आधारभूत पूर्वाधार सहित बजार विकास र व्यवस्थापन भएको हुने |
| ६ | भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम | सुरक्षित भवन निर्माणमा जोड | साल बसाली | ३०० | भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | डडुवा जलुकेनी वस्ती व्यवस्थापन | सुरक्षित बस्ती विकास | ०८२/८३ ०८३/८४ | ३५०० | डडुवा जलुकेनी वस्ती व्यवस्थापन भएको हुने |
| ८ | विपद् व्यवस्थापन केन्द्र निर्माण | पूर्वाधार निर्माण | ०८२/८३ ०८३/८४ | ६०० | विपद् व्यवस्थापन केन्द्र निर्माण भएको हुने |
| ९ | सामुदायिक भवन निर्माण र स्तरोन्नति | सेवा प्रवाहमा सहजता | ०८२/८३ ०८३/८४ | १००० | सामुदायिक भवन निर्माण र स्तरोन्नति भएको हुने |

### ५.५.६ जोखिम पक्ष तथा अनुमान

अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्न दीर्घकालीन योजना निर्माण गर्न नसकिएमा संविधान प्रदत्त सुरक्षित आवासको हक तथा दिगो विकासको लक्ष्य कार्यान्वयन दुवै जोखिममा पर्ने सम्भावना रहन्छ ।

## ५.६ सूचना तथा सञ्चार

### ५.६.१ पृष्ठभूमी

एक्काईसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ। नेपालको संविधानले सूचना तथा सञ्चार सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यहाँको कुल जनसंख्या मध्ये ९२ प्रतिशतको साथमा मोबाइल फोन रहेको छ यसैगरी १८ प्रतिशत घरधुरीमा टेलिभिजन सुविधा रहेको छ भने ३.३ प्रतिशत इन्टरनेट सेवाको पहुँचमा रहेका छन। यहाँ डिसहोम मार्फत टेलिभिजन सेवा प्रवाह भइरहेको छ भने यहाँको इन्टरनेट प्रविधिको अवस्था कमजोर रहेकाले विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ। आर्थिक विकासका लागि सूचना तथा सञ्चारको विकास अत्यावश्यक भएका कारण यस गाउँपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ ।

### ५.६.२ समस्या तथा चुनौती

गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्नु, साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, सञ्चारका विभिन्न माध्यमको समयसापेक्ष विस्तार, अनुगमन र नियमन गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

### ५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| योजनाबद्ध र व्यवस्थित पूर्वाधारयूक्त, आधुनिक, व्यावसायिक, औद्योगिक र पर्यटकीय गाउँपालिका |
| **लक्ष्य** |
| • सूचना, संचार तथा प्रविधिको विकास तथा विस्तार भई सुसुचित समाज र प्रविधियुक्त जनशक्ति निर्माण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓सूचना तथा सञ्चार प्रविधिलाई नवीनतम, भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई गाउँपालिकाको विकास र विस्तार गर्दै सूचनाको पहुँचमा बृद्धि गर्नु । |

## ५.६.४ रणनीति

१. विद्युतीय सुशासनको प्रवर्द्धन गर्ने ।

२. गाउँपालिकाबासीमा स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारी, प्रकोप लगायतका विषयमा पहुँच अभिवृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने ।

३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने ।

## ५.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सबै वडा कार्यालयमा इन्टरनेट क्षमता विस्तार | सूचनामा सहज पहुँच | ०८२/८३ ०८४/८५ | ६०० | इन्टरनेट क्षमता विस्तार भएको हुने |
| २ | प्रत्येक वडा कार्यालयमा ई-हाजिरी व्यवस्था | सञ्चार क्षेत्रको विकासमा | ०८२/८३ ०८३/८४ | १५०० | प्रत्येक वडा कार्यालयमा ई-हाजिरी व्यवस्था भएको हुने |
| ३ | आवश्यकताको आधारमा सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस वोर्ड स्थापना | सेवा प्रवाहमा सहजता | ०८२/८३ ०८४/८५ | १९०० | सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस वोर्ड स्थापना भएको हुने |
| ४ | सूचना प्रविधि तालिम सञ्चालन | प्रविधिमैत्री कर्मचारी प्रशासन र कार्यालय | ०८२/८३ ०८३/८४ | ६०० | सूचना प्रविधि तालिम सञ्चालन भएको हुने |
| ५ | सञ्चारका साधन प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | सञ्चार माध्यम र साधनको दुरुपयोगबाट हुन सक्ने समस्या सम्बन्धी सचेतना | ०८२/८३-०८२/८३ | ५०० | सञ्चारका साधन प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

## ५.६.६ जोखिम पक्ष तथा अनुमान

सूचना तथा सञ्चारका क्षेत्रमा भित्रिएका नवीनतम प्रविधिको प्रयोग गर्न सार्वजनिक र निजी सेवा प्रदायकबिच सहकार्य हुने, लक्षित वर्गमा सञ्चार सेवाको पहुँच विस्तार कार्यक्रम केन्द्रित हुने, गाउँपालिकाको वेवसाइट निरन्तर अद्यावधिक गरी सार्वजनिक सूचनामा पहुँच बढाउने, सञ्चारका माध्यमबाट प्रकाशन र प्रशारण हुने सामाग्रीको गुणस्तरीय विकासको लागि क्षमता अभिवृद्धि गर्ने जस्ता कार्य गरिएको खण्डमा अपेक्षित उपलब्धि हासिल हुने सम्भावना रहन्छ। आयोजना/कार्यक्रमलाई प्राथमिकिकरण तथा स्रोत साधनको उचित विनियोजन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | सूचकहरु | इकाइ | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| १ | **खानेपानी तथा सरसफाई** | | | |
| | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ६० | १०० |
| | पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | २३.६ | ८० |
| | पाइपालाइनबाट वितरित खानेपानी उपभोग गर्ने घरधुरी (निजी तथा सामुदायिक धारा समेत) | प्रतिशत | ६९.३ | १०० |
| | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ६० | १०० |
| | कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी | प्रतिशत | ३.४ | १ |
| | नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ०.२ | ० |
| | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | १० मिनेट | ५ मिनेट |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ४०.५ | ९० |
| | खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | ५३.६ | १५ |
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी | प्रतिशत | १.६ | ० |
| | सार्वजनिक शौचालयहरु | संख्या | १२ | ३८ |
| | जोखिमयुक्त अवस्थामा साबुनपानीले हातधुने जनसंख्या | प्रतिशत | | ९० |
| | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ५० | १०० |
| | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | | |
| | | | | |
| २ | **बस्ती आवास** | | | |
| | महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | ६८ | १४५ |
| | एकीकृत भौतिक सेवा सुविधा उपलव्ध बजारक्षेत्रहरु | संख्या | ३ | १५ |
| | नियमित सिंचित क्षेत्र | हेक्टर | २०० | ५०० |
| | नि:शुल्क इन्टरनेट सेवा वाइफाई उपलव्ध भएका क्षेत्रहरु | संख्या | १० | ९८ |
| | महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | ६८ | १४५ |
| | भूकम्प प्रतिरोधात्मक मापदण्ड पूरा भएका सुरक्षित सार्वजनिक संरचना | संख्या | ५० | ४०० |
| | आधारभूत भौतिक पूर्वाधार (खानेपानी, विद्युत, सडक, संचार, विद्यालय, स्वास्थ्य चौकी) पुगेका बस्तीहरु | संख्या | ३८ | १२० |
| | बजारक्षेत्रमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | ० | ५ |
| | | | | |
| ३ | **सडक पुल तथा यातायात** | | | |
| | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ६० | ८० |
| | कालोपत्रे सडकको लम्वाई | किमी | ० | ५० |
| | ग्राभेल सडकको लम्वाई | किमी | ० | १२० |
| | धुले सडक लम्वाई | किमी | ३१३ | ५०० |
| | कृषि सडकको लम्वाई | किमी | | |
| | पक्की पुल (वेलीव्रिज समेत) | संख्या | ५ | १२ |
| | सहायक नदीमा झोलुङ्गे पुल | संख्या | २१ | ३३ |
| | आंशिक रुपमा सार्वजनिक यातायात सुचारु सडक लम्वाई | किमी | ३५ | ५० |
| | स्थानीय स्तरमा संचालित चारपाङ्ग्रे सार्वजनिक यातायात | संख्या | २० | ६० |

| क्र.सं. | सूचकहरु | इकाइ | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| | पालिका केन्द्रबाट वडा कार्यालयसम्म जोडिएको सडक | संख्या | १० | १० |
| | सडक संजालबाट नजोडिएका बस्तीहरु | संख्या | ० | ० |
| | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ६० | ८० |
| | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने समयावधि | घण्टा | २ | ३० मिनेट |
| | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक संजाल | संख्या | २ | २ |
| | अन्तरपालिका सडक संजाल संख्या | संख्या | ४ | ५ |
| | सडक नाली भएको सडक लम्वाई | किमी | ० | ५ |
| | नियमित मर्मत संभार भएको सडकको लम्वाई | किमी | १२० | २३० |
| | वायो इन्जिनियरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण | किमी | ३५ | ७० |
| | डिपिआर तयार, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरण परीक्षण आदि गरी निर्माण भएका सडक लम्वाई | किमी | १२० | २०० |
| | वार्षिक सडक दुर्घटनाको संख्या | संख्या | ० | ० |
| | | | | |
| ४ | **विद्युत तथा वैकल्पिक उर्जा** | | | |
| | उर्जाको पहुँचले वढेको रोजगारी | प्रतिशत | २ | ५ |
| | स्थानीय स्तरमा विद्युत उत्पादन | कि.वा | ३ | ० |
| | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | संख्या | २३८५ | ४०३४ |
| | वैकल्पिक उर्जा प्रयोग गर्ने घरघुरी | प्रतिशत | ३९.१ | ५१ |
| | स्थानीय स्तरमा जलविद्युत र लघु जलविद्युतको उत्पादन गर्ने संस्था | संख्या | ० | ० |
| | सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरघुरी | संख्या | १५७१ | |
| | सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी | संख्या | २३४ | ५५० |
| | सुधारिएको वा धुँवारहित चुल्हो जडान भएका घरधुरी | संख्या | ३४५ | ६२० |
| | केन्द्रिय विद्युत लाइन प्रसारणबाट लाभान्वित घरधुरी | संख्या | २३८५ | ४०३४ |
| | | | | |
| ५ | **सूचना तथा संचार** | | | |
| | सेवा प्रवाहमा प्राविधिको प्रयोग | प्रतिशत | ३० | ६० |
| | संचारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ४०३४ | ४०३४ |
| | संचार सेवाबाट वञ्चित घरधुरी | प्रतिशत | ० | ० |
| | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ७० | ९५ |
| | ल्याण्डलाइन टेलिफोन वितरण | संख्या | ० | १२० |
| | स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था | संख्या | १ | ५ |
| | स्थानीय पत्रपत्रिका प्रकाशन गर्ने संस्था | संख्या | ० | २ |
| | सूचना प्रविधि सेवा पुगेको उद्योग, व्यापार, व्यवसाय संख्या | संख्या | ० | २५ |
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | संख्या | १२ | ९० |
| | स्थानीय स्तरमा संचालित एफएम रेडियो | संख्या | ० | १ |
| | सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | १ | २० |
| | क्रियाशील पत्रकारहरु | संख्या | ० | ६ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०८१*

# परिच्छेद - ६ : वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ व्न तथा भू-संरक्षण

### ६.१.१ पृष्ठभूमी

वन तथा जैविक विविधताको संरक्षण गाउँपालिकाको जिम्मेवारी भित्र पर्दछ । यस गाउँपालिका भित्र २५ वटा सामुदायिक वन, १४ वटा कबुलियती वन रहेको छ भने निजी वन छैन । यस गाउँपालिकामा विभिन्न वन्यजन्तु जस्तैः चितुवा, बाँदर, घोरल, मृग, कालिज, खरायो, मयुर, मृग, दूम्सी, स्याल आदि पाइन्छ । शीलाजीत, हर्रो बर्रो, अमला, चिराइतो, निम, कुरिलो, पाखन बेद, तीन तले, बोझो, टिम्मुर, सिन्काउले, खोंसाने, तितेपाती, भुइचम्पा, वाँको, सिन्काउले, तितेपाती, लोल्सल्ला जस्ता जडिवुटीमा पाइन्छ ।

यस गाउँपालिकामा रहेका बाँझो जमिनमा व्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी सीमित मात्रामै भएपनि वनलाई आयआर्जनसँग जोड्न सकिन्छ ।

### ६.१.२ समस्या तथा चुनौती

इनधनको प्रमुख श्रोतका रुपमा वन पैदावरको प्रयोग अत्याधिक हुनु, वन पैदावर र जडीबुटी संकलन तथा प्रयोगलाई आर्थिक समृद्धिको रुपमा परिचालन गर्न नसक्नु, सामुदायिक वनको आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउन नसक्नु, मानिस, वातावरण र जंगली जनावरबिच सन्तुलित सम्बन्ध बनाउन नसक्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### ६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| जल, जमिन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोगमार्फत दिगो विकास हासिल |
| **लक्ष्य** |
| वन तथा जैविक विविधता समुचित संरक्षण तथा संवर्द्धन गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गर्नु ।<br>✓ जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु । |

### ६.१.४ रणनीति

१. दिगो वन व्यवस्थापन द्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गर्ने
२. जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने

## ६.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नाङ्गापाखा लक्षित बृक्षारोपणमा सहकार्य | हरित क्षेत्रको विस्तार | ०८२/८३ ०८४/८५ | ५०० | नाङ्गापाखा लक्षित बृक्षारोपणमा सहकार्य भएको हुने |
| २. | वन क्षेत्रमा अग्नी रेखाको निर्माण | वन संरक्षण | ०८२/८३ ०८४/८५ | १३०० | वन क्षेत्रमा अग्नी रेखाको निर्माण भएको हुने |
| ३. | वन क्षेत्रमा रिचार्ज पोखरीको निर्माण | जलभण्डार तय | ०८२/८३ ०८४/८५ | १४०० | वन क्षेत्रमा रिचार्ज पोखरीको निर्माण भएको हुने |
| ४. | वन डढेलो नियन्त्रण कार्यक्रम | वन संरक्षण तथा व्यवस्थापन | साल बसाली | १५० | वन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन भएको हुने |
| ५. | दिगो वन व्यवस्थापनमा साझेदारी | दिगो वन व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमतामा वृद्धि | ०८२/८३ ०८३/८४ | २५० | दिगो वन व्यवस्थापनमा साझेदारी भएको हुने |
| ६. | वन उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि एव्म सुशासनमा सहयोग | उपभोक्ता समितिको सशक्त नेतृत्व | ०८२/८३ ०८३/८४ | ४०० | वन उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि एव्म सुशासनमा सहयोग भएको हुने |
| ७. | व्यावसायिक जडिबुटी खेती प्रवर्द्धन(अलैंची, सिन्कौली) | जडिबुटीको उत्पादनमा वृद्धि | ०८२/८३ ०८३/८४ | २५० | व्यावसायिक जडिबुटी खेती प्रवर्द्धन भएको हुने |
| ८. | गैरकाष्ठ वन पैदावारको अध्ययन, संरक्षण तथा उत्पादन र प्रशोधन सम्बन्धी कार्यक्रम | उद्यम प्रर्वद्धन | ०८२/८३ ०८३/८४ | ३५० | गैरकाष्ठ वन पैदावारको अध्ययन, संरक्षण तथा उत्पादन र प्रशोधन सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने |
| ९. | जडिबुटी खेती, वन व्यवस्थापन तथा हरित उद्यम कार्यक्रम | उद्यम प्रर्वद्धन | साल बसाली | ९०० | जडिबुटी खेती, वन व्यवस्थापन तथा हरित उद्यम कार्यक्रम सञ्चालन भएको हुने |
| १०. | वनसँग सम्बन्धित सरोकारवालाहरुसँग समन्वय सहकार्य | वन क्षेत्रको उचित व्यवस्थापन | ०८२/८३ ०८२/८३ | १५० | वनसँग सम्बन्धित सरोकारवालाहरुसँग समन्वय सहकार्य भएको हुने |

## ६.१.६ जोखिम पक्ष तथा अनुमान

निजी वन प्रवर्द्धनलाई प्रोत्साहन, हरित क्षेत्र विस्तारका लागि बोटविरुवाको बेर्ना वितरण, नदीजन्य कटान रोक्नका लागि तारजालीको व्यवस्थापन, बायो इन्जिनियरिङ्ग विधि अवलम्बन जस्ता कार्य गर्न सकिएको खण्डमा वन तथा भू-संरक्षण गर्न सकिन्छ । पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

## ६.२ जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभूमी

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ। तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ। समृद्धिका आधारहरू मध्ये जलस्रोत पनि एक हो। यस गाउँपालिकामा मुख्य जलस्रोतको रुपमा अधेरी खोला, मकुवा खोला, जलकिनी खोला, पूण खोला, लिखु, सुनकोसी लिखु, फेदै खोला, सिल्खु खोला, मकुवा खोला, रामचा खोला, भुन्टी खोला, चिलाउने खोला, भागे खोला, फेदिगुठ खोला, काली खोला, गोपे खोला, ठूलो खोला, आइतबारे खोला, डुडे खोला, सेरा खोला, सिम्ले खोला, खहरे खोला, चुने खोला, सेरा खोला, पताले खोला, चित्रे खोला, बिलन्दु खोला, धारा खोला, दुवले खोला, पाल्ते खोला, दुम्से खोला, सिम्ले खोला, भालु खोला, कालो खोला, ह्याङले खोला लगायत छन्। यस्ता महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र गाउँपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ।

### ६.२.२ समस्या तथा चुनौती

जलाधार क्षेत्र संरक्षण, वैज्ञानिक जलाधार व्यवस्थापन, पिउने पानी, कृषि र अन्य प्रयोजनको जलश्रोतको बहुउपयोगको व्यवस्थापन, वैज्ञानिक जलाधार व्यवस्थापन कार्यक्रम लागू, मानवीय चेतना वृद्धि लगायतका कार्यमा दीर्घकालीन सोच र लगानी लगायतका समस्या र चुनौतीको विद्यमानता यस गाउँपालिकामा समेत रहेका छन्।

### ६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल |
| **लक्ष्य** |
| सरोकारवालाहरुसँगको सहकार्यमा पहिरो तथा भू क्षय नियन्त्रण का कार्य गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ बाढी, पहिरोजस्ता जल उत्पन्न प्रकोपहरू रोकथाम गर्नु।<br>✓ बाढी, पहिरोजस्ता जल उत्पन्न प्रकोपहरूको जोखिमबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्नु। |

### ६.२.४ रणनीति

१. जलाधारको संरक्षण गर्ने।
२. जलस्रोत तथा भूमिलाई आयमुलक क्षेत्रमा परिर्वतन गर्ने।

## ६.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलस्रोत तथा सार्वजनिक जग्गाको अभिलेखीकरण | जलस्रोत तथा जलाधार क्षेत्रको अद्यावधिक | ०८२/८३ ०८२/८३ | ५०० | जलस्रोत तथा सार्वजनिक जग्गाको अभिलेखीकरण भएको हुने |
| २ | छनोट गरिएको उप/जलाधार क्षेत्रमा एकीकृत नमुना जलाधार व्यवस्थापन कार्यक्रम | एकीकृत नमुना जलाधार व्यवस्थापन | ०८२/८३ ०८३/८४ | २५०० | छनोट गरिएको उप/जलाधार क्षेत्रमा एकीकृत नमुना जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली तथा वृक्षारोपण | वनजंगल संरक्षण तथा बृक्षारोपण | ०८२/८३ ०८२/८३ | ५०० | बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली तथा वृक्षारोपण भएको हुने |
| ४ | बालुवा ढुंगा, गिटि उत्खनन, नियमन तथा व्यवस्थापन | आर्थिक विकास | ०८२/८३ ०८३/८४ | ६०० | बालुवा ढुंगा, गिटि उत्खनन, नियमन तथा व्यवस्थापन भएको हुने |
| ५ | भूमिगत पानी पुर्नभरण पोखरीहरु निर्माण | पानीको बहुउपयोग | ०८२/८३ ०८४/८५ | २०० | भूमिगत पानी पुर्नभरण पोखरीहरु निर्माण भएको हुने |
| ६ | नदी खहरे नियन्त्रण तथा तटबन्धन कार्यक्रम | वातावरण संरक्षण | ०८२/८३ ०८४/८५ | ३०० | नदी खहरे नियन्त्रण तथा तटबन्धन कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | पानीका मुहान संरक्षण | पानीका मुहान संरक्षण | ०८२/८३ ०८३/८४ | १७० | पानीका मुहान संरक्षण भएको हुने |
| ८ | गह्रा सुधार सम्बन्धी जनचेतना | भू-संरक्षण | ०८२/८३ ०८३/८४ | ५०० | गह्रा सुधार सम्बन्धी जनचेतना अभिवृद्धी भएको हुने |

## ६.२.६ जोखिम पक्ष तथा अनुमान

जलाधार क्षेत्रको नक्साङ्कन र संरक्षण, खाली तथा प्रयोगहीन जमिनमा बृक्षारोपण, प्राकृतिक पोखरीको संरक्षण र कृत्रिम पोखरीको निर्माण, जलाधार क्षेत्रको संरक्षण र बहुउपयोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकेमा जलाधार क्षेत्रको संरक्षण हुन जान्छ। जलाधार क्षेत्रको अतिक्रमण, अव्यवस्थित फोहोरमैला र सचेतनाको अभावमा जलाधार क्षेत्र विनाश हुँदै जाने जोखिम रहन्छ।

## ६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### ६.३.१ पृष्ठभूमी

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ। नेपालमा वर्षेनी प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। नेपालमा वि.सं. २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ। यस गाउँपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ। यस गाउँपालिकामा विशेषगरी बाढी, पहिरो, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढैँलो जस्ता प्राकृतिक प्रकोपहरु देखापर्दै आइरहेका छन्। यस्ता यस्ता प्रकोपहरु सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागु गर्नु आवश्यक हुन्छ।

### ६.३.२ समस्या तथा चुनौती

जलवायु परिवर्तनजन्य प्राकृतिक प्रकोप न्यूनीकरण, नदी कटान र भू-क्षय नियन्त्रण, व्यवस्थित र प्रणालीबद्ध मानव बस्ती विकास, विषादीजन्य र किटनाशक औषधीको प्रयोग सम्बन्धी सचेतना वृद्धि, प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माण गर्नु, विकास निर्माण कार्यलाई पर्यावरणमैत्री बनाई दिगो विकास लक्ष्य प्राप्तिमा सहजीकरण लगायतका समस्या र चुनौतीको विद्यमानता यस गाउँपालिकामा रहेको छ।

### ६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| बहुप्रकोपको व्यवस्थापन गर्न सक्षम, विपद्बाट सुरक्षित गाउँपालिका |
| **लक्ष्य** |
| विपद्को जोखिममा रहेका स्थानहरुको पहिचान गरी सम्भावित प्रभावको न्यूनीकरण गर्ने। |
| **उद्देश्यहरू** |
| • विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण गर्नु<br>• उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाईनुका साथै जलवायु अनुकूलन योजना निर्माण गरी समूदाय स्तरमा कार्यान्वयन गर्नु। |

### ६.३.४ रणनीति

१. विपद्बाट हुन सक्ने क्षति न्यूनीकरण गर्ने।

२. विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन योजना निर्माण गरी समूदाय स्तरमा कार्यान्वयन गर्ने।

## ६.३.५ कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्ययोजना तयारी | कानूनी दस्तावेज तय | ०८२/८३ ०८२/८३ | ५०० | विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्ययोजना तयारी भएको हुने |
| २ | विपद् जोखिम व्यवस्थापन क्षमता विकास तालिम | पूर्वतयारी | ०८२/८३ ०८२/८३ | ६०० | विपद् जोखिम व्यवस्थापन क्षमता विकास तालिम प्रदान भएको हुने |
| ३ | आपत्कालीन आश्रयस्थलहरु निर्माण/स्तरोन्नति | सम्भावित जोखिम न्युनीकरण | ०८२/८३ ०८४/८५ | १००० | आपत्कालीन आश्रयस्थलहरु निर्माण/स्तरोन्नति भएको हुने |
| ४ | विपद् व्यवस्थापन कोष निर्माण | विपद् सहायता उपलब्ध | ०८२/८३ ०८३/८४ | ७०० | विपद् व्यवस्थापन कोष निर्माण भएको हुने |
| ५ | जोखिमयुक्त बस्ती संरक्षण | जोखिम न्यूनीकरण | ०८२/८३ ०८४/८५ | ५०० | जोखिमयुक्त बस्ती संरक्षण भएको हुने |
| ६ | विपद् व्यवस्थापन सचेतना अभिवृद्धि कार्यक्रम | जनचेतना अभिवृद्धी | साल बसाली | २०० | विपद् व्यवस्थापन सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | विपद् पूर्वतयारी कृत्रिम अभ्यास र चेतनामूलक कार्यक्रम | विपद् प्रतिकार्य र रोकथाम सम्बन्धी जनचेतना अभिवृद्धि | ०८२/८३ ०८२/८३ | ३५० | विपद् पूर्वतयारी कृत्रिम अभ्यास र चेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |
| ८ | विपद् पूर्वसूचना प्रणाली निर्माण अध्ययन र स्थापना | समयमा सूचना सम्प्रेषण | ०८२/८३ ०८३/८४ | ६०० | विपद् पूर्वसूचना प्रणाली निर्माण अध्ययन र स्थापना भएको हुने |
| ९ | वडास्तरमा आपत्कालीन उद्दार सामग्री भण्डारण/स्तरवृद्धि | पूर्वतयारी | ०८२/८३ ०८३/८४ | १४०० | वडास्तरमा आपत्कालीन उद्दार सामग्री भण्डारण/स्तर वृद्धि भएको हुने |
| १० | छिमेकी स्थानीय तहसँगको सहकार्यमा वारुणयन्त्र व्यवस्थापन | पूर्वतयारी | ०८२/८३ ०८३/८४ | ५०० | छिमेकी स्थानीय तहसँगको सहकार्यमा वारुणयन्त्र व्यवस्थापन भएको हुने |

### ६.३.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा प्रत्येक वर्ष देखापर्ने प्राकृतिक जोखिम न्यूनीकरणका लागि जोखिमयुक्त क्षेत्रको नक्साङ्कन हुने, जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरण हुने, जलवायु परिवर्तनबाट सिर्जना हुने समस्या र अनुकुलनताका उपाय अवलम्बन हुने, संक्रमण र महामारीजन्य रोगको बारेमा गाउँपालिका भौतिक र वित्तीय रुपमा सबल अवस्थामा हुने तथा तीनै तहका सरकारबाट सञ्चालित कार्यक्रमबिच समन्वयात्मक सम्बन्ध बनाउन सकेमा विपद्जन्य समस्या र जलवायु परिवर्तन अनुकुल बालीनाली लगाउन सकिन्छ। विपद्को पूर्व सूचना प्रणालीको स्थापना, पूर्व तयारीका कार्यक्रम, राहत, उद्धार तथा पुर्नस्थापना कोष जस्ता आधारभूत कार्यक्रम सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ।

## ६.४ वातावरण संरक्षण

### ६.४.१ पृष्ठभूमी

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पती, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ। वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो। यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ। वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरु निम्त्याउँछ। नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ। तसर्थ यस गाउँपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ।

### ६.४.२ समस्या तथा चुनौती

वातावरण र विकास बिच सन्तुलन कायम गर्नु, पर्यावरणमैत्री कृषि प्रणालीको अवलम्बन, प्रदुषकले क्षति व्यहोर्ने पद्धतिको कार्यान्वयन गराउनु, सामाजिक उत्तरदायित्व अन्तर्गत गाउँपालिका क्षेत्रभित्रका उद्योग, कलकारखानालाई सामाजिक पुनःउत्थानका कार्यक्रममा उत्प्रेरित गर्नुपर्ने जस्ता समस्या र चुनौती वातावरण संरक्षणका क्षेत्रमा यस गाउँपालिकामा समेत रहेका छन्।

### ६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, सफा, हराभरा हाम्रो गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रण गर्नु।<br>✓ सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरुलाई दिगो र वातावरणमैत्री बनाउनु। |

## ६.४.४ रणनीति

१. वन तथा जैविक विविधतालाई एकीकृत पद्धतिबाट संरक्षण, प्रवर्द्धन गर्न पहल गर्ने ।

२. समुदाय वा टोलस्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने ।

३. ऐतिहासिक तथा सार्वजनिक स्थलहरुको दिगो विकास र संरक्षण गर्ने ।

## ६.४.५ कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वातावरणमैत्री सामग्री उत्पादनमा प्रोत्साहन | पर्यावरण संरक्षण | ०८२/८३ ०८४/८५ | ४०० | वातावरणमैत्री सामग्री उत्पादन प्रोत्साहन कार्य सञ्चालन भएको हुने |
| २ | वातावरण सरसफाई र घरबगैंचा कार्यक्रम | वातावरण संरक्षण | साल बसाली | ६०० | वातावरण सरसफाई र घरबगैंचा कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | प्रतिस्पर्धामूलक वडा तथा टोल सरसफाई कार्यक्रम | सरसफाईमा जोड | साल बसाली | ६०० | समुदायमा आधारित प्रतिस्पर्धामूलक वडा तथा टोल सरसफाई कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | ठूला उद्योग सञ्चालन मापदण्ड तयार | कानूनको निर्माण | ०८२/८३ ०८२/८३ | २०० | ठूला उद्योग सञ्चालन मापदण्ड तयार भएको हुने |
| ५ | भू-संरक्षण योजना कार्यान्वयन | भू-संरक्षण | ०८२/८३ ०८२/८३ | ३० | भू-संरक्षण योजना कार्यान्वयन भएको हुने |
| ६ | एक वडा एक हरित पार्कको निर्माण | हरियाली प्रवर्द्धन | ०८२/८३- ०८४/८५ | ७००० | एक वडा एक हरित पार्कहरूको निर्माण भएको हुने |

## ६.४.६ जोखिम पक्ष तथा अनुमान

भू-उपयोग नीति अनुसार उद्योगको स्थापना, पर्यावरणमैत्री बालीनाली उत्पादन, भौतिक निर्माण सम्बन्धी विकासका कार्य सञ्चालन गर्दा दीर्घकालीन वातावरणीय प्रभावको अध्ययन, औद्योगिक, अस्पतालजन्य, मानवजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन तथा मृत जनावारको उचित व्यवस्थापन भएमा वातावरण संरक्षण हुन सक्छ । वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, नदीजन्य तथा खानीजन्य पदार्थको अधिक दोहन, दीर्घकालीन असरको अध्ययन नगरी सञ्चालन गरिने विकास निर्माणका कार्यले पृथ्वीबाट मानव लगायत अन्य प्राणीको पनि लोप हुने जोखिम आउन सक्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| १ | **वनवातावरण तथा विपद् व्यवस्थापन** | | | |
| | वन तथा जैविक विविधता क्षेत्रको रोजगारी | प्रतिशत | ५ | १५ |
| | जैविक संरक्षणका लागि मिचाहा प्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नीरेखा, झाँडी सफाई जस्ता कार्यहरु भएको | संख्या | ४८ | ९० |
| | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | २००० | |
| | सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य संख्या | संख्या | ३००० | |
| | कबुलियती वनले ओगटेको क्षेत्र | हेक्टर | ३०० | ८०० |
| | कवुलियती वनमा आवद्ध सदस्य संख्या | संख्या | ५० | २४० |
| | सरकारद्धारा व्यवस्थित वन क्षेत्र (धार्मिक वन समेत) | प्रतिशत | ५ | १० |
| | चोरी शिकारी, आगलागि, डढेलो लगायतबाट लोपोन्मुख एवं वन्य जन्तुहरुको क्षति | संख्या | ९०० | ० |
| | वन्यजन्तुहरुबाट अन्नबालीमा पुगेको वार्षिक औषत क्षति | रु. | २ करोड | २ लाख |
| | वन प्रजाती प्रति हेक्टर | संख्या | ७ | २२ |
| | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | २०० | ३२० |
| | | | | |
| २ | **जलधार व्यस्थापन** | | | |
| | संरक्षित खेतबारीको क्षेत्रफल | प्रतिशत | **०** | **३०** |
| | संरक्षित पानी मुहान क्षेत्र | संख्या | ३७ | ६२ |
| | संरक्षित खेतबारीको क्षेत्रफल | प्रतिशत | ० | ३० |
| | नदी नियन्त्रण लम्बाई | कि.मि | २ | १५ |
| | स्पर तथा बाँध, चेकड्यामहरुको लम्वाई | कि.मि | ० | १५ |
| | संरक्षित डुवान युक्त क्षेत्र | संख्या | ० | ० |
| | संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ० | ० |
| | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | १ | ५ |
| | जलउत्पन्न प्रकोपबाट प्रभावित घरपरिवार | संख्या | ४७ | ० |
| | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | कि.मि | ० | २० |
| | | | | |
| ३ | **वतावरण तथा फोहोरमैला व्यवस्थापन** | | | |
| | प्रशोठठ नगरिएको फोहोरमैला अनुपात | प्रतिशत | ५ | ४० |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | २ | ५ |
| | प्रयोगमा आएको फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | ० | १ |
| | कम्पोष्ट-विन र गार्वेज- पिट प्रयोग गर्ने परिवार | संख्या | २० | १४० |
| | निष्काशित फोहोरमैलाको औषत वार्षिक परिमाण | मे.टन | ० | १५ |
| | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ५० | ८० |
| | प्रशोठठ नगरिएको फोहोरमैला अनुपात | प्रतिशत | ० | ० |

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| | व्यवस्थित ढल निकास भएको बजारक्षेत्र | संख्या | ० | ५ |
| | शौचालय, घर आँगनको कुहिने फोहोरलाई व्यवस्थित गर्ने घरधुरी | संख्या | ५० | १८० |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९३.८ | ४० |
| | | | | |
| ४ | **विपद् व्यवस्थापन** | | | |
| | सुरक्षित, एकीकृत र व्यवस्थित बस्ती/आवास क्षेत्र | संख्या | १ | ३ |
| | सुरक्षित, एकीकृत र व्यवस्थित बस्ती/आवास क्षेत्र | संख्या | १ | १५ |
| | अयोग्य बस्ती वा स्थानमा बसोबास गरेका परिवार | संख्या | ० | ० |
| | विपद् बाट भएको बार्षिक क्षती – जग्गा, संरचना, बाली नाली, पशुपंक्षी र अन्य सम्पत्ती) | रु. | २ करोड | १० लाख |
| | खुल्ला क्षेत्र तथा स्थानहरु | संख्या | ५० | ६० |
| | आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक | जना | ० | ३० |
| | विपद् व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु. | १०००००० | १०००००० |
| | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | १० | २० |
| | विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | ४ | १० |
| | विपद् प्रतिकार्यका लागि भएको आपतकालीन नमूना अभ्यास | संख्या | ४ | १० |
| | विपद् व्यवस्थापन सूचना प्रणाली (पूर्व चेतावनी) जडान भएका क्षेत्रहरु | संख्या | ० | १० |
| | आपतकालीन उद्धारका लागि अत्यवश्यक एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था | संख्या | १ | २ |
| | जलवायु परिवर्तन अनुकूलन न्यूनीकरण सम्बन्धि सचेतना लगायतका कार्यक्रम संचालन | संख्या | ० | २ |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय, २०८१*

# परिच्छेद - ७ : संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ७.१ सुशासन तथा सेवा प्रवाह

### ७.१.१ पृष्ठभूमि

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता हुन जरुरी रहन्छ। राज्यले लिएको नीति अनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन्। यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा संघीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रठढ नगठिढरने सेवा र सुविधा पुऱ्याउन सकिन्छ। गाउँपालिकाले कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ।

### ७.१.२ समस्या तथा चुनौती

प्रशासनिक र वित्तीय उत्तरदायित्व प्रवर्द्धन गर्नु, निर्वाचित र मनोनित पदाधिकारी तथा कर्मचारीको आचरण र अनुशासन कायम गर्नु, सेवा प्रवाह सरल, सुलभ र गुणस्तरीय बनाउनु, नागरिक शिक्षा र राजनीतिक चेतनाको विकास र विस्तार गर्नु, विविधता, संघीयताको अभ्यास तथा अनुभवको कमी हुनु, स्थानीयबासीको राजनैतिक चेतनाको स्तर माथि उठ्न नसक्नु, जनउत्तरदायी शासन प्रणालीको विकास गर्न नसक्नु, प्रविधिमैत्री र समावेशी शासनको प्रवर्द्धन तथा सहभागितात्मक शासन पद्धतिको अवलम्बन गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन्।

### ७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सक्षम, जनमूखी, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना |
| **लक्ष्य** |
| चुस्त दुरुस्त शासकीय प्रवन्ध कायम गरी गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेही, परिणाममुखी, नागरिक मैत्री बनाउने। |
| **उद्देश्यहरू** |
| ✓ सुशासन कायम गर्न स्थानीय ऐन, नियम तथा कानून तर्जुमा गरी नागरिक समाज र समूदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याउने साथै सार्वजनिक जवाफदेहिता बहन गर्नु।<br>✓ गाउँपालिकाको प्रशासनिक संरचना प्रविधिमैत्री, पारदर्शी र मितव्ययी, जनशक्तिको क्षमता अभिवृद्धि, दिगो र फराकिलो वित्तय स्रोत व्यवस्थापनका लागि नीतिगत व्यवस्थापन गर्नु। |

### ७.१.४ रणनीति

१. आवश्यक नीति तथा कानूनहरु निर्माण गर्ने ।
२. पारदर्शिता र जवाफदेहिताका का लागि गाउँपालिकाका र सरोकारबालाहरुको क्षमता अभिबृद्धि गर्ने ।
३. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूजना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने ।
४. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने ।

### ७.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण | कानूनी व्यवस्था | ०८२/८३-०८२/८३ | ५०० | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण भएको हुने |
| २ | सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम | सार्वजनिक सेवाको प्रभावकारिता वृद्धि | साल बसाली | ६०० | सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री संरचना | सेवा प्रवाहमा सहजता | ०८२/८३ ०८२/८३ | २१५० | बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री संरचना हरु निर्माण भएको हुने |
| ४ | कार्यालय व्यवस्थापन एवं भौतिक पूर्न निर्माण कार्यक्रम | सार्वजनिक सेवा प्रवाहमा सहजता | ०८२/८३-०८४/८५ | ५००० | कार्यालय व्यवस्थापन एवं भौतिक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | कार्य सम्पादनमा प्रभावकारिता | साल बसाली | ६५० | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने |
| ६ | कर्मचारी प्रोत्साहन कार्यक्रम | क्षमता अभिवृद्धि | साल बसाली | २५० | कर्मचारी प्रोत्साहन कार्यक्रम सञ्चालन भएको हुने |
| ७ | सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम | सेवाग्राहीलाई सहजता | ०८२/८३ ०८२/८३ | ४०० | सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम सञ्चालन भएको हुने |

### ७.१.६ जोखिम पक्ष तथा अनुमान

विकासको प्रतिफल समावेशी र समन्यायिक तवरबाट वितरण गर्न, लक्षित वर्गमा परिवर्तनको महशुस गराउन, समाजमा प्रणाली, सौहार्दता र सद्भाव कायम गर्न सुशासनको महत्वपूर्ण भुमिका हुन्छ । नैतिक मूल्य मान्यताको स्खलन, भ्रष्टाचार, वित्तीय विश्रृङखलता, अपारदर्शीता, दण्डहीनता, जनउत्तरदायी व्यवहार, जनगुनासोको सम्बोधन गर्ने संयन्त्रको अभावमा सार्वजनिक प्रशासनलाई क्षयिकरण गर्ने, विकृडज्ञ नगौंलाउने, समाजमा धनी र गरिबबिचको असमानता अझ गहिरो हुँदै जाने जोखिम रहन्छ ।

## ७.२ मानव अधिकार तथा सामाजिक न्याय

### ७.२.१ पृष्ठभूमि

मानवियता, मानवहित र सामाजिक न्यायका निम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकताबारे ज्ञान हुनुपर्दछ । आधारभूत तहमा मौलिक हकको रुपमा नेपालको संविधानले प्रत्याभूत गरेका मानवअधिकार उपभोगको सुनिश्चितता गर्ने राज्य र राज्यद्वारा परिचालित राज्यका यन्त्रहरु ज्स्तै प्रशासन, प्रहरी र राज्यका संवैधानिक अंगहरु ज्स्तै न्यायालय, मानव अधिकार आयोग, स्थानीय न्यायिक समिति आदि हुन् । स्थानीय सरकारको प्रमुख दायित्व अन्तर्गत मानव अधिकार प्रत्याभूत गर्नु र सामाजिक न्याय कायम गर्नुपर्ने भएकाले स्थानीय विकास योजनाका यी विषयको सम्बोडज्ञ नगरिएको छ ।

### ७.२.२ समस्या तथा चुनौती

अशिक्षा, अज्ञानता र पछौटेपन लगायतका सामाजिक कु-संस्कार, गरिबी, दण्डहिनता, राजनीतिक र नागरिक चेतनाको अभाव, न्यायमा पहुँच लगायतका विषय मानव अधिकार तथा सामाजिक न्यायको स्थापना समस्या र चुनौतीका रुपमा रहेका छन् ।

### ७.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सामाजिक रुपले न्यायपूर्ण समाजको निर्माण |
| **लक्ष्य** |
| मानव अधिकार उल्लङ्घनका घटनाहरुमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु । |

### ७.२.४ रणनीति

१. मानव बेचविखन तथा शोषणका दृष्टिकोणले संवेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र सशक्तिकरण गर्ने ।

### ७.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | न्यायिक समिति र मेलमिलाप केन्द्र सञ्चालन तथा न्याय सम्पादन सुदृढीकरण कार्यक्रम | मानवता विरोधी घटनाको न्यूनीकरण | ०८२/८३ ०८२/८३ | ५०० | न्यायिक समिति र मेलमिलाप केन्द्र सञ्चालन तथा न्याय सम्पादन सुदृढीकरण कार्यक्रम सञ्चालन भएको हुने |
| २ | आत्मनिर्भर महिला समूह गठन | आर्थिक सशक्तिकरण | ०८२/८३ ०८३/८४ | ३०० | आत्मनिर्भर महिला समूह गठन भएको हुने |
| ३ | लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम | मानव अधिकारको संरक्षण | साल बसाली | २०० | लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम सञ्चान भएको हुने |
| ४ | गै.स.स. समन्वय डेस्क स्थापना तथा सञ्चालन | सुलभ र प्रभावकारी कानूनी सेवा | साल बसाली | १५० | गै.स.स. समन्वय डेस्क स्थापना तथा सञ्चालन भएको हुने |

### ७.२.६ जोखिम पक्ष तथा अनुमान

मानवअधिकारको अभावमा विकासको कुनै पनि उपलब्धिको मुल्य र महत्व रहदैन । सामाजिक वर्ग विभेद, जातीय व्यवस्था, लैङ्गिक असमानता, यौनिक र अल्पसंख्यक मानिसको पहिचानको अभाव, कानूनको व्यक्तिजनित व्याख्या र कार्यान्यवनले आधारभूत मानवअधिकारको उल्लङ्घन हुने जोखिम रहन्छ । विकास योजना निर्माण, नीति तथा कार्यक्रम तर्जुमा, लक्षित वर्ग कार्यक्रम कार्यान्वयन जस्ता आधारभूत पक्षमा सरोकारवाला पक्षको आवाज, प्रतिनिधित्व र पहिचानको सम्बोधन हुन सकेमा मात्र मानवअधिकारको संरक्षण हुन्छ ।

## ७.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

गाउँपालिकाले राजश्व प्रणालीमा कर नतिर्ने, कर वक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको एकीकृत विवरण राजस्व प्रणालीमा आबद्ध गरी त्यस्ता करदाताको लागि गाउँपालिका र मातहतका कार्यालयबाट सेवा सुविधा दिनु पूर्व अनिवार्य रुपमा बाँकी कर वक्यौता भुक्तानी गर्न लगाउने कार्यगत व्यवस्था कडाईका साथ लागू गर्ने लक्ष्य लिएको छ । कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ । यसका लागि वस्तुनिष्ठ र विश्वसनीय सूचना तथा तथ्याङ्क प्रणालीको आवश्यकता रहन्छ । अर्कोतर्फ राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम रहन्छ । यी पक्षहरुलाई ध्यानमा राखी तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थालाई सुदृढ गर्नुपर्ने भएकाले यो खण्ड तयार पारिएको छ ।

## ७.३.२ समस्या तथा चुनौती

सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाउन भरपर्दो तथ्याङ्क प्रणालीको आवश्यकता पर्दछ। विश्वसनीय तथ्याङ्क प्रणालीको विकासका लागि चाहिने नीतिगत, संस्थागत र मानवीय प्रबन्धका लागि पर्याप्त लगानी, राजश्वको क्षेत्र पहिचान, चुस्त र प्रविधिमा आधारित लेखा र लेखापरीक्षण प्रणाली, वित्तीय सुशासन कायम गर्नु यो क्षेत्रको समस्या र चुनौतीको रुपमा रहेका छन्।

## ७.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन

**लक्ष्य**

सूचना प्रविधिको महत्तम प्रयोगमार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्ने।

**उद्देश्यहरू**

स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउँदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु।

## ७.३.४ रणनीति

१. सुदृढ अभिलेख प्रणालीको विकास गर्ने।
२. आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने।

## ७.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आन्तरिक आयको सम्भाव्यता विश्लेषण तथा प्रक्षेपण | पारदर्शी आर्थिक प्रणाली | ०८२/८३-०८४/८५ | ४०० | आन्तरिक आयको सम्भाव्यता विश्लेषण तथा प्रक्षेपण भएको हुने |
| २ | करदाता शिक्षा कार्यक्रम | कर सम्बन्धी सचेतना वृद्धि | साल बसाली | २०० | करदाता शिक्षा कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | करदाता प्रोत्साहन कार्यक्रम | कर तिर्न प्रोत्साहन | ०८२/८३ ०८२/८३ | २५० | करदाता प्रोत्साहन कार्यक्रम सञ्चालन भएको हुने |
| ४ | राजश्व सुदृढीकरण कार्यक्रम | राजश्व सुधार कार्ययोजना कार्यान्वयन | साल बसाली | ३०० | राजश्व सुदृढीकरण कार्यक्रम सञ्चालन भएको हुने |
| ५ | आन्तरिक नियन्त्रण प्रणाली स्थापना र सुदृढीकरण | औपचारिक कारोबारलाई प्रोत्साहन | ०८२/८३ ०८४/८५ | ५०० | आन्तरिक नियन्त्रण प्रणाली स्थापना र सुदृढीकरण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अनुमानित अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसंवाद कार्यक्रम | विश्वसनीय सूचना तथा तथ्याङ्कको उत्पादन | साल बसाली | ३०० | अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसंवाद कार्यक्रम सञ्चालन भएको हुने |

## ७.३.६ जोखिम पक्ष तथा अनुमान

प्रमाणमा आधारित नीति निर्माण, आवश्यकतामा आधारित कार्यक्रम/आयोजना छनौट, लक्षित वर्गमा समन्यायिक लाभको वितरण, क्षमता विकास र सामाजिक आर्थिक सशक्तिकरणका लागि वस्तुगत र वैज्ञानिक तथ्याङ्कको आवश्यकता पर्दछ। त्यसैगरी सीमित स्रोतसाधनको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र कानून बमोजिमको प्रतिवेदन प्रणालीले सार्वजनिक स्रोतको पारदर्शीता, वित्तीय अनुशासन दर्शाउँछ। तसर्थ, तथ्याङ्कमा आधारित योजना प्रणाली र अनुशासित विनियोजन र खर्च प्रणाली अवलम्बन गरिएमा सार्वजनिक वित्त प्रणाली स्वस्थ बन्न सक्छ। तथ्याङ्क प्रणाली र स्वस्थ सार्वजनिक वित्त व्यवस्थापन निर्माणका लागि समयमा पर्याप्त लगानी गर्न नसकिएमा कुनै पनि उत्कृष्ट योजना/आयोजना कार्यान्वयन नहुने जोखिम रहन्छ।

**नतिजा सूचकहरु**

| क्र.सं. | सूचक | इकाई | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| १ | **संस्थागत विकास तथा शुसासन** | | | |
| | सेवा प्रवाहमा जनताको सन्तुष्टि | प्रतिशत | ७० | ९० |
| | सरोकारबाला एवं सहभागितात्मक ढंगबाट कार्यान्वयन भएका ऐनहरु | संख्या | ६१ | ९१ |
| | लक्षित वर्ग, सशक्तीकरण र क्षमता बिकास कार्यक्रमबाट लाभन्वित पिछडिएका तथा विपन्न वर्ग | प्रतिशत | ६० | ९५ |
| | लैङ्गिक उत्तरदायी बजेट विनियोजन | रु. | ० | ३५ |
| | उपभोक्ता समितिहरुबाट कार्यान्वयन आयोजना संख्या | प्रतिशत | ९० | ९० |
| | न्यायीक समितिबाट फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | ८० | ८० |
| | पालिकामा क्रियाशील गैसस, विकास साझेदार संस्था | संख्या | ६ | २० |
| | पालिकाले स्वीकृत गरेको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड | संख्या | ६१ | ९१ |
| | क्रियाशील नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा अनुगमन आदि) | संख्या | ९ | ९ |
| | नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति | संख्या | ० | ० |

| क.सं. | सूचक | इकाई | आधार वर्ष | अन्तिम बर्ष |
|---|---|---|---|---|
| | गरिएको | | | |
| | क्षतिपूर्ति सहितको नागरिक वडापत्र | संख्या | ११ | ११ |
| | सार्वजनिक सुनुवाई | संख्या | १ | ३ |
| | | | | |
| २ | **मानव अधिकार तथा सामाजिक न्याय** | | | |
| | सार्वजनिक परीक्षण | संख्या | १ | १ |
| | सामाजिक परीक्षण | संख्या | १२० | १५५ |
| | GESI परीक्षण | संख्या | १ | १ |
| | वहिर्रगमन अभिमत पत्र | संख्या | १ | |
| | सामाजिक मेलमिलापमा | संख्या | १ | |
| | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | १ | ३ |
| | हेल्पडेष्कबाट लाभान्वित सेवाग्राही | संख्या | ० | |
| ३ | **तथ्यांक व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन** | | | |
| | उपलब्ध अनलाइन सेवाका प्रकारहरु (निवेदन, सीफारिस, पञ्जीकरण....) | संख्या | १० | १० |
| | अनलाइन सेवाबाट लाभान्वित सेवाग्राही | संख्या | ५००० | ७००० |
| | पालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु | संख्या | ० | |
| | गुनासो सुनुवाईको फर्छ्यौट (मौखिक समेत) | संख्या | २५ | ० |
| | संगठन र विकास अध्ययन अनुसार वा आवश्यकता अनुसार परिपूर्ति गर्नुपर्ने कर्मचारी | संख्या | ३६ | ३६ |
| | एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | घण्टा | ०.३० | ०.१५ |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित पलिकाका पदाधिकारी, सदस्यहरु, कर्मचारी, गैसस, सरोकारबाला संघ संस्थाहरु | संख्या | १२० | १४० |
| | कार्यसम्पादन करार गरिएको तथा कार्यविवरण दिई सोही अनुसार कार्यसम्पादन गर्ने कर्मचारी संख्या | संख्या | २५ | ३५ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०८१*